. In Public Domain. Digitization by eGangotri.Funding: M

मर्यादा

अङ्क ४, वि. सं. २०५७

: प्रकाशक :

महेन्द्र-संस्कृत-विश्वविद्यालय

सुदूरपश्चिमाञ्चल शास्त्रानुसन्धान-परिषद्

शारदा-विद्यापीठ, महेन्द्रनगर (म.अ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

l Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding: M

मर्यादा २८९

मर्यादा

॥ अङ्क-४ ॥

संरक्षक

पद्मप्रसाद भट्टराई

(प्राचार्य, सहप्राध्यापक)

सम्पादक-मण्डल

भाउपन्थी

श्यामसुन्दर ढकाल

नारा जोशी

: प्रकाशक :

महेन्द्र-संस्कृत-विश्वविद्यालय

सुदूरपश्चिमाञ्चल शास्त्रानुसन्धान परिषद्

शारदा विद्यापीठ, महेन्द्रनगर (म.अ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

प्रकाशक :

महेन्द्र-संस्कृत-विश्वविद्यालय
सुदूरपश्चिमाञ्चल शास्त्रानुसन्धान परिषद्
शारदा विद्यापीठ, महेन्द्रनगर, म.अ.
फोन :०९९-२१०६१, ०९९-२२७२४

अङ्क ४,
वि.सं. २०५७

(यस पत्रिकामा प्रकाशित लेखहरूमा अभिव्यक्त विचारको पूर्ण उत्तरदायित्व सम्वद्ध लेखकमा निहित रहने छ– सम्पादकमण्डल)

आवरण-चित्र : झिलमिला ताल, कञ्चनपुर ।
फोटो : हिमाल फोटो स्टुडियो, महेन्द्रनगर ।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

उप-कुलपतिको कार्यालय
OFFICE OF THE VICE-CHANCELLOR

फोन नं ०८२-२९०१८
फ्याक्स नं ०८२-२९०१८

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय, बेलझुण्डी दाङ
In reply please refer to

Mahendra Sanskrit University
Central office
Beljhundi, Dang

पत्र संख्या -

चलानी नम्बर -

Date/मिति २०५६।१।२८

शुभ-कामना

सुदूर-पश्चिमाञ्चल-शास्त्रानुसन्धान-परिषद् शारदा विद्यापीठ महेन्द्रनगर-द्वारा मर्यादा पत्रिकाको प्रकाशन हुन लागेको सुन्दा अत्यन्तै खुशी लाग्यो ।

परम्परागत रूपमा चल्दै आएका धर्म-कर्म, सभ्यता-संस्कृति, सामाजिक रीति-स्थिति र साहित्य-कला-कौशल आदिको अध्ययन एवं अनुसन्धान गरी प्रकाशित गर्दै जाने उद्देश्यले पाँचै विकासक्षेत्रमा शास्त्रानुसन्धान-परिषद्को गठन गरी परिषद्कै माध्यमबाट मर्यादा पत्रिकाको प्रकाशन हुँदै आएको छ । नेपाल अधिराज्यमा विभिन्न जातजातिले मान्दै र व्यवहारमा प्रयोग गर्दै आएका कृत्यहरूलाई प्रकाशन गरी व्यापक रूपमा प्रचार-प्रसार गरिँदै आएको छ । यस्तो गहनतम उद्देश्य बोकेको परिषद्बाट प्रकाशित हुन गैरहेको 'मर्यादा'को यो अङ्क व्यक्ति, समाज, क्षेत्र र राष्ट्रप्रतिको मर्यादालाई कर्तव्यपरायण भई पालना गर्नुपर्दछ भन्ने भावना जागृत गराउँदै नैतिक आलोक फैलाउन सक्षम हुनेछ । साहित्य, कला र सङ्गीत त्यस्तो पुञ्ज हो जसले समसामयिक परिवेशलाई झल्काउँदै ज्ञानरूपी प्रकाश छरिरहेको हुन्छ । प्रकाश्यमान मर्यादाको यस अङ्कमा परम्परागत रूपमा चल्दै आएको सामाजिक र सांस्कृतिक पक्षका विविध सामग्रीलाई समावेश गरी रस र अलङ्कारले सुसज्जित साहित्यसुधाको पान गर्न लालायित पिपासुहरूको पिपासालाई पूर्ण गराउन सफल हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

अन्त्यमा, पत्रिकाका लागि लेख-रचनाहरू उपलब्ध गराई सहयोग गर्नुहुने लेखकहरूका साथै पत्रिका-प्रकाशनमा संलग्न सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

(प्रा.माधवराज गौतम)
उपकुलपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

शिक्षाध्यक्षको कार्यालय

OFFICE OF THE RECTOR

फोन नं. ०८२-२१०१८
२१०१९

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङ
In reply please refer to
पत्र संख्या :-
चलानी नम्बर :-

Mahendra Sanskrit University
Central office, Beljhundi Dang.
Date / दिनाङ्क ... २०५७; ... ...

शुभ-कामना

महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गत सुदूर-पश्चिमाञ्चल विकासक्षेत्रस्थित शारदा विद्यापीठ महेन्द्रनगरबाट मर्यादाको अङ्क ४ प्रकाशित हुन लागेकोमा खुशी लागेको छ ।

विविध जात-जातिका धर्म, संस्कृति, परम्परा, संस्कार, मूल्य र मान्यताहरूको नेपाल साझा फूलबारी हो । यहाँ पूर्वीय संस्कृतिको अगाध स्रोत रहेको छ । विश्वपरिवेशमा हाम्रो आफ्नै पहिचान र गौरव रहेको छ । हाम्रा शास्त्रीय मूल्य र मान्यताहरू, धार्मिक विशेषताहरू र हाम्रो पारम्परिक सांस्कृतिक संरचना विश्वकै एक गौरवगाथा हो । यी अमूल्य निधिहरूलाई उजागर गरी पूर्वीय संस्कृतिको महत्ता प्रदर्शन गर्नमा प्रस्तुत पत्रिकाले अवश्य पनि केही सहयोग पुऱ्याउनेछ भन्ने विश्वास राख्दै विद्वान् लेखक एवं सम्पादकहरूप्रति साधुवाद प्रकट गर्दछु ।

अन्त्यमा, पत्रिकाको निरन्तरता एवं त्यस क्षेत्रका सांस्कृतिक एवं धार्मिक, ऐतिहासिक आदि पक्षहरूलाई जनसमक्ष पुऱ्याउन यो पत्रिका सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

(प्रा. डा. बाबुराम शर्मा पोखेल)
शिक्षाध्यक्ष

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding:

कुलसचिवको कार्यालय
OFFICE OF THE REGISTRAR

फोन नं ०८२-२९०७१
फ्याक्स नं ०८२-२९०७८

महेन्द्र संस्कृत विश्वविद्यालय
केन्द्रीय कार्यालय, बेलझुण्डी दाङ

Mahendra Sanskrit University
Central office
Beljhundi, Dang

In reply please refer to

पत्र संख्या :- २८९

चलानी नम्बर :- ४१५३

Date/मिति २०५७।२।२३

शुभ-कामना

क्षेत्रीय शास्त्रानुसन्धान-परिषद् शारदा विद्यापीठ महेन्द्रनगरबाट मर्यादा पत्रिकाको प्रकाशन हुन लागेको सुन्दा ज्यादै खुशी लागेको छ ।

सुदूर-पश्चिमाञ्चल-शास्त्रानुसन्धान-परिषद्वाट प्रकाशित हुन लागेको मर्यादाले त्यस क्षेत्रमा प्रचलित धार्मिक, सांस्कृतिक र सामाजिक कृत्यहरूको वास्तविकतालाई उजागर गर्दै वर्तमान समयको चाहना र मानवीय मूल्य एवं मर्यादाको आकलन गरी समयोचित मार्ग निर्देश गर्न सफल बनोस् यही मेरो शुभकामना छ ।

अन्तमा, पत्रिकाको प्रकाशनमा लाग्नुभएका सम्पादक-मण्डल एवं पत्रिकाका लागि लेख-रचनाहरू उपलब्ध गराई सहयोग गर्नुहुने साहित्यकारहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

(प्रा.डा. भोजराज पन्त)
कुलसचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

फोन नं. ०९९-२१०५१

महेन्द्र-संस्कृत-विश्व-विद्यालय
शारदा विद्यापीठ

महेन्द्रनगर, कञ्चनपुर
महाकाली अञ्चल, नेपाल

मिति २०५८।२।२६

In reply please refer to
प. सं.:-
च. नं.:-

शुभ-कामना

सुदूर-पश्चिमाञ्चलक्षेत्रअन्तर्गत धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक, पौराणिक आदि दृष्टिले महत्त्वशाली अनेकानेक विषय हुँदाहुँदै पनि ती अनुसन्धानका अभावमा प्रकाशमा आउन नसकी उपेक्षित अवस्थामा रहेका देखिन्छन्। यसर्थ यस क्षेत्रका मठ-मन्दिर, ताल, रीति-रिवाज, रहन-सहन, मूल्य-मान्यता, संस्कार, लोकोक्ति आदिको वस्तुगत आधारमा अध्ययन-अनुसन्धान र अनुशीलन गरी तिनीहरूको जगेर्ना गर्दै राष्ट्रव्यापी प्रचार-प्रसार गर्ने महनीय उद्देश्यले महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गत देशका पाँचै विकासक्षेत्रमा क्षेत्रीय अनुसन्धान-परिषद्हरू गठन गरिएका हुन्। यसै सन्दर्भमा सुदूर पश्चिमाञ्चल शास्त्रानुसन्धान-परिषद् आफ्नो स्थापनाकालदेखि नै उक्त उद्देश्यप्राप्तिको बाटोमा मन्द गतिले भए पनि प्रयत्नशील छ। यही क्रममा अहिले विविध सामग्रीहरू लिएर यस क्षेत्रका कर्मठ तथा लगनशील अनुसन्धाता, समीक्षक, लेखक तथा सृजनात्मक साहित्यसाधकहरूका गहकिला र ज्ञानवर्द्धक लेख-रचनाहरूका साथ मर्यादा-अङ्क ४ प्रकाशित हुन लागेकोमा मलाई खुशी लागेको छ। यस पत्रिकामा साहित्यका साधक, विद्वान्-विदुषीहरूबाट प्राप्त महत्त्वपूर्ण लेख-रचनाहरू समावेश गर्दै प्रकाशित गर्ने समुचित प्रयास भएको अनुभूति मैले पाएको छु।

हाम्रो पौरस्त्य चिन्तन-परम्परा समृद्ध र गौरवशाली रहेको, त्यसमा पनि सुदूर-पश्चिमाञ्चल क्षेत्र आफ्नै विशेषता र मौलिकताले समृद्ध रहेको विषयमा कुनै वैमत्य छैन। अतः यस क्षेत्रका मूल्य-मान्यता, धर्म, लोकसंस्कृति, रीति-रिवाज, चाडपर्व, व्यक्तित्व आदिलाई प्रकाशित गर्दै देशका कुनाकुनासम्म यहाँका अमूल्य निधिहरूलाई आलोकित गर्न यो पत्रिका सफल होस् भन्ने मङ्गलमय शुभाभिव्यक्ति व्यक्त गर्दछु। साथै यसमा सहयोग गर्नुहुने विद्वान् लेखक, सम्पादकमण्डलका सदस्य महानुभावहरू लगायत प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैप्रति हृदयतः साधुवाद ज्ञापन गरी यसको उत्तरोत्तर समुन्नतिका लागि पुनः हार्दिक शुभ-कामना अभिव्यक्त गर्दछु।

(पद्मप्रसाद भट्टराई)
प्राचार्य

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: N

सम्पादकीय

महेन्द्र-संस्कृत-विश्वविद्यालय, सुदूर पश्चिमाञ्चल शास्त्रानुसन्धान-परिषद्,शारदा विद्यापीठद्वारा प्रकाशन हुँदै आइरहेको अनुसन्धानमूलक वार्षिक पत्रिका *मर्यादा*को यो चौथो अङ्क हो। मर्यादाको यो अङ्क यसपूर्वका तीन अङ्कको परिपूरक र त्यही क्रमको गति एक पाइला अगाडि सरेको सूचना दिने अङ्क पनि हो। यसरी प्रस्तुत अङ्क महेन्द्र-संस्कृत-विश्वविद्यालयअन्तर्गतका पाँचै विकासक्षेत्रमा रहेका शास्त्रानुसन्धान-परिषद्हरूले सम्वन्धित क्षेत्रका धार्मिक, सामाजिक, ऐतिहासिक एवं जातीय संस्कार, संस्कृति, प्रचलन-प्रथा, कला-कौशल, रीति-रिवाज र सृजनात्मक साहित्यको अनुसन्धान-लेखनलाई सीमितसाधन-स्रोतले भ्याएसम्म तर सयत्न प्रकाशमा ल्याउने निरन्तरतालाई सुदूर पश्चिमाञ्चल विकासक्षेत्रमा पनि कायमै राखिएको एक अर्को उदाहरण पनि हो।

आधुनिक समाजमा सामान्यत: धार्मिक-सांस्कृतिक विचलन तथा ह्रास आइरहेको विषयलाई लिएर वर्तमान समयमा चिन्ताका प्रखर स्वरहरू उठिरहेका छन्। यी चिन्ताहरूप्रति समाजका सबै वर्गले आआफ्नो मत प्रकट गरिरहेका भए पनि तिनको नियन्त्रण र समाधानको प्रभावकारी उपाय समाजभित्रैबाट आउनुपर्ने सत्यप्रति सबै सचेत रहेको पाइएन तर त्यसो हुनु अनिवार्य छ। विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालको सन्दर्भमा सांस्कृतिक अतिक्रमणहरू र धर्मपरिवर्तनका घटनाहरूले राष्ट्रिय र सामाजिक विघटनलाई बढी प्रोत्साहित गरिरहेका पनि छन्। यसमाथि वृहत् राष्ट्रिय हितका विनाशक र राष्ट्रिय एकतालाई विखण्डित गर्दै विघटनको मार्ग प्रशस्त तुल्याउने सङ्कीर्णतावादी क्षेत्रियता र आफूभन्दा भिन्न जात-जातिका प्रति अर्को जात-जातिको मनमा विद्वेष र पूर्वाग्रहपूर्ण दृष्टिकोणले शक्तिसञ्चय गर्दै प्रश्रय पाउन लागेको छ। राष्ट्रियताले परिपूर्ण मनोबलको जगमा नै राष्ट्रको अखण्डित अस्तित्व टिकेको हुन्छ। यसलाई निर्बल तुल्याएर चलखेल गर्न चाहने सबै कुतत्त्वप्रति आज जनमानस मात्र होइन प्रजातन्त्रको पुन: उदय भएपछि राष्ट्रिय जनजीवनमा परिवर्तनकारी भूमिका निर्वाह गर्ने राजनीतिक दल, संसद्-सांसद् र सबै संवैधानिक निकायहरू समेत सचेत रहनु अत्यन्त अनिवार्य भइसकेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

धर्म, समाज, इतिहास, पुरातत्त्व, कला-कौशल, भाषा-साहित्य र लोकसंस्कृति आदि क्षेत्रका विविध ज्ञानको विशालतालाई समेट्दै, प्रस्तुत गर्दै जाने आकाङ्क्षालाई मूर्त रूप दिने तथा यस क्षेत्रका विविध लोक एवं शास्त्रीय संस्कार-संस्कृति, प्रथा-प्रचलन आदि यावत् पक्षको अनुसन्धानलाई प्रेरित र प्रकाशन गर्ने लक्ष्यको प्राप्तिमा यस अङ्कले अलिकति पनि सार्थक भूमिका निर्वाह गर्न सकेमा हामी आफ्नो प्रयास निष्फल नभएको मान्नेछौं। उक्त लक्ष्यलाई उत्साहपूर्वक आगामी वर्षहरूमा प्रस्तुत हुने मर्यादाका अङ्कहरूले सङ्ग्रहणीय परिपूर्णता दिँदै जाने विश्वास हामीले लिएका छौं। यस्ता कार्य यस क्षेत्रका अनुसन्धाता, सर्जक र अन्वेषक बुद्धिजीवीहरूको जाँगरिलो सहयोगमा भर पर्ने विषय भएको र मर्यादा बाहेक अन्यत्र पनि ती कार्यहरूको प्रकाशन गरी सुदूर पश्चिमाञ्चलका सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा लोकसंस्कृतिका विभिन्न पक्षहरूलाई राष्ट्रिय परिदृश्यमा उपस्थित गर्न हामी विनम्र निवेदन गर्दछौं।

अन्त्यमा, अनेक कार्यव्यस्तताका मध्यमा पनि स्नेहपूर्वक शुभ-कामना प्रदान गरिदिनुहुने महेन्द्र-संस्कृत-विश्वविद्यालयका उपकुलपति प्राध्यापक माधवराज गौतमज्यू, शिक्षाध्यक्ष प्रा. डा. बाबुराम शर्मा पोखेलज्यू, कुलसचिव प्रा. डा. भोजराज पन्तज्यू तथा शारदा विद्यापीठका प्राचार्य पद्मप्रसाद भट्टराईज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यस्तै यस अङ्कका लागि लेख-रचना उपलब्ध गराउने आदरणीय अनुसन्धाता-लेखक महानुभावहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछौं।

प्रस्तुत अङ्कको यथोचित मूल्याङ्कन गर्ने क्रममा यसका उपलब्धि भएमा ती पनि र त्रुटि-कमीहरूलाई स्नेहपूर्वक औंल्याइदिने कार्य हामी विज्ञ पाठकका जिम्मा छोड्दछौं।

–सम्पादक–मण्डल

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding:

विषयक्रम

१.	नेपाली इतिहासको एक महान् कृति : अमरगढी किल्ला	–डा.देवीप्रसाद ओझा	१
२.	समकालीन राष्ट्रिय परिप्रेक्ष्यमा समाज, व्यक्ति र साहित्यको अन्तरसम्वन्ध	–भाउपन्थी	५
३.	विवाह-सन्दर्भ	–श्रीधर पन्त	१३
४.	गुरुङ जाति र गुरुङ संस्कृतिको संक्षिप्त परिचय	–रुद्र गुरुङ	२०
५.	महाकाली अञ्चलका साहित्यिक सङ्घ–संस्थाहरू	–श्यामसुन्दर ढकाल	२५
६.	हुड्केली : संक्षिप्त चर्चा	–वद्रीप्रसाद शर्मा'विनाडी'	३२
७.	संस्कृत-साहित्यका धुरन्धर विद्वान् पं. करुणाकर पनेरूको संस्मरण	–मोतीराम पनेरू	३७
८.	उग्रतारा भगवती	–तारा जोशी	४३
९.	कञ्चनपुरका ऐतिहासिक तालहरू	–वीरेन्द्र कर्ण	४८
१०.	सिद्धनाथ र बैजनाथ क्षेत्र	–वलराम चटौत	५२
११.	लेखक-परिचय	—	५५
१२.	शास्त्रानुसन्धान-परिषद्-परिवार	—	५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

नेपाली इतिहासको एक महान् कृति : अमरगढी किल्ला

डा.देवीप्रसाद ओझा

प्राचीन कालका राजनीतिज्ञ र राजनीति-दर्शनशास्त्रीहरूले राज्यलाई सुरक्षित, सुचारु तथा समृद्धशाली ढङ्गले सञ्चालन गर्नका लागि आवश्यक पर्ने सात अङ्गहरूलाई राज्य-व्यवस्थामा निर्धारण गर्ने गरेको पाइने गर्दछ। त्यति वेलाको राज्य-व्यवस्थामा राज्यको अभिन्न अङ्गको रूपमा सूचीवद्ध गरिएका यी अङ्गहरूमा स्वामी (राजा), अमात्य, जनपद, दुर्ग, कोष, दण्ड (सेना) तथा मित्र पर्ने गर्दथे। समष्टि रूपमा राज्यका यी सात अङ्गहरूको अभिन्न संयोगलाई नै पूर्ण राज्य भनिने परम्परा रहिआएको भए पनि यी सात अङ्गहरूमध्ये स्वामी (राजा) लाई राज्यको प्रमुख अङ्ग मान्ने प्रचलन रूपान्तरित रूपमा भए पनि आजसम्म मानिँदै आएको छ। त्यस कालका प्रसिद्ध राजनीतिज्ञ र विद्वान् व्यक्ति कौटिल्यले त राज्यसम्वन्धी आफनो धारणाहरूमा राजालाई नै राज्य भनी संवोधन गरी मान्यता दिएकाले पनि यो परम्परा कायम हुँदै आएको हुन सक्तछ। यसै ऐतिहासिक परम्परामा विकसित हुँदै आएको नेपालको हिन्दू राजतन्त्रात्मक राज्य-व्यवस्थामा राजाका मातहतमा रहने गरेका राज्यका अनिवार्य अन्य अङ्गहरूको सर्वोच्चता एकातिर जहाँ स्वीकार्य भइरहने तथ्य शताब्दियौँदेखि समान रूपले रहिरहेको देखिने गर्दछ भने अर्कोतर्फ राजाले राज्यको निर्माण विस्तार तथा सुर-क्षामा आफ्नो सफलताको श्रेय पनि यी सातै अङ्गहरूलाई दिने गरेको कुरा नेपालको इतिहासको एक विशेषता भएको देखिने गर्दछ। यस्तै ऐतिहासिक घटनाक्रम तथा सन्दर्भहरूले अगाडि बढाउँदै लगेको नेपालको इतिहासमा श्री ५ पृथ्वीनारायण शाहद्वारा सञ्चालित विजय-अभियानअन्तर्गत नेपालको एकीकरण-अभियानलाई नायब बहादुर शाहको नायबी कालमा अन्ततोगत्वा सफलता प्राप्त भई एक विशाल नेपालको स्थापना भएपछि वि.सं.१८६३ सम्म नेपालको सीमा पश्चिम किल्ला काँगडासम्म पुगेको गौरवशाली इतिहास निर्माण भएको थियो। यति वेलाको इतिहासका सम्पूर्ण घटनाक्रमहरूलाई नियाल्दा यस एकीकरण-अभियानमा राज्यका सात अङ्गहरूमध्ये दुर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

र सेनाको समुचित तथा प्रभावकारी उपयोग उच्च प्राथमिकताका साथ भएको हुँदा यस विजय-अभियानलाई सफलता प्राप्त गर्नमा त्यसको ठूलो मद्दत प्राप्त भएको कुरा प्रमाणित हुने गर्दछ। यसमा पनि त्यति वेलाको इतिहासको विशेषतालाई अझ वढी सूक्ष्म रूपले अध्ययन गर्ने हो भने सबभन्दा मुख्य कुरा त्यति वेला गोर्खाली सेनामा कार्य गरिरहेका सक्षम, योग्य, राजभक्त र राष्ट्रभक्त सेनापतिहरूले प्रदर्शन गर्ने गरेको कुशल नेतृत्व, योजना, बहादुरी तथा रणनीतिको प्रभाव यी सबै ऐतिहासिक घटनाक्रमहरूमा स्पष्ट रूपले परिलक्षित हुने गर्दछ। खास गरी युद्धकौशलमा निपुण मानिएका बमशाह, हस्तिदल शाह, कालु पाँडे, रणवीर खत्री, शत्रुदल शाही, कप्तान गोलैया खत्री, नमनसिंह थापा तथा अमरसिंह थापा जस्ता एकभन्दा अर्का योग्य गोर्खाली सेनाधिकारी तथा यिनको मातहत रहेको सेनाको रणकौशल, बहादुरी तथा युद्धका साधनहरूको सही समयमा सही उपयोग र पहिचान गर्ने क्षमताको प्रभावले गर्दा नै कुमाउँ, गढवालसम्म पनि पन्ध्र वर्षसम्म गोर्खाली शासन स्थापित तथा कायम रहन गएको कुरालाई इतिहासले क्दापि उपेक्षा गर्न सक्तैन। यसै क्रममा त्यस वेलाको इतिहासलाई सबभन्दा वढी प्रभावित पार्न सक्ने एक व्यक्तिको चयन गर्ने हो भने त्यो व्यक्ति कुशल प्रशासकको रूपमा ख्यातिप्राप्त सरदार अमरसिंह थापा नै हुन सक्ने कुरालाई पनि यहाँको इतिहासको अध्ययन गर्ने प्रत्येक व्यक्तिले एकमतले स्वीकार गर्न बाध्य हुने तथ्य पनि स्पष्ट भइसकेको देखिन्छ।

यसरी वि.सं. १८४७ को अक्षय तृतीयाका दिन अमरसिंह थापाले पश्चिमतिर प्रमुख र सवल राज्यमा गनिने गरिएको डोटी र अछाम राज्यको संयुक्त सेनालाई पराजित गरी गोर्खाली राज्यको सिमाना महाकाली नदीसम्म पुऱ्याएपछि यस सम्पूर्ण क्षेत्रको पहिलो प्रशासक पनि अमरसिंह थापा नै नियुक्त भएका थिए। एक प्रकारले त्यति वेला उनको नेतृत्वको कौशल, क्षमता र निर्णय पनि महत्त्वपूर्ण रहने गरेको हुँदा वि.सं. १८४७ पछि उनले क्षेत्रिय प्रशासकको रूपमा डडेल्धुरामा प्रमुख खलङ्गा (छाउनी) राखी कुमाउँ-गढवालसम्मको सैनिक र प्रशासनिक काम-कार्यवाहीहरूलाई अगाडि बढाउने गरेको तथ्यहरूले इतिहासलाई गतिशीलता प्रदान गर्ने गरेको पाइन्छ। तत्कालीन परिस्थितिअनुसार राज्यको सञ्चालन, विस्तार तथा सुरक्षाका लागि दुर्ग (किल्ला)हरूको पनि महत्त्वपूर्ण भूमिका रहेको कुरालाई अमरसिंह थापाले आफ्नो कार्यविधिमा देखाउने गरेको हुँदा उनले सर्वप्रथम डडेल्धुरामा वि.सं.१८४७ र १८५२ का बीच एक अभेद्य र सैनिक तथा प्रशासनिक दृष्टिकोणले पनि उपयोगी हुने किल्लाको निर्माण गरेका थिए। त्यति वेला उनले गोर्खालीहरूको राज्य-व्यवस्थाको नीतिअनुरूप निर्माण गरिने छाउनीहरूलाई पनि प्राय: पहाड-पर्वत-शृङ्खलाका रमणीय र सुरक्ष का दृष्टिकोणले पनि किल्लाहरूकै आकारका स्थानहरूको खोजी गरी खलङ्गा

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

छाउनीहरू बसालेको देखिने हुँदा गोर्खाली राज्य-व्यवस्थामा दुर्गको महत्त्वपूर्ण भूमिका रहेको कुरा स्पष्ट हुन आउँछ। यसको साथै आफूले गोर्खाली साम्राज्यका अङ्गको रूपमा विजय प्राप्त गरी समावेश गर्न सकेका कुमाउँ तथा गढवालतिरका भू-भागहरूमध्ये पछिसम्म स्थायी रूपले गोर्खाली शासन कायम राख्न सकेको कुमाउँ क्षेत्रलाई सुरक्षित र सुव्यवस्थित राख्नको लागि पनि अमरसिंह थापाको सैनिक टोलीले कुंमाउँको पिथौरागढ, मलाउँ र देवलथलमा समेत किल्लाहरूको निर्माण गरेका थिए। यी किल्लाहरूलाई युद्धको वेला आफ्नो विजय सुनिश्चित गर्न प्रयोग गर्ने गरिन्थ्यो भन्ने कुराको स्मरण यी किल्लाहरूलाई हेर्दा वारम्वार हुने गर्दथ्यो। पछिसम्म गोर्खालीका किल्लाहरूकी नाउँले संबोधित भई गोर्खाली सेनाको वीरतापूर्ण इतिहासलाई चिनाउने यी किल्लाहरूमध्ये पिथौरागढको किल्ला सन् १९६० सम्म अस्तित्वमा रहिरहेको थियो तर पछि भारतीयहरूले भत्काएर हो वा आफै भत्किएर हो त्यो किल्लाको अस्तित्व अहिले मेटिएको छ भने त्यतातिरका अरू किल्लाहरू पनि संरक्षण तथा राज्य-व्यवस्थाको उपेक्षाको शिकार भई भत्किएर जाँदै गर्ने प्रक्रियामा रहेको कुरा सुनिन्छ। देउथलको किल्लाको नजीक त वीर भक्ति थापाले वीरगति प्राप्त गरेको हुँदा तिनको समाधि त्यहाँ रहेको भए पनि त्यसको महत्त्व त्यहाँका बासिन्दाहरूको लागि केही पनि छैन। यसरी नै युद्धको वेला आफ्नो विजय सुनिश्चित गर्नका निमित्त आवश्यक पर्ने किल्लाहरू गोर्खालीहरूले निर्माण गर्दै रहने हुँदा कहाँ कति किल्लाहरू थिए वा छन् भन्ने कुरा शोधको विषय हुन सक्ने देखिन्छ। अमरसिंह थापाका पुत्र रणजोर थापाले पनि सिरमौर राज्यको राजधानी नाह्नमा वि.सं. १८६६ तिर एक किल्ला निर्माण गरेको कुरा ज्ञात हुन आएको छ। वीर बलभद्रले वि.स.१८७०तिर देहरादूनको नालापानीमा रहेको नालापानी दुर्गमा देखा परेको अद्वितीय वीरताको इतिहास पनि यस क्रमका दुर्ग-किल्लाहरूको सूचीमा पर्न जाने इतिहासको ज्वलन्त साक्षी रहेको छ। रामगढ, नालागढ र मलाउँका किल्लाहरू पनि गोर्खाली शौर्यगाथाका जीवित प्रमाणहरू रहिरहेकै छन्। यसरी गोर्खाली विजयअभियानको महिमामण्डित र अमूल्य ऐतिहासिक सम्पदाहरूको रूपमा रहेका यी सबै किल्लाहरूको विषयमा छुट्टाछुट्टै रूपले केही बढी विस्तृत स्थितिलाई जान्ने अवसर अहिलेसम्म नेपालीहरूलाई सहज रूपले कुनै साहित्यिक इतिहासले दिएको नदेखिए पनि त्यति वेलाको कालखण्डको पहिलो अमूल्य सम्पदाको रूपमा निर्माण भएको डडेल्धुराको सदरमुकामस्थित गोर्खाली किल्ला भने अहिलेसम्म सुरक्षित नै रहेकोलाई वर्तमान पुस्ताले अत्यधिक गौरवका साथ सम्झिने अवसर पाइरहनुलाई निश्चय नै एक सन्तोषको विषय मान्न सकिन्छ। यसलाई ज्ञात नेपाली इतिहासका निमित्त एक महत्त्वपूर्ण कडी पनि मान्नुपर्ने हुन आएको छ। हाल यसै किल्लाको नाउँबाट त्यहाँ अमरगढी नगरपालिकाको गठन हुनुलाई हामी इतिहासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

यसै शृङ्खलाको एक महत्त्वपूर्ण स्मरणीय पक्ष मान्न सक्छौं । महान् सेनानायक र प्रशासकको रूपमा नेपाली इतिहासले सम्मानका साथ सम्झिने गरेका अमरसिंह थापालाई त्यति वेलाको केन्द्रीय गोर्खाली शासनले अत्यधिक सम्मान दिई वि.सं. १८६८ साल चैत्र ३ गतेका दिन काजीको पदबाट विभूषित गरेको देखिने हुँदा पनि वर्तमानमा अमरसिंह थापाको सम्पूर्ण व्यक्तित्व, कृतित्व तथा शासनमा योगदानका बारे अधिक खोज गरी डडेल्धुराको किल्लाको ऐतिहासिक महत्त्व स्थापित गर्नु जरूरी देखिन आएको छ । अहिले यो किल्लामा पुराना हात-हतियार तथा भैरवको मूर्ति राखेर यसको सुरक्षाको पनि नियमित बन्दोवस्त भइरहने गरेको कुरालाई मुख्य सहायक तत्त्व र आधार मानी पर्यटकीय दृष्टिकोणले पनि ऐतिहासिक स्मारकको रूपमा यसलाई स्थापित गर्न पाए अझ राम्रो हुने देखिन्छ। यसको निर्माणकाल, निर्माणमा लागेको अवधि, निर्माणको आवश्यकता, उद्देश्य तथा निर्माणमा संलग्न व्यक्तिहरूको एक सानो परिचयात्मक प्रामाणिक इतिहास पनि बनाउने तथा यसको वरपरको क्षेत्रलाई पर्यटकीय स्थानको रूपमा उपयुक्त हुने किसिमले विकसित गर्ने योजनालाई स्थानीय श्रम, साधन र स्रोतले पनि भ्याउन सक्ने देखिने हुँदा यसमा प्रारम्भिक रूपरेखा बनाउने कार्यतर्फ स्थानीय तवरले हुने प्रयास तत्कालै थालनी हुनु जरूरी छ ।

□

म परमेश्वरबाट अलग पनि हुन चाहन्छु र बराबर मिल्न पनि चाहन्छु, नत्र खोज्नुको मोहनी र वियोगको मधुर रोदन र मिलनको तीव्र आनन्दविना जीवन खल्लो हुन्थ्यो र रुनुमा, हाँस्नुमा, च्याँठिनुमा, रिस देखाउनुमा छन्द र लय छैन म भन्न सक्तिनँ ।

—महाकवि लक्ष्मीप्रसाद देवकोटा

✻

जीवनमा सधैं प्रशंसा मात्रै पाएर मर्ने र निन्दा मात्रै पाउने व्यक्ति न अघि भएर गए, न अहिले छन्, न पछि नै हुनेछन् ।

—धम्मपद

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: N

समकालीन राष्ट्रिय परिप्रेक्ष्यमा व्यक्ति, समाज र साहित्यको अन्तरसम्बन्ध

भाउपन्थी

पूर्वीय साहित्यिक मान्यताअनुसार साहित्यले समाजका लागि दर्पणको दायित्व निर्वाह गर्दछ अर्थात् साहित्य समाजको दर्पण हो भनिन्छ। यस मान्यताप्रति विवाद छैन र यसले साहित्यप्रति रहेको पूर्वीय यथार्थवादी धारणालाई पनि व्यक्त गर्दछ। समाजका यथार्थप्रति संवेदनशील रहने सांस्कृतिक चेतनाको प्रतिनिधित्व साहित्यले गर्दछ। आधुनिक समयमा समाजको परिभाषाभित्र राजनीतिक र आर्थिक पक्षले पार्ने प्रभावहरूका परिणामको पनि समावेश गरिन्छ। तसर्थ समाज एउटा साँघुरो वृत्तको परिचायक मात्र रहेन।

साहित्य भाषाको प्रयोगद्वारा अभिव्यक्त हुने समाजको उच्चतम सौन्दर्यबोध र कला-संस्कारको प्रतिफल हो। यसका साथै साहित्य समाजकै यथार्थको अभिव्यक्ति पनि हो। तर आधुनिक सन्दर्भमा साहित्यको उपयोगिता त्यतिमा मात्र सीमित रहन गएको छैन। साहित्यले पनि अन्य दायित्वहरूप्रति सजग रहनुपर्ने र तिनको अभिव्यक्ति गर्नु काम्य भएको छ। यसो हुनाले साहित्य समाजको दर्पण हो भन्ने भनाइप्रति सहमति राखेरै कतिपय अवस्थामा साहित्य सौन्दर्यबोध, कला-संस्कार र यथार्थको अभिव्यक्तिको माध्यम मात्र हो कि अरू केही पनि हो भन्ने प्रश्नप्रति आजका साहित्यसर्जक र पाठकहरू उत्सुक हुने गर्दछन्।

त्यसै प्रश्नको अझ विस्तार गर्दै साहित्यको शाश्वतता नै दर्पणवादी यथार्थता हो कि साहित्यले समाजमा कुनै अर्को तर मूल्यनिर्धारक दायित्व निर्वाह पनि गर्दछ भन्ने विचार-मन्थनवादी जिज्ञासाहरू पनि उत्पन्न हुने गर्दछन्। साहित्यको स्वभाव आदिकालदेखि नै अभिव्यक्तिपरक हुनाले यसले मानिसको सरोकारमा आइपर्ने सबै समकालीन तत्त्वहरूको सामना गर्दछ र यसैले यो समाजको दर्पण भएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

त्यसभन्दा अझ बढी अर्थात् दर्पणको नदेखिने भागमा घटित भएका घटनाहरू र तिनको यथार्थको विवरण पनि प्रस्तुत गर्दछ र मानवसमुदायलाई तिनप्रति सचेत रहन सांस्कृतिक र वैचारिक चेतना पनि दिन्छ, त्यस कारण साहित्यको समाजमा मूल्यनिर्धारक दायित्व पनि छ भन्न सजिलै सकिन्छ । यस क्रममा वर्तमानमा एक्काइसौं शताब्दीमा प्रवेश गरेको समाजका बदलिंदा यथार्थहरूको सन्दर्भमा समकालीन साहित्यको कस्तो भूमिका छ भन्ने प्रश्नलाई विवेचना गरिहेर्नु अझ गम्भीरतापूर्ण रूपले आवश्यक भएको छ। समग्र विश्वसाहित्यको सन्दर्भमा भन्दा यी प्रश्नहरूको विवेच्य स्थल समकालीन नेपाली साहित्यलाई बनाउँदा कसैलाई आपत्ति होओइन ।

एक्काइसौं शताब्दी भन्नाले गतिशील र परिवर्तनशील समयले उपस्थित गर्ने समाजका नयाँ यथार्थहरूलाई पनि इङ्गित गरिएको हुन्छ। आजको मान्छेक्षण-प्रतिक्षण बदलिरहने जीवनशैलीको विपरीत पर्ने विगत भइसकेको नितान्त गतिहीन र रूढिग्रस्त समाजको जीवनपद्धतिमा बाँधिएर रहन सक्दैन । यसको उदाहरण हामीले विश्वका दुई महायुद्धका कारण विध्वस्त भएका पुराना मानवीय मूल्यहरू र विश्व-व्यवस्थाले प्रत्येक मानव-समाजलाई प्रत्यक्षत: पारेको प्रभावलाई आकलन गर्दा थाहा पाइन्छ। यसै प्रभावले विश्वमा सांस्कृतिक परिवर्तनहरू पनि ल्यायो र विश्वको बन्धुतालाई विश्वग्राममा परिवर्तित गर्ने आधार पनि दियो, त्यो आधार आर्थिक र राजनीतिक रहे पनि त्यसैको गतिशीलतामा मान्छेले विश्वप्रति नयाँ र सजग संवेदनशीलता पाएको पनि हो ।

त्यही विश्वका मानवहरूको एकापसको वैचारिक र सांस्कृतिक आदान-प्रदानप्रति कार्यशील चेतनाले साहित्यलाई पनि अप्रभावित छोडेन । मानव-समाजमा वैचारिक र सांस्कृतिक परिवर्तनहरूप्रति सबैभन्दा पहिले संवेदनशील रहेर ती परिवर्तनहरूप्रति अभिव्यक्तिशील रहने माध्यम साहित्य नै हो । यी संवेदनशीलता र अभिव्यक्तिशीलताले नै साहित्यका अनेक आयामिक परिवर्तनहरू तिनै दुई विश्वयुद्धपछि रूपायित भए। साहित्यलेखन विश्वघटनाहरूप्रति उदासीन रहेर सीमित र असंलग्न लेखनमा मात्र कुँजिएन। यसले विश्व-मानव-समुदायका जीवनलाई प्रभावित गर्ने सबै पक्षलाई औपन्यासिक स्तरमा चिरफार गरेर हेर्ने गाधिक क्षमताको विकास गऱ्यो । विश्वका मानव-समाजलाई आफ्ना हक-अधिकारप्रति सचेत रहने र वैचारिक परिवर्तनद्वारा लोककल्याणकारी राज्यसत्ताको स्थापनासम्मको दायित्वपूर्ण भूमिका साहित्यले निर्वाह गरेको छ ।

ती दुई विश्वयुद्धका कारण विश्वमा देखा परेका वैज्ञानिक आविष्कार र बीसौं शताब्दीको उत्तरार्द्धमा भएका सञ्चारको विकास, विद्युतीय दृश्यमाध्यमको

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: M

उपग्रहीय प्रसारणक्षमता, जैविक संरचनाको रहस्यभेदन, जीवन-रचना र जीवन-रक्षाका चिकित्सकीय सफलता, विश्वग्रामको धारणा, इन्टरनेट र अन्य कम्प्युटरीय उपलब्धिहरू, खुला बजारको आर्थिक यथार्थले मानव-समुदायलाई एकै प्रकारको चिन्तन र विचारप्रणालीतिर डोऱ्यायो । विश्वका नवोदित यी शक्तिका प्रभावले समाज र व्यक्तिको पारस्परिकतालाई कसिलो पार्ने आधारभूत नवीन मूल्य-मान्यताहरू स्थापित हुनुका साथै ती वैज्ञानिक सुविधाहरू किन्न सकिने आर्थिक स्रोततिर मानव-समुदाय बढी लागेको पाइन्छ। व्यक्तिको समाजवादी चिन्तन र नैतिकताको बोधलाई पर सारेर वैयक्तिक आस्तित्विक चिन्तन र व्यक्तिगत महत्त्वाकाङ्क्षाको प्राप्तिप्रति बढी सचेष्ट रहने युगको दुष्प्रभाव पनि बढेको छ ।

यस अवस्थामा व्यक्तिको कला र साहित्यबोध पनि एक प्रकारले कुण्ठित हुन पुगेको छ । यस शताब्दीमा मानिस आधुनिक आविष्कारहरूले दिएको सुविधाहरू उपभोग गर्ने हतारमा छ। साहित्यको उपेक्षा हुन जानुमा पनि यस कारणलाई एक मुख्य कारक मान्न सकिन्छ । विश्वमा आधुनिकताको प्रवेश भएको समयको परिपक्वताको दृष्टिले पनि अहिलेको समयलाई आधुनिकताको उत्तरकाल अथवा उत्तर-आधुनिक समय भनिन लागेको छ । आधुनिक कालका आविष्कार र तिनका उपलब्धिहरूले आक्रान्त आजको मानव-समुदाय विश्वको बजार-व्यवस्थाअनुकूल हुने नयाँ उत्तर-आधुनिक जीवनदृष्टिको अन्वेषण र निर्धारणमा लागेको छ । यस परिप्रेक्ष्यमा साहित्यको भूमिका पनि व्यक्तिको त्यही अन्वेषणको लेखन अथवा त्यसप्रति समाज र व्यक्तिमा रहनुपर्ने वा रहेको सांस्कृतिक संवेदनाको लेखनको चिन्तामा छ। तर नेपाली साहित्यको सन्दर्भमा समकालीन जीवनमा साहित्यको घट्दो सांस्कृतिक प्रभावका विषयमा नेपाली साहित्यकारहरूबाटै चिन्तन-मनन नहुनु चिन्तनीय छ ।

विश्व आज एउटा समान जीवनपद्धतिमा बाँच्न बाध्य छ । विश्वका भिन्न भिन्न जातीय समाज ज-जसका आ-आफ्ना नैतिक मूल्य र मान्यता, संस्कृति थिए ती आधुनिक जीवन र समाजबाट सन्दर्भच्युत हुँदै एकपछि अर्को गर्दै क्रमशः भत्कँदै छन्। पुराना सामाजिक मर्यादाहरू आर्थिक चापका कारणले विघटित हुँदै नयाँ तर व्यक्तिवादिताका पोषक मर्यादाहरू पुनः पुनः निर्धारित हुँदै छन् । यो वैयक्तिक स्वतन्त्रताको चेतना समर्थनयोग्य भए पनि सामाजिक स्तरमा व्यक्तिका भावना र संवेदनशीलता सङ्कुचित भएका छन्। आधुनिक मान्यताहरू बढी आर्थिक उपलब्धिप्रति प्रोत्साहित गर्ने प्रकारका छन् र यिनी एकातिर व्यक्तिको मूल्य-प्रतिष्ठालाई सचेत गराउन सक्षम छन् भने अर्कोतिर यिनमा सामाजिक दायित्वप्रति जागरूक गर्ने तत्त्व र दृष्टिकोणको अभावले यिनले समाजलाई अधिकतम सीमासम्म व्यक्तिवादितातिर उन्मुख गराएका छन् । आधुनिक चिन्तनमा भिजेको व्यक्ति व्यक्तिगत पहिचान र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

स्वतन्त्रताप्रति अत्यन्त सजग छ। समाजको एकाई मानिने व्यक्तिको यो आचरण र जीवनदृष्टिले उसमा सामाजिकताको वोध क्षय हुँदो छ। व्यक्ति-व्यक्तिको सामूहिक क्षमताभन्दा एकल व्यक्तिको वैयक्तिक विशेषज्ञतायुक्त क्षमताको उपयोग गरेर वजारमा स्थापित हुने तथा आधुनिक उपभोगवादी मानसिकताको निर्माणमा प्रमुखतम भूमिका खेल्ने आर्थिक शक्तिहरूका प्रलोभनका कारणले व्यक्ति वैयक्तिक उपलब्धि र सरसुविधाप्रति वढी सजग रहनुका साथै सामाजिक दायित्वप्रति उपेक्षाशील पनि छ।

यस प्रकांरको उपभोग नै जीवन हो भन्ने रुचिमा आधारित समाजंको चापमा साहित्यको स्वरूप र प्रवृत्ति कस्तो भएर जान सक्छ भन्ने स्वाभाविक प्रश्न उठ्दछ। वीचमा एउटा प्रसङ्ग के पनि छ भने, विश्वको राजनीतिक मानचित्रमा तेस्रो विश्व मानिने अधिकांश समाजवादी देशहरूमा पनि प्रजातन्त्रको उदयले भिन्न-भिन्न अर्थ-राजनीतिक विचारधाराले क्रमशः प्रकट हुन पाए। यिनको प्रतिपाद्य विषय व्यक्तिको योग्यता नै व्यक्तिको श्रम हो र त्यस श्रमकै आर्थिक उपलब्धिको तुलनीयतामा उसले सुविधापूर्ण जीवनयापन गर्न पाउनुपर्छ भन्ने स्थापनाले समाजवादी विचारधारामा निहित रहने सामूहिक्ताको हितसाधनमा लगाइने सामूहिक क्षमताको विकासप्रति आधुनिकोत्तर कालका सरकार र सत्ता उदासीन रहन थाल्यो। प्रजातन्त्रतिर लागेका तेस्रो विश्वका अधिकांश देशमा यदाकदा प्रगतिवादी भनिने साहित्यिक धाराले एउटा विचारधाराको पक्षधर भएर साहित्य र जनमानसलाई एउटै राजनीतिक उद्देश्यमा आवद्ध गर्न चाहे पनि त्यसको प्रभावकारिता प्रगतिशील साहित्यभित्र रहने एक प्रकारको चिन्तनगत रूढिबद्धता र पुनरावृत्तिले गर्दा एक सीमाभन्दा अगाडि वढ्न नदिएको पाइन्छ। नेपाली साहित्यको वर्तमान लेखनमा यो प्रगतिशील धारा सशक्त प्रतीत भए पनि यसले त्यस्तो राजनीतिक मान्यता नराख्ने जनसमुदायलाई वैचारिक स्तरमा पूर्णतः प्रभावित गर्न सफल भएको छैन भन्न सकिन्छ।

यस तारतम्यमा साहित्यतिर व्यक्तिको रुचि उसको वैयक्तिक आवश्यक्ता र उसको जीवनदृष्टिले निर्धारित गर्नु तर्कसम्मत हुन आयो। तर यसो भए पनि आजको व्यक्ति असाहित्यिक मात्र होइन साहित्यको प्रभाववाट मुक्त पनि छ र साहित्यको लागि व्यक्तिसँग यस युगमा समयको नितान्त अभाव समेत छ। हाम्रै समाजमा पनि वि.सं २०४० सम्म साहित्यलाई अध्ययन गरेर त्यसको स्तर निर्धारण गरिदिने समालोचनासाहित्य लेखिने गर्थ्यो। त्यसरी लेखिएका समालोचनाले समाजमा साहित्यको प्रतिष्ठा वढ्ने र साहित्यप्रति एक प्रकारको सामूहिक सांस्कृतिक जागरूकतालाई नवीकरण गर्दै निरन्तरता दिइराख्दथ्यो। साथै त्यसले साहित्यप्रति

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: N

सामाजिक र सांस्कृतिक विवेचनालाई तीक्ष्ण पनि पार्दथ्यो । यसरी यताको समयमा समालोचनाको कमीले साहित्यप्रति रहने त्यो सांस्कृतिक जागरूकता कम भएर गएको छ भन्न सकिन्छ तर त्यसो मात्र होइन । साहित्यका दाँजामा समाजमा मनोरञ्जन र सूचनाका अन्य माध्यमहरूको सुलभता बढेर जानुले पनि साहित्यको पुरानो प्रतिष्ठा र व्यापकतामा कमी आएको छ ।

व्यक्ति र साहित्य वा समाज र साहित्य अथवा समाज, व्यक्ति र साहित्यको अर्न्तसम्वन्धको विवेचना नै आजको साहित्यको परिचय र भूमिकाको अन्वेषण हुन जाने निर्विवाद छ । साहित्य मानवजातिको प्राचीनतम सांस्कृतिक क्रिया पनि हो र यो' भावनात्मक स्तरमा भाषाभन्दा पनि अझ बढी प्रभावकारी हुने गर्छ । त्यस कारण साहित्यको सम्वन्ध मानवजाति र प्रकारान्तरले समाजसँग अभिन्न भए पनि त्यस सम्वन्धमा रहँदै आएको पहिलेको सघनता समकालीन अर्थात् उत्तरआधुनिक कालमा आएर टुट्ने हदसम्म पनि पुगेको पाइन्छ ।

यसो भनिहालिए पनि समकालीन जीवनमा साहित्यको भूमिका कस्तो रहेको छ र कस्तो हुनुपर्छ भन्ने विषय उपेक्षणीय भएर जाँदैन । समाज र व्यक्तिको अन्तर्सम्वन्धमा ठूलै अन्तर आइहाले पनि र साहित्यको विकल्प प्रतीत हुने विद्युतीय दृश्य-माध्यम र सूचनाको प्रवाह बढिहाले पनि अन्ततः व्यक्ति र समाजका बीच भावना र विचारको ओसारपसार गर्ने भाषिक माध्यम भने साहित्य नै रहनेछ । यो स्थापना साहित्यका लागि घोर आशावादी भएर भनिएको होइन । यति हो, समकालीन विद्युतीय दृश्य-माध्यमहरूको प्रचुर सुलभताले साहित्यलाई र साहित्यको भावकपक्षलाई कुण्ठित गरे पनि व्यक्ति र समाजको सांस्कृतिक तृष्णाका लागि साहित्य र कला नै तृप्तिदायक स्रोत हुने सुनिश्चित छ । यस बाहेक भाषाको उपयोगिता समाप्त नभएसम्म साहित्यको अस्तित्व खतरामा पर्न सक्दैन । समाज वा व्यक्तिका लागि भाषाको उपयोगिता समाप्त हुने र साहित्यको अस्तित्व लोप हुने अवस्थाको कल्पना निकै हास्यास्पद लाग्न पनि सक्छ तर भाषाको प्रयोगका लागि साहित्य मात्र अकुण्ठित क्षेत्र रहेन । यताको शताव्दीमा सामाजिक, राजनीतिक र शैक्षिक आवश्यकताहरू बदलिएअनुसार समकालीन जीवनले पनि तिनको अनुकूल पर्ने भाषिक क्षमता विकसित गरेको छ । यसरी साहित्यको भाषा र जीवनलाई प्रभावित गर्ने अन्य तत्त्वहरूको चाप व्यक्त गर्ने दैनिक भाषामा ठूलो अन्तर पैदा भइसकेको छ । यस प्रकार साहित्यिक भाषाको समझ कम हुँदै आएको छ र साहित्यको पठनरुचि पनि नितान्त न्यून भइसकेको अवस्थामा साहित्यले नै व्यक्ति र समाजमा केही नवीनता ल्याउन सक्छ अथवा साहित्यका नवीन प्रवृत्तिहरूप्रति समाज र व्यक्ति जागरूक रहनु जरूरी छ भन्न नसकिने भएको छ ।

पहिले शिक्षामा शिक्षणको कुनै पनि माध्यम-भाषा साहित्यको मूलद्वार भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

आउने गर्दथ्यो तर यति वेला शिक्षाको क्षेत्र साहित्यको पठनरुचि जगाउनमाभन्दा जीवनका नैतिक मूल्य, सांस्कृतिक चेतना र सौन्दर्यबोधको सट्टा आर्थिक आवश्यक्तालाई पूरा गर्नका लागि प्रमाणपत्र प्राप्त गर्ने साधन भएर गएको छ । यो समकालीन शिक्षाको बाध्यता पनि हो । तदनन्तर साहित्यको कारणले प्राप्त हुने सामाजिक प्रतिष्ठा पनि समकालीन समाजमा शून्यप्राय: नै भएको छ । एक समय नेपाली साहित्यमा नाम हुंनु भनेको समाजमा पनि सम्मानित हुनु हुन्थ्यो । प्रजातन्त्रको पुनर्प्राप्तिपछि नेपाली समाजका अनेक वर्ग, तह र निकायहरूमा परिवर्तनका लक्षणहरू अनुभव गरिए पनि साहित्यको सम्मान वा साहित्यलेखनका अवसरहरूको उपलब्धता वढेर जाने आशा गरिएभन्दा विपरीत साहित्यको उपेक्षा बढेर गएको पाइन्छ । समाजमा राजनीतिक र सत्ताको दुरुपयोगद्वारा उत्पन्न नवधनाढच वर्गको मान-प्रतिष्ठा वढेर गएको छ । समाज र व्यक्तिका नैतिकताका आधार र मूल्य-मान्यताहरू परिवर्तनका लागि उन्मुख नभएर आर्थिक दुराचारप्रति प्रेरित छन् । नेपाली जनजीवनमा आदर्शयोग्य वा प्रेरणादायक नायक र चारित्रिक उच्चता शून्यप्राय: नै छ । जनजीवन एकातिर आहत छ भने अर्कोतिर त्यस आहत भावनालाई केही मात्रामा भए पनि आश्वस्त पार्ने कुनै भविष्य देखा परिरहेको पाईंदैन । समाज विघटनकारी क्षेत्रियता र जातीय पहिचानमा बढी रम्ने गरेको छ । सङ्गठनका आधारहरू व्यापक जनसमुदायको हितका लागि नभएर ससानो भाषिक हितका लागि वा जात र क्षेत्रका लागि हुने गरेको छ ।

साहित्यको स्वभाव दर्पणवादी हुन्छ भने माथि भनिएका विकृतिहरूको यथार्थहरू नै साहित्यमा प्रतिबिम्बित हुनुपर्ने हो तर समकालीन साहित्यले ती विकृतिहरूको यथार्थ स्वरूप प्रतिविम्बित गर्ने जागरूकता पनि देखाएको छैन । साहित्य दलगत राजनीतिका विचारधाराहरू र तिनको प्रचारमा सहायक हुने लेखनमा व्यस्त हुन पुगेको छ । मान्छेका मौलिक अधिकारमध्ये अभिव्यक्ति-स्वतन्त्रता पनि एउटा हो तर यसको उपयोगिता सत्यका पक्षमा सधैं अडिग भएर रहनुमा मात्र सार्थक हुन्छ । दलगत सत्यहरूको राजनीतिक उपयोगिता मात्र हुन्छ, तिनका पक्षमा लागेर लेखन गर्नेले तत्काल राजनीतिक लाभ प्राप्त गरेर आर्थिक सम्पन्नता एवं सत्ताबाट सम्मान पनि पाउन सक्दछ र त्यस्तो सम्मान, आर्थिक लाभ र सत्ताले प्रदान गर्ने सुविधाका कारण ती दलका भ्रष्टाचार र विकृतिहरू अभिव्यक्त गर्न पछि हट्ने साहित्यकारले व्यापक मानवीय हितका सन्दर्भमा निर्भीक भएर सत्यको अभिव्यक्ति गर्न सक्छ भनेर भन्न कदापि सकिन्न । समकालीन नेपाली साहित्यको एउटा ठूलै पक्ष यस किसिमको क्षयकारी राजनीतिक प्रभावमा परेर नपुंसक भएको छ ।

यसरी साहित्यको प्रभावकारिताप्रति आशङ्कित हुने ठाउँ छ भने साहित्यको

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: N

आन्तरिक नैतिकताले र मूल्य-मान्यताको चेतनाले सचेत गराउने वास्तविक साहित्यको अनुपात समकालीन साहित्यिक परिदृश्यमा कम छ । यसका साथै माथि उल्लेख भइसकेको प्रगतिशील विचारधाराको साहित्य भनेर चिनिने लेखनको पनि आफ्नै विसङ्गति छ । त्यस्तो लेखनले मानवलाई शोषणबाट मुक्तिको प्रेरणा दिन्छ भनेर बरोबर भन्ने गरिए पनि मानव-समुदायको मुक्ति एक भिन्न किसिमको राज्य-सत्तास्थापनामा गएर टुङ्गिने र त्यसै सत्ताका विरोधाभासहरूमा मानवीय चेतना अवरुद्ध हुन पुग्दा त्यो लेखनको धारा निष्क्रिय हुन जाने तितो सत्य पनि स्मरणीय छ । साहित्यको आन्तरिक नैतिकता र मूल्य-मान्यता सधैँ अमानवीयता, अनाचार, अत्याचार, शोषण, भय र हिंसाका विरुद्धमा खडा हुने प्रकृतिको हुन्छ । साथै साहित्यले मानवीय सौन्दर्यबोधलाई जागरूक गराएर मानवतावादी भावनाको प्रसार गर्दछ र मानवीय कोमलतालाई भाषाले रचनामा उतार्दछ, यथार्थको चित्रण गरेर त्यसको आन्तरिक विसङ्गति र विकृति प्रकट गर्दछ । तर साहित्य कुनै वाद र चिन्तनलाई अन्तिम सत्य भनेर त्यसको चरणदास भएको पाइएको छैन ।

समकालीन नेपाली साहित्यमा यस दृष्टिकोणको अभावले गर्दा नै लेखनको धार कुण्ठित छ तर त्यस्तो दृष्टिकोणले लेखिएको साहित्यको प्रभावप्रति यति वेला नेपाली समाज ग्रहणशील छैन । अहिले निश्चय पनि नेपाली समाज र जनमानस सङ्क्रमण कालमा छ र यो समय धेरै सन्दर्भहरू यथा राष्ट्रियता, व्यवस्था, चरित्र, नैतिकता, मूल्य-मान्यता र जीवनशैलीमा द्वैध चरित्रवादी पनि छ । समाजमा साहित्यले प्रदान गर्ने भाषिक तृप्ति ठूल्ठूला र ससाना दैनिक र साप्ताहिक पत्र-पत्रिकाले दिँदै छन् । राजनीतिक नेताहरूबीच हुने सत्ता-सङ्घर्षका घटनाहरू महाभारतकालीन सत्ता-सङ्घर्षभन्दा कम रोचक छैनन् । जीवनलाई आर्थिक अभावले तातो पानी खन्याइएको कुकुरलाई झैं पछि फर्केर हेर्न नमिल्ने गरी कुदाएको कुदायै छ ।

यस प्रकारको नेपाली समाजको नियतिप्रति साहित्यको यथार्थ यस अवस्थामा अझ परिपक्व र संवेदनशील भएर यिनको अभिव्यक्तिमा लाग्नुपर्ने त हो तर यथार्थको प्रस्तुतिले जीवनलाई अझ कुण्ठित र तितो पारिदिने भयले हो कि वा साहित्यले पनि राजनीतिक मान्यता पाएमा नै धन्य हुने विचारले हो आजको सन्दर्भमा साहित्यको विद्रोही र स्वतन्त्र स्वर दबेको पनि छ, यसै कारण समाजले साहित्यको उपयोगितालाई अमान्य गरेको जस्तो अनुभव गरिन लागेको छ ।

समकालीन सन्दर्भमा व्यक्ति, समाज र साहित्यको अन्तर्सम्बन्ध अत्यन्त क्षीण र रेखाङ्कित गर्न नसकिने गरी धमिलिएको छ । व्यक्ति समाजको अधीनमा छैन र व्यक्तिको आर्थिक चापले सृजना गरेको विवशताजन्य अराजक प्रवृत्तिको क्रीडास्थल भएको समाज तथा तिनका प्रति असंवेदनशील भएर बसेको साहित्य एक प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

एकअर्काप्रति उपेक्षाको मुद्रामा छन्। साहित्य होस् वा समाज, व्यक्ति होस् कि समुदाय आज राजनीतिक सफलता पाएपछि ओइरिने आर्थिक लाभ र सुविधाहरूको अपरिमितता र प्रतिष्ठाप्रति नै प्रलुब्ध छ। यी तीनै तत्त्वको अन्तर्सम्बन्ध एकअर्काप्रति उपेक्षाभावको रहे पनि यी तीनैको आराध्य र प्राप्य भने राजनीतिक सत्ताको कृपा नै रहेको छ र यस अवस्थामा सृजनशील साहित्यको स्रोत क्षीण हुनु नै साहित्यको नियति हो तर साहित्यको मूलस्रोत र शक्तिले पुनः व्यक्ति र समाजलाई आफ्नो यथार्थ र नियतिप्रति कुनै दिन सचेत र संवेदनशील बनाउला भनेर आशावान् भइराख्नु साहित्यप्रति अतिरिक्त दायित्व थोपरेको हुनेछैन।

□

कस्लाई खुब् तीर्थ भनेर मान्नू ?
जुन् शुद्ध मन् हो उहि तीर्थ जान्नू
सारा जगत् जित्छ अवश्य कस्ले ?
अभ्यास् गरी मन्कन जित्छ जस्ले ।

– आदिकवि भानुभक्त आचार्य

❋

जति जो चाहिन्थ्यो जठर-हरिको खातिर उति
लिये, खाये पुग्थ्यो, मुफत किन त्यो सञ्चय अति ।
त्यसैले गर्दामा कति गरिबको भाग हरियो
विधाताको खाताउपर सब त्यो पाप दरियो ॥

– कविशिरोमणि लेखनाथ पौड्याल

❋

मित्र कमाउनु छ भने अरूलाई आफूभन्दा अघि जान देऊ र शत्रु कमाउनु छ भने अरूभन्दा अघि जाऊ ।

– कोल्टन

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding

विवाह-सन्दर्भ

श्रीधर पन्त

हाम्रो वैदिक संस्कृतिमा षोडश-संस्कारको महत्त्वपूर्ण स्थान छ । संस्कारविना जीवन निरर्थक हुने हुँदा मनीषीहरूले त्यसमा विशेष ध्यान दिएका छन् । षोडश-संस्कारको उल्लेख व्यासस्मृतिमा यस प्रकार गरिएको छ–

गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च ।
नामक्रिया निष्क्रमणोऽन्नप्राशनं वपनक्रिया ॥
कर्णवेधो व्रतादेशो वेदारम्भः क्रियाविधिः ।
केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ॥
त्रेताग्निसंग्रहश्चेति संस्काराः षोडशः स्मृताः।

–व्यासस्मृतिः ।

अर्थात्–१. गर्भाधान, २. पुंसवन, ३. सीमन्तोन्नयन, ४. जातकर्म, ५.नामकरण, ६. निष्क्रमण, ७. अन्नप्राशन, ८. केशान्त (चूडाकर्म), ९. वपनक्रिया (चौल-संस्कार), १०. कर्णवेध, ११. उपनयन, १२. वेदारम्भ, १३. समावर्तन, १४. विवाह, १५. चतुर्थी कर्म, १६. अन्त्येष्टिकर्म ।

उल्लिखित संस्कारहरूमध्ये विवाहसंस्कार अत्यन्त महत्त्वपूर्ण संस्कार हो । पतिपत्नीद्वयको यो स्नेहसिक्त पवित्र बन्धन हर्ष र उमङ्गले भरिएको हुन्छ । सह-जीवनयात्राको सुरम्य पथलाई आलोकित गर्ने यो नौलो किरण हो । अपरिमित स्नेह र सौख्यको आस्वादले पूर्ण यो नौलो जीवनमधु हो ।

विवाह शब्दको व्युत्पत्तिलभ्य अर्थ व्याकरणशास्त्रअनुसार यसरी प्रतिपादित गरिएको छ–

'वहनं वाहः', 'विशिष्टो वाहो विवाहः' अर्थात् जुन पद्धतिद्वारा गृहस्थाश्रमको कार्यभार पतिपत्नीबाट वहन गरिन्छ त्यो हो विवाह (संस्कार) । विवाहको अर्को पर्यायवाची शब्द छ– 'पाणिग्रहण-संस्कार ।' कन्यादान गर्ने वेलामा कन्यापिताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

सङ्कल्पपूर्वक दिएको कन्याको अङ्गुष्ठ (बूढीऔंलो) वरले ग्रहण गर्ने हुनाले र विवाह-मण्डपमा विवाहहोमको वेला विनियोगपूर्वक वरले वधू (बेहुली)को पाणिग्रहण वेदोक्त मन्त्रपूर्वक गर्ने हुनाले यसको नाम पाणिग्रहण-संस्कार रहेको हो ।

विवाह-संस्कार आनन्द प्रदान गर्ने माङ्गलिक कर्म हो । संसार-यात्राका दुई सहयात्री सहकर्मी भएर पतिपत्नीको रूपमा एकसाथ मिलेर संसारको मङ्गलमय यात्रा गर्दछन् । वृहज्ज्योतिषसारले विवाहको महत्त्व यस प्रकार प्रतिपादन गरेको छ–

विहङ्गम पक्षद्वयेन भूषितः
उड्डीयते व्योम्नि सुखेच्छया यथा ।
तथा गृहस्थस्य गृहस्य शोभा
प्रजापते यत्र द्वयोऽतिशोभते ॥

–वृहज्ज्योतिषसार विवाहप्रकरण श्लो. सं. १

अर्थात्– जसरी पक्षी (चरा) दुवै पखेटाले विभूषित भएर सुखप्राप्तिका लागि आकाशमा उड्न समर्थ हुन्छ, एकै पखेटाले उड्न सम्भव हुँदैन, त्यस्तै गृहस्थको अत्यन्त शोभा पति-पत्नी दुवैद्वारा सम्भव हुन्छ ।

पत्नीलाई अर्को शब्दमा अर्धाङ्गिनी भन्ने प्रचलन पनि छ, किनकि विवाह नहुन्जेलसम्म व्यक्ति अपूर्ण र अर्धाङ्ग मात्रै रहन्छ, विवाह गरिसकेपछि पूर्णाङ्ग हुन्छ । त्यसैको महत्त्व बृहज्ज्योतिषसारले यसरी बताएको छ–

स्त्रीपुंसो मेलनं चात्र द्विजदेवाग्निसन्निधौ ।
विवाह इति विख्यातः हीनाङ्गपरिपूर्तये ॥

–वृहज्ज्योतिषसार, श्लो.सं.२

अर्थात्– देवता, अग्नि र ब्राह्मणको सान्निध्यमा हीनाङ्गको परिपूर्ति गर्न (पूर्णाङ्ग प्राप्त गर्न) जुन संस्कार गरिन्छ त्यो नै हो विवाह-संस्कार ।

मनुस्मृतिकारले आठ प्रकारका विवाहको उल्लेख गरेका छन्–

ब्राह्मोदैवस्तथैवार्षः प्राजापत्यस्तथाऽऽसुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ॥

१. ब्राह्मविवाह, २. दैव, ३. आर्ष, ४. प्राजापत्य, ५. आसुर, ६. गान्धर्व, ७. राक्षस, ८. पैशाच यी आठ प्रकारका विवाह हुन्छन् । उक्त विवाहमध्ये पैशाच विवाह सवैभन्दा अधम हो । यिनै आठ प्रकारका विवाहहरूको विवरण यस प्रकार छ–

१. ब्राह्म (ब्रह्म) विवाहको लक्षण :

आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम् ।
आहूय दानं कन्याया ब्राह्मो धर्म प्रकीर्तितः॥

–मनुस्मृति ३।२७

pal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: N

वेदविद्यासम्पन्न सच्चरित्र वरलाई स्वयं निमन्त्रणा गरेर (बोलाएर), वस्त्र-अलङ्कार (आभूषण)ले विभूषित गरेर आसन, अर्घ्य, आचमन, मधुपर्क र गन्धाक्षतादिले वरको अर्चना गरेर शास्त्रोक्त विधि-विधानपूर्वक जुन कन्यादान गरिन्छ, त्यो हो धार्मिक ब्राह्म-विवाह ।

२. दैवविवाहको लक्षण :

यज्ञेतु वितते सम्यगृत्विजे कर्मकुर्वते ।
अलङ्कृत्य सुतादानं दैवं धर्मं प्रचक्षते ॥ –मनुस्मृति ३।२८

यज्ञ सम्पन्न गरेर वैदिक-कर्मशील ऋत्विक् वरलाई, अलङ्कारले अलङ्कृत गरेर जुन कन्यादान गरिन्छ त्यसलाई धर्मयुक्त दैवविवाह भनिन्छ ।

३. आर्षविवाह-लक्षण :

एकं गोमिथुनं द्वे वा वरादादाय धर्मतः ।
कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते ॥ –मनुस्मृति ३।२९

अर्थात्– गाईको एक वा दुई जोडालाई धर्मपूर्वक वरबाट लिएर विधिवत् गरेको कन्यादान आर्षविवाह कहिन्छ ।

४. प्राजापत्य-विवाह-लक्षण :

सहोभौ चरतां धर्ममिति वाचानुभाष्य च ।
कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधिः स्मृतः ॥ –मनुस्मृति ३।३०

वरलाई विधिवत् अर्चना गरेर 'दुवै कन्या र वर साथमा धर्माचरण गर' यस्तो वाक्य उच्चारण गर्नुका साथ कन्यादान गर्ने विधिलाई प्राजापत्य विवाह भन्दछन् ।

५. आसुरविवाह-लक्षण :

ज्ञातिभ्यो द्रविणं दत्त्वा कन्यायै चैव शक्तितः ।
कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते ॥ –मनुस्मृति ३।३१

कन्या र कन्याका भाइ-बन्धुहरूलाई शक्तिअनुसार धन दिएर स्वतन्त्रतापूर्वक (मनपरीले) गरेको विवाहलाई आसुर विवाह भन्दछन् ।

६. गान्धर्व-विवाह-लक्षण :

इच्छयाऽन्योऽन्य संयोगः कन्यायाश्च वरस्य च ।
गान्धर्वः सः तु विज्ञेयो मैथुन्यः कामसम्भवः ॥ –मनुस्मृति ३।३२

युवती कन्या र युवा वर दुवै कामवासनाले पीडित भईकन शारीरिक सम्पर्क समेत भई दुवैको इच्छानुसार स्थापित सम्बन्धलाई गान्धर्व विवाह भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

७. राक्षस-विवाह-लक्षण :

हृत्वा छित्त्वा च भित्त्वा च क्रोशन्तीं रुदतीं गृहात् ।
प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते ॥ –मनुस्मृति ३।३३

कन्यालाई खोसेर अपहरण गरेर, भेदन गरेर रोइ-कराइराखेकी कन्यालाई कन्या-पिताको घरबाट वा अन्यत्रबाट वलपूर्वक लगी विवाह गर्नुलाई राक्षस विवांह भन्दछन् ।

८. पैशाच-विवाह-लक्षण :

सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति ।
स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः ॥ –मनुस्मृति ३।३४

कन्यालाई सुतेका वेला नशालु पदार्थ सेवन गरी गराई मदमत्त भएका वेला वा प्रमत्त पागल जस्तै भएका वेला एकान्तमा गुप्त सम्पर्क स्थापित गरेर गरेको विवाह पैशाच नामक अधम विवाह कहलाउँछ ।

यस प्रकार विवाहका प्रकारहरू उल्लेख गरिसकेपछि, विवाहको प्रारम्भमा के के गर्नुपर्छ त्यसको चर्चा प्रस्तुत गरिन्छ ।

दैवज्ञं पूजयेदादौ दक्षिणा श्रीफलादिभिः ।
विज्ञाप्य जन्मपत्रं हि पृच्छेदुद्वाहकं तयोः ॥

–वृहज्ज्योतिषसार श्लोक सं.४

अर्थात्– सर्वप्रथम नरिवल आदि फल र द्रव्यादिसहित लिएर ज्योतिषीकहाँ गई सम्मानपूर्वक वर-कन्याको जन्मपत्रिका हेर्न लगाई वर-कन्याको विवाह-लग्न निश्चय गर्नुपर्दछ । विवाहका लागि निम्नलिखित नक्षत्रहरू शुभ हुन्छन्–

मूलं चैव करस्वाती मघापौष्ण ध्रुवेन्दवैः ।
एतैर्निर्दोषभैस्त्रीणां विवाहः शुभदः स्मृतः ॥

–वृहज्ज्योतिषसार, *विवाहप्रकरण,* श्लोक सं.८५

अर्थात्– मूल नक्षत्र अनुराधा, हस्ता, स्वाती, मघा, पौष्ण (रेवती) र तीन उत्तरा-समेतमा विवाह गर्नु शुभ हुन्छ ।

विवाह सम्पन्न गर्नका निमित्त निम्न निर्दिष्ट महिनाहरू शुभ हुन्छन्–

१. वैशाख, २. ज्येष्ठ, ३. आषाढ, ४. मार्गशीर्ष, ५. माघ र ६. फागुन ।

मिथुनकुम्भमृगालिवृषाजगे
मिथुनगेऽपि रवौ त्रिलवे शुचेः ।
अलिमृगाजगते करपीडनं
भवति कार्तिकपौषमधुष्वपि ॥

–मुहूर्तचिन्तामणि (२०२४ को संस्करण)
पृष्ठ ८४, श्लो.सं.१३

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

अर्थात्– वृश्चिक राशिको सूर्य भएमा कार्तिकमा समेत विवाह हुन्छ । भन्नुको तात्पर्य– चान्द्रमानले कार्तिक महिना भए पनि सौरमानले मार्गशीर्ष महिना भएमा पनि विवाह हुन्छ । यस्तै मेषको सूर्य भएमा चैत्रमा पनि विवाह हुन्छ । मकरको सूर्य भएमा पौषमा पनि विवाह हुन्छ ।

विवाह गर्नुभन्दा पहिले कन्या र वर दुवैको जन्मपत्रिका जुराउनु पर्दछ । सर्वप्रथम नाडीदोष हेर्नुपर्दछ । नाडीदोष भएमा कन्या र वरको विवाह हुँदैन । वैधव्ययोग, कुलटायोग, विवाहभङ्गयोग, बालविधवायोग आदि भएमा विवाह हुँदैन । यसका साथै गणविचार, दुष्टकूटपरिहारादि गर्नु वाञ्छनीय हुन्छ । साथसाथै नक्षत्र, योग र लग्नको विचार गर्नुपर्दछ ।

वर-कन्याको चिना जुराइसकेपछि ज्योतिषीले विवाहलग्नको मुहूर्त निश्चित गर्दछन् । विवाह हुनुभन्दा एकदुई दिनअघि वरपक्षीय केही व्यक्तिहरू ब्राह्मणसहित भएर माङ्गलिक वस्तु फल-मिष्टान्नादि साथमा लिएर कन्यापक्षतिर प्रस्थान गर्दछन् । यो विधिलाई भत्करु/भत्खरु (भात खान जानु) भन्दछन् । विवाहको मण्डप विधिविधानअनुसार सुसज्जित गरी तयार पारेर घरको भित्री भित्तामा शिव-पार्वतीको मूर्तिको प्रतीक 'ज्योति' लेख्दछन् । ज्योति लेख्ने काम पति-पुत्रवती नारीले चामलको पीठोले गर्दछन् । अनि सर्वारम्भ कार्य प्रारम्भ हुन्छ । यस कार्यलाई 'ताई लगाउनु' भन्दछन् । दूबो, जौका अङ्कुर, आँपका कलिला पात, दुई किसिमका हर्दी (वेसार) र सर्स्यूँ, मयूरका प्वाँख र सर्पको काँचुली यी सबै मिलाएर पाँच वटा पोटलिका (हातमा बाँध्ने कङ्कण) बनाएर रक्षाविधानोक्त प्रकारले उक्त पोटलिकाहरूलाई अभिमन्त्रित गरी पोटली बनाएर वर वा कन्याको हातमा एउटा, वर–कन्याका आमाका बायाँ हातमा एउटा, एउटा पोटली चुलोमा, एउटा कराहीमा, एउटा लौहशलाकामा बाँध्दछन् । त्यसै (ताई गर्ने) वेला वर-कन्याका लुगाहरूलाई त्यहाँ राखेर पूजा गर्दछन् । यसपछि स्वस्तिवाचन, गणेशपूजा, षोडशमातृकापूजा, नान्दीश्राद्ध, पुण्याहवाचन, कलशपूजा र ग्रहपूजा गर्दछन् । यी सबै पूर्वाङ्गका काम सिद्धिएपछि कन्याको विवाह भए गौरीहरको पूजा र इन्द्राणीपूजा, कन्याको सर्वसमृद्धिका लागि कन्याको हातबाट गराउँदछन् । अनि पुरी, सोहालिका आदि घृतपक्वान्न तयार गर्दछन् । यसपछि वर-पक्षीय व्यक्तिहरूले दही, फल र उखु आदि माङ्गलिक पदार्थले सुसज्जित भएको दैशाक (दैश्पाक) तयार पारी एक जना पुरोहितको हातमा दिएर वरयात्रा प्रारम्भ गर्छन् ।

यसपछि कन्यापिताको घरको प्राङ्गण (आँगन)मा बनाएको मण्डपमा साँझपख धूल्यर्घविधि र वाग्दानविधि सम्पन्न हुन्छ । धूल्यर्घविधि गर्दा कन्यापिता उत्तरमुख गरेर बस्दछन्, वर पूर्वाभिमुख गरेर बस्दछन् । यसपछि आचार्य र वरको पाद्य, अर्घ्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

आचमनादिद्वारा अर्चना गरिन्छ। अर्चना गर्दा अष्टाङ्गअर्घ्य आचार्य र वरलाई दिइसकेपछि वरणसामग्री हातमा लिएर सर्वप्रथम आचार्य र त्यसपछि वरलाई वरणसामग्री दिइन्छ । अनि कन्यापिताले दासी आदिद्वारा वा स्वयंले नै महानीराजन (आरती) गर्दछन् । यस प्रकार यो वाग्दान-धूल्यर्घविधि सम्पन्न हुन्छ ।

वर र जन्तीहरूले केही घडी विश्राम, भोजनादि गरिसकेपछि विवाहकार्य (कन्यादान) प्रारम्भ हुन्छ । सर्वप्रथम आसन, पाद्य, अर्घ्य र आचमनपूर्वक मधुपर्क विधिद्वारा वरको अर्चना गरिन्छ। दही, मह र घिउसहित वरको अर्चना गर्ने विधिलाई मधुपर्कविधि भन्दछन्। यसपछि गौरालम्भनविधि गरिन्छ। कलियुगमा गौ+आलम्भन गर्नु निषिद्ध भएकोले कुशतरुणको गाईको प्रतीक बनाएर विसर्जन गर्ने चलन छ। त्यसपछि वरकन्याले वस्त्रधारण गर्दछन्। यसपछि कन्यापक्षीय ब्राह्मण र वरपक्षीय ब्राह्मणबाट गोत्रोच्चार प्रारम्भ हुन्छ। तत्पश्चात् छोलिकाभरण प्रारम्भ हुन्छ। यस कार्यमा फल, मिष्टान्न, वस्त्र र आभूषण (गहना) राखेर पति-पुत्रवती नारीको हातबाट कन्यालाई वरले दिने प्रचलन छ। साथै कन्याले पनि वरलाई फल-वस्त्रादि दिन्छिन् । तत्पश्चात् लग्नदान गरेर सङ्कल्पपूर्वक कन्यापिताले वरलाई कन्या सुम्पिदिन्छन्। यसपछि द्रव्य (रुपियाँ), सुपारी, फल, ससौँ, काँचो हर्दी र अक्षता आदि माङ्गलिक वस्तु अञ्चलग्रन्थि गर्ने वस्त्रमा राखेर यज्ञोपवीत (जनैले) बाँधेर त्यस अञ्चलग्रन्थिलाई कलशको मुखमा राखेर त्यसको प्रतिष्ठा (पूजा) गरिन्छ। भूयसीदक्षिणापश्चात् कन्याको निष्क्रमणविधि सम्पन्न हुन्छ । अर्थात् कन्यालाई घरभित्रको विवाहस्थलबाट बाहिरको विवाहमण्डपस्थलमा ल्याइन्छ।

विवाहमण्डपमा आइसकेपछि वरले वधू (बेहुली)लाई आफ्नो दायाँतिर राखेर बस्तछ । अनि अग्निपूजनपूर्वक विवाहहोम प्रारम्भ हुन्छ । १. राष्ट्रभृद्होम, २. जयहोम, ३. अभ्यातानहोम र यसपछि बेहुलीबाट लाजाहोम अर्थात् धानको लावाको होम हुन्छ। यसका साथै विनियोगपूर्वक बेहुलाले बेहुलीको अङ्गुष्ठसहित हातलाई चार वैदिक मन्त्र पढेर ग्रहण गर्दछ (समात्दछ)। तत्पश्चात् अग्निको उत्तरतिर राखेका ढुङ्गामा वरले वधूको दायाँ खुट्टालाई आफ्नो दायाँ हातले वैदिक मन्त्रपूर्वक राख्दछ, अनि शिरमा हात राख्दछ, अनि वर-वधू दुवै अग्निको परिक्रमा गर्दछन् । शास्त्रीय परिपाटीअनुसार घिउमा मुछेका सेता सात बत्तीहरू बालेर र चामलमाथि राखेर वरले वधूलाई उत्तर दिशातिर सप्तपद (सात पाइला) प्रस्थान गराउने काम गर्दछ। त्यसपछि छ वटा बत्तीहरू क्रमशः निभाएर, सातौं बत्ती बलेकै राखिन्छ । अनि दिउँसो बिहा भएको भए सूर्य हेर्ने काम हुन्छ, रातिको विवाहमा हुँदैन । तत्पश्चात् वरले वधूको हृदय स्पर्श गर्दछ । त्यसपछि औंलाले बेहुलीको सिउँदोमा सिंदूर दान गर्ने (सिंदूर हाल्ने) काम हुन्छ। सिंदूर दान गर्ने बेला वधू

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: N

वरको बायाँपट्टि बस्दछिन् । यसपछि वर स्वयंले वा अरू कुनै वलियो व्यक्तिद्वारा वेहुलीलाई रातो कम्वलमा बसाउँछन् । यसपछि वेहुलीले वेहुलाको खुट्टा धुने चलन छ । वर-वधूले एकापसमा दही र गुड प्राशन गर्दछन्, तिलक र अक्षता लगाउँछन्। रातिको विवाह भए कन्यालाई उत्तर दिशातिर ध्रुव देखाउँछन् । यसका साथै विवाह सम्पन्न हुन्छ ।

यसपछि चतुर्थीकर्म प्रारम्भ हुन्छ । यद्यपि चतुर्थीकर्म चार दिनपछि हुनुपर्ने हो तापनि चार दिनपछि गर्न सम्भव नहुने हुँदा विवाह भएको राति वा दिउँसो गर्ने चलन छ । चतुर्थीकर्म गर्दा वधू (वेहुली) वर (वेहुला) को वायाँतिर बस्दछिन् । प्रधान-सङ्कल्पपूर्वक गणेशादि पूजन गरेर चतुर्थीकर्म प्रारम्भ हुन्छ । अनि वेदीमां अग्निस्थापन र अग्निपूजन गरेर होम प्रारम्भ हुन्छ । भूरादि नवाहूति होमपछि स्विष्टकृत् होम गरिन्छ । अनि संस्रवप्राशन, पूर्णपात्रदान गरिसकेर वधूलाई स्थालीपाकप्राशन गराइन्छ । तत्पश्चात् वरले वधूलाई हृदयालम्भन (हृदयस्पर्श) गर्दछ । यसपछि वर र वधूले अग्निको तीन पटक परिक्रमा गरिसकेपछि वरले वधूको केशविन्यास गर्दछ (रौं कोर्दछ) अनि सिउँदोमा सिंदूर दान गर्दछ । अनि द्वारमातृका र जीवमातृकाको पूजा गरिसकेपछि जलमातृकाको पूजा हुन्छ । वेहुलीसहित जन्ती फिर्ता भएर वरको द्वारमा पुगिसकेपछि वरको आमा-भाउजुहरूले सेली ढाल्दछन् अर्थात् वर-वधूको आरती गर्दछन्। वेहुलीलाई भित्र्याइसकेपछि ठूलो परातको कुंडेलोमा चामल र रुपियाँ राखेर वेहुलीलाई भंडार (भराड) देखाउँछन् । यसपछि वरका दिदी-वहिनीले ढोका छेक्ने कार्य (देलिदान) गर्दछन् । वर र वधूले दक्षिणा दिएपछि वाटो छाडिदिन्छन् र द्विरागमन कार्य सम्पन्न हुन्छ। यस कार्यलाई स्थानीय भाषामा 'देली पल्टो' भन्दछन् । कतिपय स्थानमा गृहप्रवेशपछि सासू-बुहारीले मानापाथी भर्ने, चुल्ठो जोर्ने आदि चलन पनि छ । यसका साथै वैवाहिक कर्म पूर्ण हुन्छ ।

□

निकृष्ट व्यक्तिले वाधाविरोधवाट डराएर कुनै काम आरम्भै गर्दैन, मध्यम प्रकृतिको व्यक्तिले काम त आरम्भ गर्छ तर वाधाविरोध आउनासाथ छोडिदिन्छ, त्यसका विपरीत उत्तम व्यक्तिले भने एक पल्ट काम आरम्भ गरेपछि सयौं वाधाविरोध सामना गरेर पनि काम समाप्त गरेरै छोड्छन् ।

–भर्तृहरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

गुरुङ जाति र गुरुङ संस्कृतिको संक्षिप्त परिचय

रुद्र गुरुङ

विविध जाति, जनजाति, धर्म, भाषा र संस्कृति भएको सुन्दर शान्त देश नेपाल हो अथवा अनेकतामा एकता भएको देश। यस देशमा बस्ने सबै जनजाति आदिवासीमा समझदारी छ, सद्भावना छ अनि अगाध मायाप्रेम पनि छ। यस्तै यस्तै यस देशमा भएका जनजातिमध्ये गुरुङ जाति पनि यस देशको महत्त्वपूर्ण स्थान राख्ने जाति हो। सयौं वर्षअघि नेपालको पश्चिम-उत्तरी भेगका ससाना राज्यमा राज्य गर्ने गुरुङ जाति पृथ्वीनारायण शाह, जङ्गबहादुर राणाका सैनिकमा समेत युद्धकौशल देखाएका हालसम्म पनि युद्धवीरका उपनामले परिचित यस जातिका विषयमा देश-विदेशका लेखकहरूले कलम चलाई आएका छन्। अन्तर्राष्ट्रिय आदिवासी वर्ष १९९४ का अवसरमा युनेस्कोले विश्वभरिका जम्मा १५ आदिवासी जातिका विषयमा लेख प्रकाशन गरेकोमा नेपालका गुरुङ जातिको विषयमा पनि लेखिएको छ।

वि.स. २०४८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्यामध्ये २.४३ प्रतिशत अथवा लगभग दुई लाख गुरुङ जाति नेपालमा छन् भने सिक्किम, भूटान, भारतका केही स्थानहरूमा समेत यो जाति बस्दछ। नेपालमा १.२ प्रतिशत गुरुङ भाषा बोल्ने गुरुङ छन् भने नेपालकै पूर्व, सुदूर पश्चिम तथा विदेशमा बस्ने गुरुङहरू आफ्नो भाषा बोल्न मात्र नजान्ने हैन अन्य परम्पराहरू समेत प्राय: बिर्सिसकेका छन्। गहुँगोरो वर्ण, होचो कद, पातलो कपाल, थेप्चो नाक, वाटुलो अनुहार, पातलो दाह्री-जुँगा (हाल केही फरक देखिएका) भएका ४ र १६ जातमा वर्गीकृत भएका गुरुङ जातिको मौलिक पोशाक पेटी-भोटो, इस्टकोट, टोपी, पटुका पुरुषको हो भने महिलाको गुन्यु, चोलो, घलेक र मजेत्रो हो तर हाल अन्य पोशाकहरूको चलन बढेको छ।

गुरुङ जातिको उत्पत्ति कसरी भयो, यो जाति कहाँबाट आयो भन्ने विषयमा विभिन्न लेखक तथा अनुसन्धानकर्ताहरूका विभिन्न मत छन्। यी दुवै कुरा अझै पनि खो: का विषय नै रहेका छन्। जुनसुकै जातिका पुर्ख्यौलीको अनुसन्धान गर्ने हालसम्म

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

प्रचलित आधार हुन्– १. पुरातात्त्विक वस्तुहरू (Archeological Material), २. भाषा (Language), ३. मानवाकृति (Anthropological Feature), ४. संस्कृति (Culture) आदि । यिनै कुराहरूका आधारमा स्थापित खास दुई वटा मतहरूका विषयमा निम्नअनुसार संक्षिप्त उल्लेख गरिन्छ ।

लेखक डिल्लीजङ्ग गुरुङको गुरुङवंशको परिचय नामक कितावका अनुसार 'मङ्गोलवंशको गुरुङ जाति हजारौँ वर्षपहिले तिव्वतको भूमिबाट नेपालको भूमि लार्कभोट, मुस्ताङ, मनाङ, केराङभोटमा आएर वसेका हुन् । यिनीहरूको धर्म बोन धर्म थियो । यस क्षेत्रमा आएपछि यिनीहरूले पशुपालन र शिकारी जीवन निर्वाह गर्दथे अनि बौद्ध धर्म मान्न थाले । यसरी गुरुङहरू तिव्वतबाट आउँदा केवल भाषा, भेष, धर्म लिएर आएका थिए तर उनीहरूको मौलिक लिपि भने थिएन र हाल पनि छैन । तिव्वती भाषाको पनि लिपि छैठौँ शताब्दीमा मात्र जन्म भएको थियो । केवल अग्रज र बौद्ध गुरुहरूबाट मौखिक रूपले धर्म, संस्कृति र परम्पराले निरन्तरता पाएको देखिन्छ । बिस्तारै बिस्तारै गण्डकी प्रदेशका लमजुङ, लिगलिगकोट, मनाङ, गोर्खा, मुस्ताङका ससाना राज्यहरूमा घले, लामा (गुरुङ प्रजाति)हरूले राज्य गर्न थाले । धेरै वर्षपछि ठकुरीहरूको कूटनीतिका सामु केही नचलेर ठकुरी राजाहरूकै विश्वासिला सैनिक भएर रहन थाले ।'

बालनरसिंह गुरुङले लेखेको 'पहिला हामी गुरुङ अनि वल्ल वौद्धिष्ट' भन्ने शीर्षक ('रोधी', वर्ष ३, अङ्क ५) को लेखअनुसार गुरुङ जातिको उत्पत्तिका वारेमा यसरी लेखिएको छ– 'गुरुङ जातिको पवित्र महाग्रन्थ केर्लोका अनुसार गुरुङ जातिको मूलवंश अन्यत्र कतैबाट नआई हिमालको काख 'सफुंति' भन्ने स्थानमा उत्पत्ति भएको हो । गुरुङ जातिका ९ महागुरु त्यस स्थानमा प्रगट भै अर्थ, धर्म, राजनीति-विज्ञान र सामाजिक परम्परा चलाउन १२ बौद्ध गुरुहरू र १२ कन्याको सृजना गरी सृष्टिको सुरूवात गरेको थियो' भनिएको छ । स्मरणीय छ– उहाँको भनाइअनुसार गौतम बुद्धभन्दा अगाडि पनि बौद्धहरू थिए । गुरुङहरू अन्यत्र कतैबाट आएको नभई नेपालकै आदिवासी हुन् भन्ने कुरालाई केही हदसम्म बल प्रदान गर्न बुटवल, काठमाण्डौं, बूढानीलकण्ठ, दाङ, नवलपरासी र मुस्ताङमा भेटिएका रामापिथीकसको दन्त-अवशेष तथा ढुङ्गे औजारले सघाएको छ ।

गुरुङ जातिहरू हाल देशका विभिन्न भागमा मात्र छरिएर रहेका नभई सिक्किम, भूटान, भारत, हङकङ, यूरोप तथा अमेरिकामा समेत छरिएर बसेकाले सबैले मौलिक भाषा, भेष, परम्परा पूर्णत: कायम राख्न नसके पनि राप्ती, गण्डकी, धौलागिरि अञ्चलका गुरुङहरूले भने अझै पनि आफ्ना भाषा, भेष र परम्परा-लाई धेरै हदसम्म कायमै राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

गुरुङ जातिका विभिन्न परम्पराहरूका विषयमा यहाँ संक्षिप्तमा उल्लेख गरिन्छ ।

रोधी

'रो' को अर्थ वास वस्ने ठाउँ र 'धी' को अर्थ 'घर' भन्ने जनाउँछ । गुरुङ समाज पहिले मातृसत्तात्मक थियो, तर जव यो समाज पितृसत्तात्मक समाजमा परिवर्तित भयो त्यति वेला केटीहरूले लोग्नेको अधीनमा वस्नुपर्ने हुँदा अविवाहित अवस्थामा केटीहरू जम्मा भई भविष्यका वारेमा के कसो गर्ने भनी छलफल गरी सुत्ने ठाउँ (घर)लाई 'रोधी' भनिन्छ । उक्त स्थानमा पाँच-छ जना केटीले चुनेको नेता ('फेंक्र'सहित) लाई र केही वूढापाकाले समेत केटीहरूले लगेको जाँड खाएपछि सर-सल्लाह, छलफल गर्दछन् । अन्त्यमा डम्फु मादल वजाई नाचगान गर्दछन् ।

विवाह

गुरुङ जातिमा मागेर गर्ने र चोरेर गर्ने दुई किसिमका विवाह-परम्पराछन् । मागेर गर्ने विवाहमा दुलहीका आमावावुको स्वीकृति पाएपछि दुलहा-पक्षका वढीमा पाँच जना वन्दूक पड्काई घरवाट निस्किएर दोवाटो, चौवाटो र दुलहीको माइतमा पुगेपछि वन्दूक पड्काउँछन् । जन्ती दुलहीको घरमा पुगेपछि दुलही पक्षकाले भोटे खयर वा फर्सीको टुक्राले हान्ने प्रचलन छ । यसरी हान्ने क्रमका वीचमा जन्तीले त्यो प्रहार छल्दै दुलहीको माइती घरको ढोकामा भाला तेर्साउँछन् । यसरी भाला तेर्साएपछि फर्सीको टुक्राले हान्ने क्रम रोकिन्छ र पुन: वन्दूक पड्काइन्छ । दुलही पक्षका युवा-युवती तथा माइतीलाई गच्छेअनुसार र नाताअनुसार 'रोप्स्यो' (नगद दक्षिणा) दिइन्छ । दुलहीलाई घरमा ल्याएपछि दुलहा-दुलहीका दिदी-वहिनीले ढोका वन्द गरिदिन्छन् । यसरी ढोका वन्द गरेकोमा दुलहाले 'दिदी-वहिनीहरू ! तिमीहरूलाई पनि पालुँला, रेखदेख गरौंला' भनी केही पैसा दिएपछि ढोका खोलिन्छ । गुरुङजातिमा विवाहमा सिंदूर हाल्ने मौलिक चलन छैन । (हाल अन्य जातिको देखासिकीले सिंदूर हाल्ने गर्छन् ।) साथै रातो टीका पनि नलगाई दहीमा मुछेको सेतो टीका लगाइन्छ । विवाहघरमा दुलही लिन गएको रातमा विवाहपश्चात् दुलहा-दुलहीवीच हुने क्रियाकलापका वारेमा गीत जोडी रातभरि नाचगान गरिन्छ । साथै ज्वाईं-पक्षले नराम्रो लुगा लगाएर प्रहसन गर्ने पनि गरिन्छ । आमा-वावुको स्वीकृतिविना फकाएर, भगाएर लगेको विवाह आमा-वावुको स्वीकृति पाएपछि (तीन-चार वटा वच्चा जन्मिएपछि पनि) जाँड, भेडा, वोका, राँगो लगेर माइती मान्ने परम्परा छ ।

पए (अर्घु)

गुरुङ जातिको काजकिरिया गर्ने परम्परालाई 'पए'(अर्घु) भनिन्छ । अर्घु गर्दा च्हतुं

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

(छोरा), च्हमितुं (छोरी), म्हेतुं (ज्वाइँ), अस्मितुं (मावली), कार्लो खेक्री (पुरोहित) पाँच थरी हुनुपर्दछ । अर्घु गर्दा पहिले रातो टीका लगाइन्छ र पछि सेतो टीका लगाइन्छ । स्मरणीय छ—गुरुङ जातिमा रातो टीका दुःखमा र सेतो टीका खुशीको प्रतीक मानिन्छ । अर्घु नगरुन्जेल घरमा रेडियो, क्यासेट, मादल आदि कुनै किसिमको बाजा बजाउन पाइन्न । अर्घु सिद्धिएपछि गीत गाउने, बाजा बजाउने, आशीर्वाद लिएपछि बाजा बजाई नाच-गान गर्ने प्रचलन छ ।

पुर्वडे निकाल्ने

गुरुङ जातिमा पहिलो सुत्केरी माइतमा गराइन्छ । छोरा पाएमा माइतीले खुशी भै रातभरि नाचगान गरी दीर्घायुको कामना गर्दछन् । यसरी माइतीले दीर्घायुको कामना गरेकोमा खुशी भै भेंडा-बाखा र राँगा माइतीलाई दिने गरिन्छ ।

टुकोर उठाउने

कुनै घरमा दुःख परेको छ र त्यस घरको मूली नभएमा वा आर्थिक स्थिति कमजोर भएमा पालो-पालो अन्न उठाएर सहयोग गर्ने प्रचलन छ । त्यसैलाई टुकोर उठाउने भनिन्छ । 'टु'को अर्थ अन्न आदि र 'कोर'को अर्थ पालैपालो भन्ने हो ।

ल्होसार

'ल्हो' भनेको नयाँ र 'सार' भनेको वर्ष भन्ने शाब्दिक अर्थ हुन्छ । यो नयाँ वर्ष पौष १५ गते मनाइन्छ । यो मनाइनुको कारण पनि रोचकतापूर्ण छ, किनभने यस समयमा सूर्य दक्षिणबाट उत्तरतर्फ लाग्न शुरू हुन्छ अथवा छोटा दिन अन्त भै लामा दिनहरूको शुरूवात हुन्छ । अर्को शब्दमा भन्दा जाडोको अन्त भै गर्मी शुरू हुने गर्दछ । यसै समयदेखि फूल फुल्ने, पालुवा आउन शुरू हुने, पशुहरूले बच्चा पाउन र पक्षीहरूले चल्ला काढ्न शुरू गर्ने हुँदा चारैतिर खुशी नै खुशी शुरू हुने अवसरमा नयाँ वर्ष गुरुङहरू निकै खुशीका साथ मनाउँदछन् ।

स्मोक्रे उठाउने

गुरुङ जातिमा विवाह तथा काजकिरिया पर्दा दाजुभाइ र नपुग भएमा छर-छिमेकबाट पनि नून, खोर्सानी, चामल, पैसा उठाउने परम्परा छ । त्यसैलाई 'स्मोक्रे' भनिन्छ ।

विविध परम्पराहरू

क. गुरुङ जातिको महाग्रन्थ केर्लोका अनुसार नौ महागुल्ले १२ बौद्ध गुरु, १२ कन्याको सृष्टि गरी उनीहरूबाट सन्तान उत्पादन गरी गुरुङ वंशलाई अगाडि बढाएको उपलक्ष्यमा माघे औंसीमा माडिदिनाँ पर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

मनाइन्छ ।

ख. नौ महागुरुले नौ वर्ष नौ महिना नौ दिनसम्म बौद्ध गुरुलाई धनुर्विद्या सिकाएर निपुण वनाएकाले फागु पूर्णिमाका दिन विभिन्न खेलकूद आयोजन गरेर मनाइने पर्वलाई 'मे त्हले ल्हिपा दिना' (वाण हान्ने पर्व) भनिन्छ ।

ग. गुरुङ जातिले राज्य स्थापना गरेपछि राज्य चलाउन सरसल्लाह गर्न नीति-नियमको छलफल गर्न वैशाख पूर्णिमाका दिन मनाइने पर्वलाई विधानपर्व भनिन्छ ।

घ. जेष्ठ महिनाको दशहराको दिन ९ महागुरु र कुलको पूजा गर्ने गरिन्छ ।

यी परम्पराका अतिरिक्त सामूहिक खेती गरेर वाँड्ने, शिकार खेलेर वाँड्ने, प्रकृतिलाई पूजा गर्ने परम्परा गुरुङ जातिमा भएको पाइन्छ ।

द्रुत गतिले चल्ने जहाजवाट छिटै पृथ्वीको एक छेउवाट अर्का छेउसम्म पुग्ने, क्षणभरमै पृथ्वीको एक कुनावाट अर्को कुनामा सम्पर्क गर्न सकिने फ्याक्स, ई-मेल, इन्टरनेट जस्ता सञ्चार-माध्यमको प्रयोग गर्ने, साँझदेखि विहानसम्म अत्याधुनिक दैनिक उपभोग्य सामग्रीको प्रयोग गर्ने मानिसलाई यस एक्काइसौं शताब्दीमा कुनै जाति, धर्म र समुदाय वा देशमै पनि सीमित राख्नु समयसापेक्ष छैन । किनभने आजको मानिस कुनै जाति, वर्ग र वंशविशेषमात्रको नभई विश्वमानव (Global citizen) हो तर पनि भविष्य वर्तमानको गर्भमा रहेको छ भने वर्तमान पनि भूतकालको उपज हो । त्यसैले उज्ज्वल भविष्यको लागि वितेका कुराहरूमा भए-गरेका कमी-कमजोरी र पछौटेपनलाई परिमार्जन औ परिष्कृत गर्न सकिने भएकोले विभिन्न जाति, धर्म र संस्कृतिका बारेमा परिचय दिने क्रममा यहाँ गुरुङ जातिको संस्कृति जो विभिन्न ठाउँमा विभिन्न धर्म र संस्कृतिका सम्पर्कका कारण केही फरक परेको हुन सके पनि त्यसको मौलिकताका विषयमा संक्षिप्तमै भए पनि चर्चा गरिएको छ ।

सन्दर्भ-स्रोतहरू :

१ रोधी पत्रिका अङ्क २, वर्ष १,, रोधी पत्रिका अङ्क ३, वर्ष ३ ।
ल्होसार अङ्क तमु सुं तां

२. तमु जातिको वंश - डिल्लीजङ्ग गुरुङ

□

त्यो मानिस कहिल्यै साहसी हुन सक्तैन जसले कष्टलाई सवैभन्दा खराव तथा आनन्दलाई सवैभन्दा असल ठान्दछ ।

–सिसेरो

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

महाकाली अञ्चलका साहितियक सङ्ग-संस्थाहरू

श्यामसुन्दर ढकाल

कुनै पनि क्षेत्रको सर्वाङ्गीण विकास वैयक्तिक प्रयासबाट मात्र सम्भव हुँदैन, अझ भाषा-संस्कृति र साहित्य जस्तो सार्वजनिक विषयको संवर्द्धन र विकासका लागि त सामूहिक-सङ्गठित प्रयास अपरिहार्य नै रहेको हुन्छ। यसरी सङ्गठित रूपमा साहित्यिक विकास गर्न सम्बन्धित क्षेत्रका सङ्ग-संस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन्। महाकाली अञ्चलको सन्दर्भमा हेर्दा यहाँ पनि ठूलो उत्साह र जाँगरका साथ साहित्यिक गतिविधिका संस्थागत प्रयासहरू वेला-वेलामा हुने गरेको भए पनि यस्ता सङ्ग-संस्थाहरूले दीर्घ जीवन लिन नसकी छोटो-लामो अवधिभित्रै विस्तारै छरिँदै सेलाउँदै जाने गर्दछन्। यी सङ्ग-संस्थाहरूले आफ्नो स्थापनाकालताका निकै क्रियाशीलता देखाए पनि शनैः शनैः गतिहीन र क्रियाशून्य भई स्थगित हुने वा परिवेशगत बाध्यताले गर्दा आफ्नो वृहत् लक्ष्यको एउटा सानो भाग पूरा गर्न पनि निकै सङ्घर्ष गर्नुपर्ने अवस्था रहेको देखिन्छ। यति हुँदा हुँदै पनि सुदूर क्षेत्रमा रही अनेक विवशता र बाधाहरूलाई व्यक्तिगत क्षमता वा साहित्यप्रेमी सानो जनसमूहको बलमा छिमल्दै साहित्यिक वातावरण निर्माण गरी महाकाली अञ्चलमा नेपाली साहित्यको उन्नयन र विकासका लागि यी सङ्घ-संस्थाहरूले दिएको महत्त्वपूर्ण योगदान बिर्सन मिल्दैन। यहाँ साहित्य-सृजनप्रति अभिरुचि र उत्साह राख्ने व्यक्ति-प्रतिभाहरूलाई एउटा सामूहिक मञ्च प्रदान गर्दै लेखन-क्षेत्रमा क्रियाशील गराउने तथा विभिन्न गोष्ठी र पत्र-पत्रिकाको माध्यमबाट जन-साधारणमा समेत साहित्यिक चेतना जागृत् गर्न सघाउने महाकाली अञ्चलका प्रमुख साहित्यिक सङ्घ-संस्थाहरूको चर्चा गरिन्छ।

क. नेपाली साहित्य संस्थान डडेल्धुरा शाखा (२०२२)

चितवन जिल्लामा आयोजित प्रथम देशव्यापी नेपाली साहित्य सेमिनार(२०२२)बाट प्रेरित भई महाकाली अञ्चलमा पनि संस्थागत रूपमा साहित्यिक कार्यक्रमहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सञ्चालन गर्न नेपाली साहित्य संस्थानको डडेल्धुरा शाखा २०२२ सालमा स्थापित भएको पाइन्छ। चूडामणि पन्तको अध्यक्षतामा एघार सदस्यहरू रहेको उक्त शाखाले त्यसै ताका दुई वटा अञ्चलस्तरीय र कतिपय स्थानीय गोष्ठीहरू सम्पन्न गर्नुका साथै केही समयसम्म घटाल क्लबमा नियमित साहित्यिक कार्यक्रमको आयोजना गरेको थाहा हुन्छ। यसै गरी साहित्य संस्थानको उक्त शाखाले कतिपय माध्यमिक विद्यालयहरूमा प्रतियोगितात्मक साहित्यिक बाल-गोष्ठी आयोजना गरेको जानकारी पनि पाइन्छ।[1] प्रारम्भमा केही समयसम्म गतिशील देखिएको र साहित्यप्रति जनजागरण जगाउने प्रयास गरेको भए तापनि यस संस्थाले दीर्घ जीवन पाउन भने नसकेको देखिन्छ।

ख. दशरथ साहित्य परिवार (२०३४)

लामो समयदेखि शून्यप्राय: रहेको महाकाली अञ्चलको साहित्यिक क्षितिजमा चहलपहल ल्याउने उद्देश्यले २०३४ वैशाख १३ गते महेन्द्रनगरमा दशरथ साहित्य परिवारको गठन भएको देखिन्छ। यस साहित्यिक परिवारको सबभन्दा महत्त्वपूर्ण कार्य ह्याँक सामयिक साहित्य-सङ्कलन (२०३५) को प्रकाशन हो। परपश्चिमा भाषिकाको रहर या धोको बुझाउने ह्याँक शब्दलाई शीर्षकको रूप दिँदै कृष्णविनोद लम्सालको सम्पादनमा प्रकाशित यस सङ्कलनले महाकाली अञ्चलको साहित्यिक प्रकाशनयात्रामा एउटा खुड्किलो थपेको देखिन्छ। ह्याँक-को प्रकाशन बाहेक त्यस ताका बेला-बेलामा साहित्यिक जमघट गर्ने यस साहित्यिक परिवारले २०३५ सालमा नै एक पटक महेन्द्रनगरको खुला मञ्चमा समेत साहित्यिक गोष्ठी सम्पन्न गरेको पाइन्छ। हरिहर शर्मा, प्रेमसिंह धामी, कृष्णविनोद लम्साल, हरिदत्त लेखक, नेत्रराज शर्मा, अर्जुन चन्द वियोगी, चित्राङ्ग थापा, श्यामसुन्दर शर्मा, रनबहादुर के. सी. र केशव कुँवर सदस्य रहेको दशरथ साहित्य परिवार २०३५ सालपछि निष्क्रिय भएको देखिन्छ।

ग. नेपाली साहित्य संस्थान महेन्द्रनगर शाखा (२०३४)

दृश्य-काव्यको लेखन र प्रदर्शनीमा ध्यान दिने, जनमुखी साहित्य-सृजना गराउने, नवोदित प्रतिभाहरूलाई प्रकाशमा ल्याउने, प्राचीन साहित्य, संस्कृति र कलाको सङ्कलन एवं संवर्द्धन गर्ने, नियमित साहित्यिक पत्रिकाको प्रकाशन गर्ने, सांस्कृतिक कार्यक्रम एवं साहित्य-गोष्ठी गर्ने आदि-आदि थुप्रै उद्देश्यहरू लिएर स्थापना भए पनि उपलब्धि भने अत्यन्त गौण रहेको नेपाली साहित्य संस्थानको महेन्द्रनगर शाखा २०३४ सालमा गठन भएको देखिन्छ। महाकाली अञ्चलाधीश पदेन संरक्षक रहने यस शाखाका संस्थापक अध्यक्ष चूडामणि पन्त, उपाध्यक्ष धीरेन्द्र विष्ट, सचिव धर्मानन्द शर्मा,

१ चूडामणि पन्त, महाकाली अञ्चलको साहित्यिक गतिविधि, *हिमानी* : ज्येष्ठ-आषाढ २०२४।

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

कोषाध्यक्ष ईश्वरीदत्त चटौत र सदस्यहरूमा बन्धु पन्त, उत्तम चन्द, मणिराज पनेरू, रामबहादुर चन्द, श्रीमती कल्पना विष्ट, हरिदत्त लेखक, दिलानन्द पन्त, शारदाप्रसाद जोशी, कालिप्रसाद पन्त र श्रीधर पन्त रहेका देखिन्छन्। तत्कालीन अवस्थामा स्थानीय बुद्धिजीवीहरूको प्रशस्त संलग्नता देखिए पनि यस संस्थाले एक-दुई वटा साहित्यिक गोष्ठीको आयोजना गर्नु बाहेक अन्य उल्लेखनीय कार्य गर्न सकेको देखिन्न।

घ. महाकाली साहित्य परिवार (२०३६)

"साहित्य सम्भ्रान्त वर्गको मात्र पेवा नभई, बुर्जुवा वर्गको मनोरञ्जनको साधन मात्र नभई बहुसङ्ख्यक जनजीवनमा भिजेको, जनताका आवश्यकता, आकाङ्क्षा र स्थानीय जनजीवनको झाँकीसम्म भएकाले साहित्यले यी कुरालाई प्रदर्शन गर्न सक्नुपर्छ।"[1] भन्ने प्रगतिशील आग्रहका साथ २०३६ जेष्ठ १७ गते महाकाली साहित्य परिवारको जन्म महेन्द्रनगरमा भएको पाइन्छ। सभापति देवराज शर्मा 'साहित्य-सुधाकर', सचिव अर्जुन चन्द वियोगी एवं सदस्यहरूमा प्रेमसिंह धामी, वेदप्रसाद भट्ट, पुष्पमणि भट्ट, सूर्यप्रसाद सुवेदी र यादवनाथ शर्मा रहेको यस साहित्य-परिवारको महत्त्वपूर्ण उपलब्धिको रूपमा रैवार त्रैमासिक साहित्य-सङ्कलनको प्रकाशन देखा पर्दछ। पहिलो अङ्क लोकभाषा, लोक-संस्कृति र लोक-साहित्यको नमूना अङ्क, दोस्रो अङ्क महाकाली अञ्चलका कविता-विशेषाङ्क र तेस्रो अङ्क महाकाली अञ्चलका कथा-विशेषाङ्कका रूपमा प्रकाशित यस साहित्य-सङ्कलनले यहाँको स्थानीय भाषिका, लोकसाहित्य र संस्कृतिको परिचय दिने तथा विधागत रूपमा सम्पूर्ण अञ्चलको प्रतिनिधित्व हुने गरी सामूहिक सङ्कलन निकाल्ने दिशामा महत्त्वपूर्ण कार्य गरेको देखिन्छ। एक-डेढ वर्षसम्म यस पत्रिकालाई कानूनी रूपमा दर्ता गराउने प्रयास सफल नभए पनि २०३७ कात्तिकसम्ममा तीन वटा अङ्कहरू प्रकाशित भएपछि रैवारको प्रकाशन र महाकाली साहित्य-परिवारको सक्रियता दुवै अवरुद्ध भएको देखा पर्दछ।

ङ. पुनर्वास साहित्य परिवार (२०३८)

सुकुम्बासी परिवारका लागि आवण्टित भएको कञ्चनपुर जिल्लाको त्रिभुवन बस्ती गाउँ-पञ्चायतका साहित्यप्रेमीहरूको प्रयासबाट २०३८ सालमा एउटा साहित्यिक संस्था पुनर्वास साहित्य परिवारको जन्म भएको देखिन्छ। विष्णुभक्त पौडेलको सम्पादनमा पुनर्मिलन त्रैमासिक साहित्यिक पत्रिकाका दुई अङ्क प्रकाशित गर्ने यस साहित्य-परिवारले बेला-बेलामा केही कविगोष्ठी समेत आयोजना गर्ने गरेको थाहा पाइन्छ। दीनानाथ बरालको अध्यक्षतामा गठित यस पुनर्वास साहित्य परिवारका

---

१. अर्जुन चन्द वियोगी, हाम्रो कुरा, रैवार, अङ्क १ : २०३६ कार्तिक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

उपाध्यक्ष जीवनप्रसाद भण्डारी, सचिव गणेशदत्त उपाध्याय र सदस्यहरूमा सोमराज वराल, रवि कँडेल, रामचन्द्र भट्टराई, विश्वनाथ विप्ट, दानवहादुर शाही, वुद्धिप्रसाद सुवेदी, लक्ष्मीराम शर्मा र विष्णुभक्त पौडेल रहेका देखिन्छन् । आफ्नो स्थापनाकालको करीव दुई वर्षभित्रमा दुई अङ्क पत्रिका निकालेपछि यो संस्था पनि सेलाउँदै गएको देखिन्छ ।

च. महाकाली साहित्य सङ्गम (२०४७)

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलता र प्रजातन्त्र पुनर्स्थापनापछि अभिव्यक्ति-स्वतन्त्रताको प्रत्याभूति एवं वैचारिक उन्मुक्तताको वातावरणले गर्दा अन्य क्षेत्रका साथै साहित्यिक क्षेत्रमा पनि परिवर्तनका सङ्केतहरू देखा पर्न थाल्दछन् । यसै परिप्रेक्ष्यमा २०४७ जेष्ठ १ गते श्यामसुन्दर ढकालको संयोजकत्वमा कञ्चनपुर जिल्लाका साहित्यकार एवं साहित्यप्रेमीहरूको एउटा वृहत् भेला तथा कविगोष्ठी स्थानीय नगरपालिकाको सभाकक्षमा सम्पन्न भएको र त्यसै भेलाको निर्णयअनुसार महाकाली अञ्चलको साहित्यिक पुनर्जागरणका लागि महाकाली साहित्य सङ्गमको स्थापना भएको पाइन्छ । वद्रीप्रसाद शर्माको सम्पादकत्वमा प्रकाशन आरम्भ भएको सङ्गम साहित्यिक पत्रिकाका हालसम्म ४ अङ्कहरूको प्रकाशन हुनु यसको सवभन्दा महत्त्वपूर्ण उपलब्धिको रूपमा देखा परेको छ । यस वाहेक समय-समयमा साहित्यिक गोष्ठी र राष्ट्रिय कविहरूको जन्म-जयन्ती-समारोहको आयोजना गर्नुका साथै स्थानीय लोक-संस्कृतिको झलक प्रस्तुत गर्ने कार्यक्रम भडा र डेउडाको प्रदर्शन आदि यसका महत्त्वपूर्ण कार्यहरू हुन् । यसै गरी यस संस्थाले स्थापना भएको करीव एक वर्षसम्म नियमित रूपमा पाक्षिक कवि-गोष्ठी आयोजना गरेको पाइन्छ । यस महाकाली साहित्य-सङ्गमका संस्थापकहरूमा अध्यक्ष प्रेमसिंह धामी, उपाध्यक्ष प्रकाश ठकुरी, सचिव श्यामसुन्दर ढकाल, सहसचिव तिलमाया खरेल, सदस्यहरूमा यज्ञराज जोशी, वासुदेव भाइसाहव, अर्जुन चन्द वियोगी, ऋषिराज लुम्साली र कल्यान ओझा रहेका देखिन्छन् भने त्यति वेला जागिरको सिलसिलामा महेन्द्रनगरमा रहनुभएका साहित्यकार धर्मराज अर्यालको पनि यस सङ्गमको स्थापनामा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

छ. साहित्य सदन डडेल्धुरा (२०४७)

जिल्लाका साहित्यकारहरूलाई एउटा सामूहिक मञ्चमा भेला गर्दै संस्थागत रूपमा साहित्यिक जागरण ल्याउने उद्देश्यले २०४७ सालमा डडेल्धुरामा साहित्य सदनको स्थापना भएको पाइन्छ । यसको अध्यक्षमा के. पी. पन्त, उपाध्यक्षमा कृष्णदत्त चटौत 'कान्त', सचिवमा कृष्णदत्त भट्ट र सदस्यहरूमा दिलवहादुर वस्नेत, देवेन्द्रप्रसाद चटौत आदि रहेका देखिन्छन् । यस साहित्य संदनले भानु-जयन्ती, लक्ष्मी-जयन्ती आदिको अवसरमा कविगोष्ठी आयोजना गर्ने गरेको पाइन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

ज. सुदूर पश्चिमाञ्चल भाषा-संस्कृति-केन्द्र (२०५३)

सुदूर पश्चिममा बोलिने भाषाहरूको अध्ययन-अनुसन्धान गर्ने, भाषा एवं संस्कृतिसम्बन्धी पुस्तक र पत्र-पत्रिका प्रकाशित गर्ने, विद्वान् साहित्यकार तथा लेखकहरूको कदर गर्ने आदि घोषित उद्देश्यहरू लिएर २०५३ असोजमा महेन्द्रनगर नगरपालिका-६ मा स्थापित यस केन्द्रका संस्थापकहरूमा अध्यक्ष देवराज भट्ट (शर्मा), उपाध्यक्ष श्यामदत्त भट्ट, सचिव परशुराम पन्त, कोषाध्यक्ष नारदप्रसाद ओझा, सह-सचिव लक्ष्मीदत्त भट्ट र सदस्यहरू महेशप्रसाद भट्ट एवं केशवदत्त पन्त रहेका छन्। संस्थाका अध्यक्ष देवराज भट्ट (शर्मा)को प्रधान सम्पादकत्वमा सम्पादित घुगुति त्रैमासिकका दुई अङ्कहरूको प्रकाशन यसको महत्त्वपूर्ण कार्यको रूपमा रहेको छ। पूर्णत: डोटेली भाषिकामा प्रकाशित यस पत्रिकामा स्थानीय लेखकहरूका रचना छापिएका छन्।

झ. सुदूर पश्चिमाञ्चल साहित्य-प्रतिष्ठान (२०५४)

सुदूर पश्चिमाञ्चलमा शिथिल हुँदै गइरहेको सृजनशील र अनुसन्धानात्मक सहित्यिक उत्साहलाई जागृत् गराउने र साहित्यमा आफ्नो परिचय स्थापना गर्न प्रयत्नशील यस क्षेत्रका युवाप्रतिभाहरूलाई मञ्च प्रदान गर्नुपर्ने आवश्यकताको अनुभव गरेर वि. सं. २०५४ मा कञ्चनपुर महेन्द्रनगरमा सुदूर पश्चिमाञ्चल साहित्य-प्रतिष्ठानको स्थापना भएको देखिन्छ। साहित्यमा राजनैतिक विचारविशेषको निर्देशन र प्रभुत्वले विकृति बढ्दै आइरहेको परिप्रेक्ष्यमा निर्भीक प्रजातान्त्रिक स्वभाव दिन उद्यत समूहको यो प्रतिष्ठानले सुदूर पश्चिमको लोकसाहित्य, कला, संस्कृतिको संरक्षण एवं संवर्द्धन गर्ने र यस क्षेत्रका साहित्यिक प्रतिभाहरूलाई राष्ट्रिय परिदृश्यमा उपस्थित गराउने महत्त्वपूर्ण उद्देश्य लिएको देखिन्छ। यसका संस्थापकहरूमा अध्यक्ष भाउपन्थी, उपाध्यक्ष बद्रीप्रसाद शर्मा, सचिव श्यामसुन्दर ढकाल, सहसचिव वीरबहादुर भण्डारी, कोषाध्यक्ष कमलराज ढुङ्गाना र सदस्यहरू यज्ञराज जोशी, कृष्णदत्त चटौत 'कान्त', खगेन्द्रप्रसाद जोशी, मधुसूदन भट्ट, लक्ष्मीराज पण्डित र राजेन्द्र के.सी. रहेका छन्। यस प्रतिष्ठानले आफ्नो स्थापनापछिको छोटो समयमै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानसँगको सह-आयोजनमा राष्ट्रिय महत्त्वको र सुदूर पश्चिमाञ्चल क्षेत्रका लागि पहिलो ठहरिने राष्ट्रिय नेपाली निबन्ध-विचार-गोष्ठी-२०५५ को आयोजना गरी राष्ट्रभरिकै निबन्धलेखनका प्रतिभाहरूलाई सहभागिता गराउनु यस संस्थाको महत्त्वपूर्ण कार्यका रूपमा रहेको छ। यस बाहेक यस प्रतिष्ठानले समय-समयमा राष्ट्रिय तथा स्थानीय साहित्यिक प्रतिभाहरूको जन्म-जयन्ती मनाउने र साहित्यिक गोष्ठीहरूको आयोजना गर्ने गरेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

झ. प्रतिवाद साहित्यिक समूह (२०५६)

मूलतः नव-सर्जकहरूलाई व्यापक रूपमा समेट्ने, सांस्कृतिक अतिक्रमण विरुद्ध क्रियाशील रहने र प्रगतिशील जनस्तरीय साहित्यको प्रचार-प्रसार गर्ने पूर्वघोषित उद्देश्य लिएर स्थानीय साहित्यिक युवाहरूको प्रयासद्वारा २०५६ सालमा महेन्द्रनगरमा स्थापित प्रतिवाद साहित्यिक समूहका संस्थापकहरूमा संयोजक गोकर्ण भट्ट तथा सदस्यहरू लोकराज भट्ट, उमेश भट्ट, हिक्मत दमाईं, सागर ऐडी, शिरीष पन्त, गिरीश भट्ट र अर्जुन धानुक रहेका छन्। गोकर्ण भट्टको प्रधान सम्पादकत्वमा प्रतिवाद साहित्यिक त्रैमासिकको नववर्ष (२०५७) विकल्प विशेषाङ्क सहित जम्मा दुई अङ्क प्रकाशित गर्ने यो समूहलाई हाल जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा वैधानिक रूपमा पञ्जीकरण गर्ने प्रक्रिया चलिरहेको छ।

यी उल्लिखित साहित्यिक सङ्घ-संस्थाहरू बाहेक बेला-बेलामा विभिन्न पत्र-पत्रिका, स्मारिका एवं पुस्तक प्रकाशन गरी महाकाली अञ्चलको साहित्यिक विकासमा सहयोग पुऱ्याउने महाकाली अञ्चल पञ्चायत, दार्चुला जिल्ला पञ्चायत, कर्मचारी मिलनकेन्द्र, नेपाल परिवार नियोजन सङ्घ, कुमार प्रकाशन, उद्योग-वाणिज्य सङ्घ, बुद्धिजीवी परिषद्, प्रजातान्त्रिक विचार-समाज, एन्.एन्.एस्.डब्लु.ए., सामुदायिक विकास तथा वातावरण संरक्षण समाज (सेप्स), नेपाल रेडक्रस सोसाइटी, नेपाल विद्यार्थी सङ्घका विभिन्न एकाईहरू, नेपाली कांग्रेस, अनेरास्ववियुका विभिन्न एकाईहरू, सु.प.स्वतन्त्र विद्यार्थी समूह, सुदूर पश्चिमाञ्चल सामाजिक तथा अनुसन्धान समिति, त्रिपुरा युवा क्लब, सुदूर पश्चिमाञ्चल शास्त्रानुसन्धान परिषद् आदि थुप्रै सरकारी-गैरसरकारी सङ्घ-संस्थाहरूको पनि यहाँको साहित्यिक विकासमा उल्लेख्य भूमिका रहेको छ। यीमध्ये कर्मचारी मिलनकेन्द्र, सु.प.सामाजिक सेवा तथा अनुसन्धान समिति, आदि संस्थाहरूले समय-समयमा प्रतियोगितात्मक कविगोष्ठीको आयोजना पनि गरेका देखिन्छन्। यसै गरी वार्षिक मुखपत्रको रूपमा पत्रिका प्रकाशन गरी आफ्ना विद्यार्थीहरूलाई साहित्य-लेखनतिर प्रोत्साहित गर्ने श्रीकृष्ण मा.वि. पाटन बैतडी, बैजनाथ मा.वि. महेन्द्रनगर, महाकाली मा.वि. बेलौरी कञ्चनपुर, डिलेश्वरी मा.वि. पुचौंडीहाट बैतडी, सहस्रलिङ्ग मा.वि. चमडा डडेल्धुरा, सिद्धनाथ विज्ञान क्याम्पस महेन्द्रनगर, बैतडी पाटन बहुमुखी क्याम्पस, पुनर्वास जनता मा.वि. त्रिभुवन बस्ती (कञ्चनपुर), वीरेन्द्र मा.वि. शाहीलेक बैतडी, महेन्द्र मा.वि. दार्चुला, सिद्धनाथ बहुमुखी क्याम्पस महेन्द्रनगर आदि शिक्षण-संस्थाको समेत यस अञ्चलको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान रहेको छ।

यस्तै गरी विभिन्न स्थान र समयमा स्थापित साना-ठूला पुस्तकालयहरूको समेत यहाँको साहित्यिक विकासमा प्रत्यक्ष-परोक्ष योगदान रहेको पाइन्छ। महाकाली

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

अञ्चलमा स्थापित भएका यस्ता सार्वजनिक पुस्तकालयहरूमा जगन्नाथ (जनता) पुस्तकालय खलङ्गा वैतडी, शारदा पुस्तकालय डडेल्धुरा, वैजनाथ पुस्तकालय महेन्द्रनगर, शहीद दशरथ पुस्तकालय वेलौरी, ज्योति पुस्तकालय त्रिभुवन बस्ती, बाल पुस्तकालय महेन्द्रनगर, सुजीत-स्मृति पुस्तकालय महेन्द्रनगर, जनहित ग्रामीण पुस्तकालय हल्दुखाल, दुर्गा पुस्तकालय गुलरिया (कञ्चनपुर) आदि देखा पर्दछन् । यिनीहरूमध्ये कतिपयको अस्तित्व लोप भइसंकेको र अन्य कतिपयको गतिविधि शून्यप्राय: रहेको भए तापनि सुजीत-स्मृति पुस्तकालयसहितका केही पुस्तकालयहरूले भने महत्त्वपूर्ण कार्य गरिरहेका देखिन्छन् । यिनीहरूमध्येका केही पुस्तकालयहरूले विगतमा यदाकदा विभिन्न राष्ट्रिय कविको जन्मोत्सव मनाउने र प्रतियोगितात्मक कवि-गोष्ठीको आयोजन समेत गरेको पाइन्छ ।

यसै गरी प्रजातन्त्र-दिवस, संविधान-दिवस, बालदिवस, राजा-रानीका जन्मोत्सवहरू लगायत विभिन्न राष्ट्रिय पर्वहरू मनाउन वेला-वेलामा अस्थायी रूपमा गठन हुने गरेका साहित्यिक समिति-उपसमितिहरूले पनि प्रतियोगितात्मक कविगोष्ठी र विद्यालय-स्तरीय निबन्ध-प्रतियोगिताहरू आयोजना गर्ने गरेको देखिन्छ । साहित्य-लेखनप्रति जनअभिरुचि बढाउन र यसका लागि आवश्यक परिवेश सृजना गर्न यस्ता प्रतियोगितात्मक गोष्ठीहरूको अहम् भूमिका रहेको देखा पर्दछ । यस्तै सामुदायिक विकास तथा वातावरण संरक्षण समाज (सेप्स) र शाही शुक्लाफाँटा वन्य जन्तु आरक्षसहित अन्य केही संस्थाले समय-समयमा पर्यावरणसम्वन्धी माध्यमिक विद्यालयस्तरीय निबन्ध-प्रतियोगिता आयोजन गरी उत्कृष्ट ठहरिएका निवन्धहरूलाई पुरस्कृत गर्ने र स्थानीय पत्रिकाहरूमार्फत् ती पुरस्कृत निबन्धहरूलाई प्रकाशनमा ल्याउने गरेको पाइन्छ। यसै गरी पुनर्वास कम्पनी, महेन्द्र सांस्कृतिक क्लब, नवप्रतिभा कलाकार सङ्गम, विभिन्न चारपाते क्लब आदि अनेक साहित्येतर सङ्घ-संस्थाहरूले पनि परोक्ष रूपमा यहाँको साहित्यिक विकासमा धेरथोर सहयोग पुऱ्याएको देखा पर्दछ । यसरी साहित्यक र साहित्येतर सङ्घ-संस्थाहरूका माध्यमबाट संस्थागत रूपमा यस महाकाली अञ्चलको साहित्यिक विकासको लागि सहयोग पुगेको देखिन्छ ।

(महाकाली अञ्चलको साहित्यिक विकासमा योगदान दिने कुनै साहित्यिक सङ्घ-संस्था यस लेखमा समावेश हुन नसकेका भए क्षमायाचना गर्दै सोको जानकारी पाएमा तिनीहरूको अभिलेख पछि समावेश गरिने कुरा विनम्र अनुरोध गर्दछु । —लेखक)

□

सङ्कट पर्दछ मानिसलाई, ढुङ्गालाई के पर्छ ?
असिना आई फूलवारीकै फूलहरू पहिले झार्छ ।

—सिद्धिचरण श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

हुड्केली : संक्षिप्त चर्चा

बद्रीप्रसाद शर्मा 'विनाडी'

भौगोलिक विविधताभित्र अनेकौं जातजाति, भापाभापीको सङ्गमस्थल र वहु-संस्कृतिसम्पन्न सुन्दर साझा फूलबारी हो नेपाल। लोकसंस्कृति, लोकसाहित्य र कलाका माध्यमबाट आफूलाई चिनाउँदै आइरहेको नेपालमा हिमालका सर्वोच्च चुचुरा, अनेकौं सुन्दर पर्वतशृङ्खला, हरिया मैदानी फाँट भएको यस देशको सांस्कृतिक, लोकसाहित्यिक महत्त्व र विशेपतामा पनि विविधता पाइन्छ। संस्कृतिका अनेकौं आयामभित्र नेपाली जातजातिका राष्ट्रिय एकता, अखण्डता, धार्मिक एवं सामाजिक भावनायुक्त गीतका सुसेलीहरूले हाम्रो एकात्मकताको आकाङ्क्षालाई निरन्तर जागृत् गराइरहन्छन्। त्यस्तो जागरणको भावना यहाँको लोकसाहित्यले सधैं मुखरित गर्दै आएको छ। भौतिक विकासमा बामे सर्न थालेको नेपालका कुनाकाप्चा र गुफा-कन्दराहरूलाई यहाँका लोकभाकाहरूले गुञ्जायमान गर्दै आएका छन्। स्थानीय जनताका सुख-दु:ख, आँसु-हाँसो, बहव्यथा र मायाप्रेमलाई सधैं अभिव्यक्ति दिँदै आएका छन् भने वसुधैव कुटुम्बकम्को सन्देश दिनु यहाँको लोकसाहित्यको प्रमुख वैशिष्ट्य हो। पूर्व मेचीको धिमाल जातिले गाउने गीत होस् वा सुदूर पश्चिम महाकालीको वैतडीमा गाइने चैतालो होस् दुवैले एउटै सन्देश दिन्छन्– प्रेम, सत्य र आत्मीयता। अन्तर केवल भाषिक, प्रस्तुतिको शैली र भौगोलिकतामा मात्र रहेको छ।

नेपालको पश्चिमी भेक (मध्य र सुदूर पश्चिम) लोकसाहित्यका दृष्टिले अत्यन्तै सम्पन्न रहेको छ। राष्ट्रभाषा नेपालीको उद्गमस्थल यी क्षेत्रका लोकसाहित्यले नेपाली भाषाको इतिहास र नेपाली राजनीतिक इतिहासको कालावधि र घटनाक्रमलाई फराकिलो तुल्याएको छ। यहाँ गाइने विभिन्न खालका गीतहरूमा साहित्यिक मूल्यका साथै ऐतिहासिक सन्दर्भले अन्वेषणका प्रशस्त सम्भावना औंल्याएका छन्। संक्षेपमा, यहाँको लोकसाहित्यले नेपाली संस्कृति, इतिहास, साहित्य र सभ्यताका यावत् स्रोतहरूको

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding

सम्भावना औँल्याएको छ र लोककण्ठमा संरक्षित यी गीतहरूले यस क्षेत्रलाई गौरवान्वित तुल्याउँदै आएको छ भन्दा अत्युक्ति नहोला ।

डोटेली लोकसाहित्यका अनेकौं भेद छन्– यिनमध्ये देउडा, फाग, माङ्गल, सगुन, धमारी, चैत, चाँचरी, भोलाउलो, हुड्केली आदि प्रमुख भेदहरू हुन् । विभिन्न अवसरमा गाइने यी लोकगीतहरू स्थानीय जनताका सुखदुःखका साथी झैं भएका छन् भने मनोरञ्जनका प्रमुख माध्यम पनि हुँदै आएका छन् । शिष्ट साहित्यको वर्गीकरणका आधारमा यहाँको लोकसाहित्यका भेदहरू औँल्याउँदा लोकगीत, लोककथा र लोकगाथा नै प्रमुख हुन् । लोकगीतअन्तर्गत देउडा, फाग, माङ्गल आदि पर्दछन् भने लोकगाथाअन्तर्गत चैत, चाँचरी, हुड्केली आदि पर्दछन् । लोकगाथाको एउटा भेद हुड्केलीमा केन्द्रित रहने प्रयास गर्दै त्यसको संक्षिप्त चर्चा यहाँ प्रस्तुत गरिएको छ ।

लोकसाहित्यको वर्गीकरणअनुसार– 'लामो कथानक भएको, गायन, नृत्य र वाद्यसँग प्रदर्शन गरिने गीतिकथात्मक लोकरचनालाई लोकगाथा भनिन्छ ।' अङ्ग्रेजीमा यस्ता गीतिकथा-विशेपलाई व्यालेड (ballad) भनिन्छ । यी दुवै शास्त्रीय नाम हुन् । स्थानीय नाम भने आआफ्नो बोली-भाषाअनुसार हुन्छन् । महाराष्ट्रमा पाँवडा, पञ्जावमा झोडा, हिमाचलमा भारथाँ भनिन्छ । डोटीमा लोकगाथाका अनेक भेद छन् र तीमध्ये चैत, चाँचरी, झोडा आदि पद्यात्मक लोकगाथा हुन् भने तीमध्येको एउटा प्रमुख भेद हुड्केली गद्य-पद्यात्मक (चम्पु) गाथा हो ।

हुड्केली

हुड्को+एली=हुड्केली । मुख्य गायकले हुड्को (डमरूको आकारको तर त्यसभन्दा केही ठूलो) नामक वाद्यविशेप लिई वजाउँदै-गाउँदै कथावस्तुलाई रोचक शैलीमा प्रस्तुत गरिने हुँदा यसलाई हुड्केली भनिएको हो ।

भारत

हुड्केलीका विभिन्न नामहरूमध्ये भारत पनि एक हो । भारत भनिनुको मुख्य कारण लोकगाथाको कथावस्तु र यसको प्रमुख पात्रको साहस-वीरता, धैर्य र उदात्तताको प्रमुख रूपमा वर्णन रहनु नै हो । जसरी महाभारतका अनेकौं पात्रले आफ्नो जातीय स्वाभिमानको रक्षाका निमित्त अन्याय-अत्याचारका विरुद्ध लडेर आफ्नो साहस र पराक्रम देखाए, त्यसरी नै हुड्केली अथवा भारतका पात्रहरूले पनि अन्याय, अत्याचार, जातीय स्वाभिमान एवं राज्यको एकता र अखण्डताका निम्ति ज्यानको वाजी लगाएर लडेका हुन्छन् र त्यसै आधारमा यसको घटनाक्रमको दीर्घतालाई हेरी यसलाई महाभारतको तुलनीयतामा भारत भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

भणा

वैतडी जिल्लामा हुड्केलीलाई भणा भनिन्छ । यो शब्द संस्कृतको 'भट्'को तद्भव-रूप हो। भणा र भारतमा खासै भेद पाइँदैन। भणाको कथावस्तु, पात्र र तिनका शौर्यको वर्णन एकै प्रकारका हुन्छन् । भारत भनिनुका जुन कारण छन् तिनै कारण भणा भनिनुको पछाडि पनि रहेका छन्। किनभने संस्कृतमा भट् भन्नाले वीर योद्धा वुझिन्छ। भारत अथवा भणामा पनि वीर योद्धाहरूको गाथाको गायन हुनाले यी दुवै नामले एउटै आशय वुझाउँछन् ।

सुदूर पश्चिमको दार्चुला जिल्लाका केही ठाउँमा र भारतको कुमाउँतिर हुड्केलीलाई हुड्कीबोल भनिन्छ। यो हुड्केलीकै अर्थसँग समानता राख्ने नाम हो। यस्ता स्थानीय वोलीका आधारमा बनेका नामहरूका भेद धेरै पाइन्छन्। जे होस् यी सबै नामहरू, कथावस्तु, चरित्र र प्रस्तुतिमध्ये कुनै-न-कुनै आधारमा रहन गए पनि तिनीहरूमा वीर योद्धाकै चरित्र-वर्णन प्रमुख रूपमा हुने गर्छ भन्ने माथिको विश्लेषणबाट स्पष्ट हुन्छ।

प्रदर्शन, अवधि र विधि

हुड्केली डोटेली समाजको निकै लोकप्रिय सांस्कृतिक लोकसम्पदा हो। यसको गायन र प्रदर्शन निश्चित अवसरमा हुने गर्छ। गाउँको सम्पन्न वा प्रमुख व्यक्तिको घरमा विहेवारी र अन्य उत्सवका अवसरमा दमाईं जातिले गाउने परम्परा छ। यसको प्रदर्शन र गायनका निम्ति लामो समय र शान्त वातावरणको आवश्यकता पर्दछ। किनभने यसको लामो कथावस्तु हुने हुँदा यसलाई पूरा नसुन्दा कथावस्तुबारे पूर्ण जानकारी हुन सक्दैन । कथावस्तुको पूर्ण ज्ञानको अभावमा हुड्केली रोचक र आनन्ददायी हुँदैन ।

यसको प्रस्तुति एकै जनाले वा दुई जनाले वा त्यसभन्दा बढीले सामूहिक रूपमा पनि गर्दछन्। एक जना हुड्को बजाउने र अर्कोले भारत गाउने वा एकै जनाले गायन र वादन दुवै कार्य गरी यसको प्रस्तुति सम्पन्न गरिन्छ । हुड्को बजाउने अथवा भारत गाउने व्यक्तिलाई हुड्के भनिन्छ। गुन्यूँ आकारको झगुलो, सेतो जामा, शिरमा पगरी, कम्मरमा पटुका, खुट्टामा घुङरू बाँधी नाच्दै हातमा रहेको हुड्कोको मीठो ध्वनिले वातावरणलाई शान्त एवं गम्भीर बनाउँछ। प्रमुख गायकले लयमा हुड्के गाउँदै गायनको लयमा ताल मिलाएर नाच्दै कथावस्तुलाई अगाडि बढाउँछ । नाच्दै जाँदा र साहसिलो प्रसङ्ग आउँदा फनक्क घुम्नु, बीच-बीचमा सन्देशमूलक उखान-टुक्काको प्रयोग गर्नु र समय-समयमा दर्शक-श्रोताहरूलाई 'महाराज, गरी'प्रभो' जस्ता शब्दले सम्बोधन गर्नु डोटेली हुड्केलीका विशेषता हुन्।

हुड्केली प्रदर्शन गर्नुपूर्व हुड्केले निर्विघ्नताका निम्ति मङ्गलाचरण गाउने

oal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding

प्रचलन छ। मङ्गलाचरणमा यस ब्रह्माण्डका सवै तत्त्व, ज्ञान र देवीदेउतालाई स्मरण गरिन्छ जस्तै–

'सत्य सत्य सत्ताइस नक्षत्र, सात बार सवद रिखी
न व्याकरण, आचार
चारै वेद, चौध शास्त्र, अठार पुराण...
शिरपूज्य शिरका नायाँ
पाउपुज्जे पाउका नायाँ
जहाँ धर्म तहाँ कर्म,
छत्रधारे... महाराज !'

यसरी हुड्केली नियमवद्ध, शान्त र सुमधुर वातावरणमा मात्र अघि बढ्दछ।

विषयवस्तु

गायन, नृत्य र वाद्यको त्रिवेणीमा कल्कलाउने हुड्केली डोटीको इतिहास र संस्कृतिका संवाहक हुन्। तत्कालीन डोटी राज्यबीच र कुमाउँ गढवाल राज्यबीच समय-समयमा युद्ध भइरहन्थ्यो। इतिहासमा डोटी र कुमाउँ राज्यवीच कहिले सुमधुर सम्वन्ध भएको उल्लेखसम्म पाइँदैन। दुई राज्यबीचको कटुता र शत्रुताका कारण कैयौं वीर योद्धाहरूले ज्यान गुमाउनु परेको थियो। यसरी आफ्नो राज्यको अखण्डता र स्वाभिमानको रक्षाका लागि मरिमेट्ने वीरहरूको चरित्र वर्णन नै अधिकांश हुड्केलीको विषय रहेको छ। केही हुड्केली सामन्त प्रवृत्तिका राजाहरूका विरुद्धमा स्थानीय वीरहरूले विरोध गरी त्यस्ता अत्याचारी राजासँग युद्ध लडी आफ्नो हक-अधिकारको प्राप्तिका निम्ति लड्दा-लड्दै प्राण गुमाउन पुगेका ती वीरहरूको चरित्रमा आधारित छन्। जे होस्, हुड्केलीको विषयवस्तु राज्यको सुरक्षामा योद्धाहरूले कर्तव्य-निर्वाह गर्दा गर्दै प्राणोत्सर्ग गर्ने, आफ्नो हक-अधिकारका निम्ति लड्ने र अन्याय-अत्याचारको विरोध गर्ने तथा जातीय स्वाभिमानलाई बचाउन खेलेको भूमिका नै प्रमुख देखिन्छ। फाटफुट प्रेमसँग सम्वन्धित विषयमा आधारित हुड्केलीका कथावस्तु पनि छन्।

यस्ता वीरहरूको पराक्रम एवं साहसिक कार्य देखेर तत्कालीन लोकप्रतिभाहरूले उनीहरूको चरित्रलाई आफ्नो लोकभाषाको रचना र सुमधुर वाणीले गायन गरी लोकस्मृतिमा सुरक्षित गरिदिएर इतिहास र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान दिएका छन्। आजसम्म पनि त्यही दमाईं जातिले यस्ता इतिहासलाई सुरक्षित राख्ने प्रयास गरेका भए तापनि अत्याधुनिक सूचना, सञ्चार र मनोरञ्जनका अनेकौं साधन र आधुनिक संस्कृति र सभ्यताको माझमा यो हुड्केली कला-परम्पराको संरक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

कसरी गर्न सकिन्छ भन्नेबारे कसैको ध्यान नजानुले निकट भविष्यमा यो कला-परम्परा लोप हुने स्थितिमा नहोला भन्न सकिँदैन ।

यस क्षेत्रमा २५ वटा जति हुड्केली/लोकगाथा प्रमुख रूपमा प्रचलित रहेका छन् र तीमध्ये केही हुड्केली/लोकगाथा निम्न हुन् :

राजा मानसार,	राजा काशीराम,
राजा जितारी मल्ल,	राजा संसारी वर्मा ।

यी लोकगाथाहरू दैलेख-दुल्लु, अछामका केही भाग र कर्णालीतिर लोकप्रिय छन्। अन्य केही हुड्केलीहरू यस प्रकार छन् :

सकराम कार्की,	उदाछापला,
नैना कठायत,	विगा पनेरू,
लाली साउन,	रनि राउत,
रनि विट्ठ,	विमा राउत,
नर्साधौन,	खातीज्यू ।

यी हुड्केलीहरू अछाम, डोटी, डडेल्धुरा, वैतडी आदि जिल्लाहरूमा प्रचलित छन् ।

नेपालको सांस्कृतिक, भाषिक एवं राजनीतिक इतिहासमा यो क्षेत्र अग्रस्थानमा छ । आज राष्ट्रको समग्र इतिहास-लेखनमा नौला प्रयास भइरहेका छन् । यो खुशीको विषय हो । तर हुड्केलीमा पाइने ऐतिहासिक घटना र सन्दर्भहरूको अध्ययन गरेको नपाइनुले यस क्षेत्रको सांस्कृतिक उत्थानमा सम्वन्धित विशेषज्ञहरूले रुचि नलिएको मान्न सकिन्छ । यस्तो संस्कृति र इतिहासको संवाहक लोकविधा हुड्केलीको अध्ययन र संरक्षण हुनु आवश्यक भइसकेको तथ्य निर्विवाद छ ।

□

जहाँ अज्ञान परम-सुख मानिन्छ, त्यहाँ ज्ञानी हुनु मूर्खता हो ।

–ग्रे

प्रतिभाशाली मान्छेका विरुद्धमा सबै मूर्ख मान्छे उचालिएका हुन्छन् ।

–स्विफ्ट

oal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: M

संस्कृत-साहित्यका धुरन्धर विद्वान् पं. करुणाकर पनेरूको संस्मरण

मोतीराम पनेरू

सच्चा, त्यागी बन्न कुनै राजनीतिक झण्डा बोक्नुपर्दैन र कसैको स्तुतिगान पनि गरिरहनु पर्दैन । संसारमा महान् बन्न सङ्कल्पसिद्धि र त्याग गर्न सक्ने फराकिलो छाती भए पुग्छ । सदैव सत्यमार्गमा हिँडिरहँदा मानव निर्भय हुन्छ र आफ्नो गन्तव्य स्थानमा पुग्न ऊ सफल पनि हुन्छ । कर्तव्यच्युत व्यक्तिबाट न त देशको भलो हुन्छ न आफ्नो । एउटा विलक्षण प्रतिभासम्पन्न व्यक्तिका लागि राष्ट्रले निकै लामो समयसम्म पर्खिनुपर्ने हुन्छ । प्रायः त्यागी व्यक्तिको सही मूल्याङ्कन समाजले वेलैमा गर्न सक्दो रहेनछ । यस्तो परिपाटीले समाज नै घाटामा पर्छ । यस्तै सुदूर पश्चिमको समाजद्वारा आजसम्म यथार्थ सम्मान पाउन नसक्नुभएका संस्कृतसाहित्यका एक महान् चिन्तक त्यागी महापुरुषको संक्षिप्त संस्मरण गर्ने धोको मात्र हो यो ।

महाकाली अञ्चलको डडेल्धुरा जिल्लास्थित जैसेरा भन्ने गाउँमा जन्मनुभएका स्वर्गीय रघुनाथ पनेरूका छ छोराहरू संस्कृत भाषाका एकभन्दा अर्का विद्वान् हुनुहुन्थ्यो । उहाँहरू अहिले यो धर्तीमा हुनुहुन्न तापनि उहाँहरूले गरेका उत्कृष्ट अध्ययनकार्य अमर रहिरहनेछ र त्यो गाउँ पनि महिमामण्डित भइरहनेछ । यद्यपि विद्वत्ताको दृष्टिमा उहाँका सम्पूर्ण भाइहरू संस्कृत भाषामा पारङ्गत र एकभन्दा अर्का झन् विद्वान् हुनुहुन्थ्यो । तापनि पं. करुणाकर पनेरू सबैभन्दा जेठा हुनुहुन्थ्यो र उहाँको नाम नसुन्ने व्यक्तिहरू त्यहाँ विरलै होलान् । उहाँका पितामह पं. कमलाकर पनेरू ज्येष्ठ पितामह पं. वलराम पनेरू आदिआदि सम्पूर्ण पूर्वजहरू पनि संस्कृत-वाङ्मयका उद्भट विद्वान् हुनुभएकै कारण विद्या हराए काशी जानू न्याय हराए गोर्खा जानू भनेझैं त्यहाँको लागि पनि 'विद्या हराए जैसेरा जानू' भन्ने लोकोक्ति समेत प्रसिद्ध भइसकेको थियो ।

यस्तो विद्वत्कुलमा जन्मनुभएका पं. करुणाकर पनेरूको जीवनगाथा भने अत्यन्त कष्टपूर्ण र चिन्तनीय रहेको छ । बत्तीस वर्षको उमेरसम्म उहाँ गाउँघरमा काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

लाग्ने कर्मकाण्ड सिक्ने तर्खरमा हुनुहुन्थ्यो । एक दिन कुनै मित्रको विवाह-संस्कार सम्पन्न गराउँदै रहनुभएका करुणाकर पनेरूलाई अपहेलित गर्दै गाउँका कुनै भलाद्मी ठालुले 'तँ जस्ता कीरा मार्नेका सन्तानले कुनै राजाका दरवारमा पुराणका पहेँलापत्रहरू पल्टाउने आशा नगरे पनि हुन्छ । पानी पर्दै छ । कति धुरन्धर पण्डित हुन खोजेको ? छिटो गर्,' भनी कटु व्यङ्ग गरेछन् । यो घटना कुनै कपोलकल्पित नभई सत्य हो र ती ठालु भलाद्मीले उनी कम शिक्षित भएकोमा त्यसरी कटुक्तिको प्रयोगद्वारा अपमानित गरेका थिए । पं. करुणाकर पनेरूका पिताजीले ३६० वटा मौरीका घारहरू राख्नुभएको थियो । मौरीको मह उहाँको घरमा पानीभन्दा पनि सस्तो दाममा विक्री हुने गर्दथ्यो । प्रतिदिन मौरीको घारवाट मह झिकिरहँदा चक्कुले मौरीहरू काटिएर मर्नु स्वाभाविक कुरा हुनाले पनि भलाद्मीको व्यङ्गचोक्ति सारगर्भित छ । अत्यधिक मौरी पालनका कारणलै नै पं. करुणाकर पनेरूको पितालाई 'मौऱ्या पनेरू' भन्ने पनि गरिन्थ्यो ।

त्यस्ता साधारण वावुका छोराले वत्तीस वर्षपछि काशीमा गई संस्कृत जस्तो कठिन विद्या पढी धुरन्धर विद्वान् हुनु भनेको सानो काम थिएन । ठालु पुरुषका मर्मभेदी वाग्वाणले आहत करुणाकर पनेरूले तत्काल विवाहविधिको पुस्तक वन्द गर्नुभएछ । तिनवाटै आशीर्वाद मागी घरमा आफ्ना नवजात दुई छोरा, सहधर्मचारिणी पत्नी र मातापिताको विशुद्ध स्नेहपाशलाई परित्याग गरी संस्कृत भाषा पढ्ने दृढ संकल्पका साथ अन्ततोगत्वा काशीमा आजीवन स्वाध्याय गर्नुभयो र ती भलाद्मीका तिक्त वाक्यहरूलाई चरितार्थ पारिछाड्नुभयो ।

यो लघुकाय लेखमा वहाँको सम्पूर्ण विद्वत्ता र जीवनगाथा प्रदर्शन गर्न सम्भव छैन । स्वर्गीय पं.करुणाकर पनेरू यस पङ्क्तिकारका प्रात:स्मरणीय स्वनामधन्य ज्येष्ठ पिता हुनुहुन्थ्यो । तर पनि यो पङ्क्तिकारले वहाँको सान्निध्य प्राप्त गर्न सकेन, किनभने पङ्क्तिकारको बाल्यकालमा नै वहाँ काशीमा ब्रह्मलीन भइसक्नुभएको थियो । वहाँले पढ्दाखेरि लेख्नुभएका सुन्दर-सुन्दर संस्कृतमय गद्य-पद्यमय चिट्ठीपत्रहरू वहाँ जस्तै विद्वान् र वहाँकै शिष्यत्व ग्रहण गर्नुभएका पङ्क्तिकारका स्वर्गीय पूज्यपाद पिताजीले सुरक्षित राख्नुभएको देख्दा वहाँप्रति श्रद्धावनत हुनुसिवाय यो पङ्क्तिकारले अरू केही गर्न सक्दैन । वहाँका शिष्यहरू बनारसमा प्रशस्तै भेटिन्छन् । नेपालमा पनि वहाँका कैयौं शिष्य भए होलान् ।

पं. करुणाकर पनेरूले सिद्धान्त कौमुदीका दुरूह फक्किकाहरूलाई नेपाली भाषामा सरल तरीकाले लेख्नुभएको छ जुन अद्यापि उपलब्ध छ तर दुर्भाग्यवश केही अंश हराएकाले पूर्ण छैन । विभिन्न विद्वान्का पुस्तकहरूमा वहाँका मन्तव्यहरू पढ्न पाइन्छन् । वहाँ आफैंले सम्पादन गरेको 'कर्मकाण्डप्रदीप' नामक पुस्तकको

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भूमिकाको अन्त्यमा उहाँले सांख्यवेदान्तकाव्यतीर्थ पं करुणाकर पनेरू भन्ने उपाधि उल्लेख गर्नुभएको छ तापनि वहाँलाई त्यत्ति नै विषयमा सीमित राख्न मिल्दैन । वहाँको गम्भीर अध्ययनलाई मनन गर्नुभएका कतिपय दिवङ्गत विद्वान्हरूमध्ये सर्वप्रथम आचार्य शेषराज शर्मा रेग्मी, पूर्वाञ्चलका मूर्द्धन्य विद्वान् पं. छविलाल पोखेरेल, प्राज्ञ प्रा. चूडानाथ भट्टराय र स्वयं मेरै पिताजी पनि हुनुहुन्थ्यो । वहाँसँग उठवस भएका कतिपय जीवित विद्वान्हरू पनि अझै हुनुहोला ।

न्याय, व्याकरण, साहित्य, ज्योतिष, धर्मशास्त्र, पुराण र दर्शनादि ग्रन्थहरूको आजीवन अध्यापन गरी अन्त्यमा काशीमै ब्रह्मसायुज्य प्राप्त गर्नुभएका पं. करुणाकर पनेरू सुदूर पश्चिमाञ्चल क्षेत्रका लागि संस्कृत भाषाका प्रसिद्ध विद्वान् दधिराम मरासिनी जस्तै त्यागशील साधक व्यक्ति हुनुहुन्थ्यो । तर आज यो लेखकलाई दुःख छ, वहाँको फोटोपर्यन्त यो लेखकले देख्न पाएको छैन । नेपालका ख्यातिप्राप्त विद्वान्हरू, विद्वच्छिरोमणि साहित्याचार्य कुलचन्द्र गौतम, न्यायाचार्य पद्मप्रसाद भट्टराई, पण्डितराज सोमनाथ शर्मा सिग्द्याल आदिको तस्वीर हेर्दा मनमा अर्कै विशुद्ध श्रद्धा उत्पन्न भएझैं वहाँको तस्वीर पनि हेर्न पाए हुँदो हो भन्ने एउटा अर्को धोको पनि थियो यो पङक्तिकारको मनमा तर दुर्भाग्यवश त्यो कुरो जुटेन । वहाँको कुरैकुरा मात्र भए । कतै अतिशयोक्ति भएको लाञ्छना त लाग्ने होइन भन्ने आशङ्का पनि पङ्क्तिकारलाई भइरहेको छ तर जे होस् सत्य कुरा नै लेख्न खोजिएको हो । वहाँ जस्तो मनीषीको विषयमा अहिलेसम्म कसैले पनि लेखेको नदेख्दा लेखकको मनमा खल्लो लागेको थियो । आज यो मर्यादा पत्रिकामार्फत् लेख्ने अवसर पाएँ ।

पं. करुणाकर पनेरूले चाहेको भए उच्चपद र विभिन्न पुरस्कारहरू पाउन सक्नुहुन्थ्यो होला । चन्द्रशमशेर जस्ता क्रूर शासकको दरबारमा पुराण भन्ने पण्डितको रूपमा पनि उहाँ नियुक्त हुनुभएको कुरा सुनेको हुँ । माहिला गुरुजी संस्कृतका प्रकाण्ड विद्वान् पं. हेमराज पाण्डेयसँग पनि उहाँको सम्पर्क नभएको होइन । तर उहाँको खरो स्वभाव र स्वाभिमानी प्रवृत्तिले मान-सम्मानलाई चाहेन । चन्द्रशमशेरलाई सोझै जवाफ दिने क्रममा वहाँले भन्नुभएछ–'मैले सरकारको दरबारमा पुराण भन्न काशीमा एक छाक खाई पढेको हैन । मलाई पण्डितपद चाहिएन सरकार । मलाई दिनदिनैको चाकरी गर्ने विधि आउँदैन । म अर्काको गुलाम होइन ।' यस्तो ठाडो जवाफ दिएको अपराधमा वहाँले देश छोड्नुपर्‍यो । यसरी अनेक कष्टहरू वहाँको जीवनमा आइपरेछन् ।

उता आफ्नै जेठा छोरा जो त्यस वेलाका राणाहरूको दरबारमा खरदार जागिरमा नियुक्त थिए, उनलाई पिता पं. करुणाकर पनेरूले भनेछन्–'मैले दरबार छोडें, तँ पनि यी राणाहरूको गुलाम न हो ।' यसको जवाफमा छोराले भनेछन्–'तँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

जस्ताटपरे वावुले म जस्तो ३ सरकारको जागिर खानेलाई सम्झाउँछस् । तँ मेरो वावु नै होइनस् ।' यसरी छोराले समेत उहाँलाई वाग्वाण हानेपछि, 'तँ फटाहा पनि मेरो छोरो होइनस् । तँ मेरो शत्रु होस् । तँ कुलकलङ्कीकहाँ म एकछिन पनि वस्न चाहन्नँ । तेरो मृत्युको खवर म वनारसमा एक महिनाभित्रै सुन्नेछु । तेरो तिलाञ्जलि दिएको दिनमा मलाई शान्ति हुनेछ,' भनी भीमफेदीको वाटो हुँदै वनारसतिर लाग्नु-भएछ । पूर्वकथनानुसार एक महिनाभित्रै छोरो मरेको खवर पनि पाउनुभएपछि आज मेरो शत्रु मरेको खुशीमा भोलि मिठाइ खानुपर्ला भनी खूब हाँस्नुभएको कुरा स्वयं प्रत्यक्षदर्शी स्व. पिताजीवाट सुनेको हुँ ।

सुदूर पश्चिमका संस्कृतभाषाका एक प्रकाण्ड विद्वान् पं. करुणाकर पनेरूको स्मृतिग्रन्थ हुनुपर्ने हो । वहाँको विषयमा गम्भीर अन्वेषण हुनु वाँकी नै छ । वहाँले लेख्नुभएका ज्योतिषादि विभिन्न विषयका पाण्डुलिपि र वहाँका कृतिहरूलाई विद्वज्जनसमक्ष ल्याउने कार्य आगामी समयका लागि थाती राखी आजको यो लेखमा वहाँको श्रद्धासहित स्मरण मात्र गर्न खोजिएको हो । यसै क्रममा स्वर्गीय विद्वान् पिताजीले आफू प्रथमा परीक्षा पढिरहेका वेला वहाँको विषयमा निम्नाङ्कित पद्यहरूको रचना गर्नुभएको रहेछ जसमा वहाँको जन्मकालिक ग्रहहरूको विवरणका साथै तीन पुस्तासम्मको वंशवर्णन पनि पाइन्छ । ती पङ्क्तिहरू यस प्रकार छन्–

नेपालदेखि सुन पश्चिम तर्फ भारी ।
जग्गा छ खास रसिलो चहुँ तर्फ हेरी ॥
तेस्मा पनी अझ कुलीन धनाढ्य खाली ।
डोटी विषे सब जना छन भाग्यशाली ॥१॥

हाम्रा कुमाइहरुको अघिको स्वदेश ।
त्यै डोटिको वुझिलिनू सवले सनेस ॥
त्यै डोटिमा अघि सनातन धर्मशाली ।
यौटा थिए ति कमलाकर मात्र खाली ॥२॥

तिन्का पनी असल पुत्र कुनै विचारी ।
श्रीरामतुल्य रघुनाथ भए प्रचारी ॥
तिन्मा पनी अझ वृहस्पति खास हेर ।
यै कालमा हुनुभयो अवतार फेर ॥३॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सारा ग्रहादि पनि मङ्गलमा मलेर ।
माङ्गल्य मात्र गरनें दिनरात हेर ॥
श्रीवत्सयोगहरूले परिपूर्ण खास ।
यै कुण्डली ठिक परी हुनुभो प्रकाश ॥४॥

वस्वग्नि अङ्क अचला यहि युक्त साल ॥(१९३८साल)
यै शुक्लपक्ष वुझ फाल्गुन मासकाल ॥
एकादशी परनगो तिथि भौमवार ।
नक्षत्र पर्दछ पुनर्वसु खास हेर ॥५॥

फेरी अहो दशघडी निशिको चढेको ।
तौली तुरन्त अनि लग्न पनी परेको ॥
चौथो वृहस्पति र अर्कजको ठाम ।
श्रीसूर्य, शुक्र, वुध पञ्चममा तमाम ॥६॥

दोस्रो छ राहु अनि अप्टम केतु खास ।
नन्दा छ भौम रजनीकरको निवास ॥
यै योगमा पृथिवीमा गुरुको सवारी ।
पक्का भएछ करुणाकर नाम पारी ॥७॥

जस्ले गरेर करुणा सवको भलाई ।
अन्वर्थ पारि करुणाकर नामलाई ॥
पट्शास्त्र सार झिकि नैतिक सार ल्याई ।
श्रीहेम सम्म परिपूर्ण छ नामलाई ॥८॥

सारै कठोर पनि शास्त्र खुलस्त पारी ।
ऐले वुझाउँछु भनी मनमा विचारी ॥
श्रीदेवका गुरु वृहस्पति आज खाली ।
पाल्नू भयो भवमहाँ करुणा निकाली ॥९॥

पट्शास्त्रले प्रवल मूल लिई अनेक ।
पट्कर्ममा वसि निरन्तर एक एक ॥
शोभा वढचो झन अहो अहिले अनूप ।
वर्णन कहाँतक गरूँ प्रभुको स्वरूप ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

यसरी विद्वत्समाजमा समादृत हुनुभएका पं. करुणाकर पनेरूको जीवनमा पुत्रशोक पत्नीशोक जस्ता अनेकानेक दारूण शोक परे पनि ८० वर्षको वृद्धावस्थासम्म अविचल रही निरन्तर अमूल्य ग्रन्थहरूको स्वाध्याय गर्न छोड्नुभएन। अन्तमा आफ्नै व्यक्ति र राणाहरूको कोपभाजन वन्न पुग्नुभएका पं. करुणाकर पनेरू २०१८ साल श्रावणमा आफ्नो कर्मभूमि बनारसमा नै अस्ताउनुभयो। त्यस्ता स्पष्टवक्ता, सर्वतोमुखी प्रतिभासम्पन्न र वाणीसिद्ध महापुरुपप्रति विद्वच्चरणचञ्चरीक यो लेखकको पनि कोटि-कोटि नमन छ।

जयतु संस्कृतम्। शुभम्।

□

रोग, भोक, महँगी, अभाव र अशिक्षा पछौटेपनका अभिशापहरू हुन्। यिनका विरुद्ध हाम्रो सङ्घर्ष हिजो थियो, आज पनि छ र तवसम्म रहिरहनेछ जवसम्म तिनीहरू हाम्रो देशबाट पूरै निर्मूल हुँदैनन्।

–श्री ५ वीरेन्द्र

नपढ्नेभन्दा पढ्ने श्रेष्ठ हुन्छन्। पढ्नेभन्दा पढेको सम्झना राख्ने श्रेष्ठ हुन्छन्। सम्झना राख्नेभन्दा पढेको कुराको अभिप्राय बुझ्ने श्रेष्ठ हुन्छन्। सवैभन्दा श्रेष्ठ चाहिँ त्यसबमोजिम् आचरण गर्नेहरू हुन्छन्।

-मनुस्मृति

सच्चा कवि त्यही हो-
जुहीको फूल ओइलाएको देख्दा जो तरक्क रुन सक्छ।

–भीमनिधि तिवारी

यदि तिमीले धर्मपत्नी असल पायौ भने सुख भोग गर्नेछौ तर खराब पायौ भने चाहिँ तिमी म जस्तै दार्शनिक बन्नेछौ।

–सुकरात

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri. Funding: M

उग्रतारा भगवती

नारा जोशी

हाम्रो देश नेपाल धर्म र संस्कृतिको क्षेत्रमा अत्यन्त समृद्ध र अग्रणी रहेको छ। यहाँका धार्मिक परम्परा, रीतिरिवाज र देवस्थलहरूको महिमा अतुलनीय छ। त्यसमा पनि अझ सुदूर पश्चिमाञ्चल क्षेत्रमा देवी-देवताको स्थान अग्रपङ्क्तिमा छ। यहाँको जनमानसमा देवी-देवताको शक्तिमा रहेको अखण्डित विश्वासले गर्दा यदाकदा डाक्टर र वैद्यको अभावको पनि आंशिक परिपूर्ति भइरहेको देखिन्छ। कुनै मानिसलाई रोग लागेमा औषधि-उपचारको सट्टा देवी-देवताको स्तुति गर्ने परम्परा वर्तमान समयमा पनि छ।

सुदूर पश्चिममा कैयन् शक्तिपीठहरू छन् जसको पूजाआजा गरी मनोवाञ्छित फल पाउने विश्वासमा निकै ठूलो समुदाय अडिग छ। यहाँका शक्तिपीठहरूमा कुनै मूर्तिको पूजा हुँदैन, केवल शिलाको पूजा हुन्छ । त्यो पनि सर्वसाधारणले दर्शन गर्न र पूजा गर्न पाउँदैनन्। यो मन्दिरको गात (भित्री भाग/गर्भस्थल)मा स्थापना गरिएको हुन्छ जसको पूजा केवल पुजारी पण्डाले मात्र गर्न पाउने परम्परा कायम छ। दर्शनार्थी भक्तजनहरूले ठूलो मन्दिरको बाहिरी भागमा बसी आफ्नो पूजा-सामग्री पुजारीमार्फत् चढाउँछन् । यस क्षेत्रका प्रायः सम्पूर्ण देवस्थलमा यसरी नै पूजा गरिन्छ।

सुदूर पश्चिमाञ्चलका शक्तिपीठहरूमध्ये महाकाली अञ्चलको डडेल्धुरा जिल्लामा पर्ने उग्रतारा भगवतीको पनि आफ्नै महिमा छ। शक्तिस्वरूपा भगवतीको पूजाआजा गर्न श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव पनि समय-समयमा सवारी होइबक्सिन्छ। यस देवीस्थलको मर्मतका लागि श्री ५ बाट वि.सं. २०३८ मा एक लाख रुपियाँ बक्स भएको अभिलेख छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

यो मन्दिर डडेल्धुरा सदरमुकामबाट उत्तरपश्चिममा अवस्थित छ । यहाँको प्राकृतिक दृश्य अत्यन्त रमणीय छ । मन्दिरको पूर्वतिर धूपिसल्लाका त्रिकोणधारी वृक्षहरूले मनोहर दृश्य प्रदान गर्दछन् । यस मन्दिरको दर्शनार्थ आउने प्रत्येक नयाँ व्यक्ति यस मन्दिरमा पुग्नेवित्तिकै देवीको शक्तिसँगै प्राकृतिक सौन्दर्यबाट पनि मोहित हुन्छ ।

यस जिल्लामा २०३५ सालमा नै अञ्चल सदरमुकामसँग जोड्ने मोटरबाटो पुगेको भए तापनि २०५६ सालमा पक्की सडक बनेपछि यातायातसेवा सुगम भएको छ र भगवतीको दर्शन गर्ने श्रद्धालुका लागि सजिलो भएको छ ।

उग्रतारा भगवतीको स्थापनाको विषयमा यस क्षेत्रमा प्रसिद्ध एउटा किम्वदन्ती यस प्रकार छ–

हाल डडेल्धुरा नगरपालिका वार्ड नं. ७ र ८ मा जुन कुइली गाउँ छ त्यसको नाउँ त्यति वेला पनि कुइली नै थियो । त्यति वेला यहाँ ठूलो बस्ती रहेको थियो । यसै बस्तीका एक वासिन्दा बूढा थापा पनि थिए । यो गाउँका वासिन्दाहरूको गौचरन हालको उग्रतारा मन्दिर भएको ठाउँमा थियो । सम्पूर्ण गाउँका गोठाला आफ्ना गाई त्यहीं चराउँथे । एक दिनको कुरा भर्खर व्याएकी गाईले घरमा दूध दिन छाडी । गाईले दूध नदिंदा बूढा थापालाई चिन्ता लाग्यो । गाईलाई उपचारका लागि अनेक टुनामुना गरे तर गाईले घरमा दूध दिएन । यस विषयमा गोठालाहरूले खोजी गरे ।

ठीक मध्याह्नको समयमा गाईले एक शिलामा दूध वगाइराखेको गोठालाहरूले देखे । यो कुरा घर आएर बूढा थापालाई बताए । भोलिपल्ट बूढाथापा पनि गोठालाहरूसँग गएर त्यो शिलालाई ढोगी घाँसपातले छोपेर आए ।

यो कुरा बूढा थापाले सबै गाउँलेहरूलाई बताए । गाउँका सबै मानिस जम्मा भए र छलफल गरे । गाईले दूध दिने शिला सामान्य होइन, यो भगवतीको रूप हो, यसको पूजाआजा गर्नुपर्दछ भन्ने निर्णय गरे । यो शिलाको दर्शन सर्वप्रथम बूढा थापाबाट भएको हुँदा बूढा थापालाई नै पुजारी बनाउने निधो गरियो । भगवतीको पूजा गर्ने दिन पनि कार्तिक शुक्ल चतुर्दशी ठीक ठहरियो । हालसम्म पनि कार्तिक शुक्ल चतुर्दशीका दिन उग्रतारा भगवतीको जाँत (जात्रा) हुने चलन छ ।

त्यसपछि भगवतीको पूजा गर्नाले निर्धनले धन, अपुत्रले पुत्र पाउने जनविश्वास बढ्दै गयो । भगवतीशक्तिको प्रभावबाट खुशी भएर भक्तजनहरू सुन, चाँदी, द्रव्य, अनेक रत्न र वस्त्र चढाउन थाले । यसरी श्रद्धालु जनद्वारा चढाइएको धनराशिले मन्दिरको भण्डार बढ्दै गएको समाचार गाउँघरमा संप्रेषित भयो । यो शाके संवत् १३०६ तिरको कुरा हो । यति वेला अजयमेर कोटमा नागी मल्ल राज्य गर्दथे । राजा नागी मल्ल हठी प्रवृत्तिका थिए । उनले भगवतीको महिमा सुनेपछि बूढा थापालाई

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

डराउने-धम्काउने गर्न थाले । नागी मल्लले वूढा थापासँग भने, 'भण्डारमा रहेको सुन-चाँदी मलाई देऊ अन्यथा तिम्रो भगवतीको शक्ति देखाऊ ।' यसरी वूढा थापा निकै अप्ठचारोमा परे र भने, 'मेरो घरको पल्लोपट्टिको कालापत्थरमा सवारी होस्, शक्ति परीक्षण गरौंला ।'

राजा नागी मल्ल आफ्नो कटक (सेना) सहित वूढाथापाको घर भएको ठाउँमा पुगे । त्यहाँ पुगेपछि नागी मल्लले आफ्नो कम्मरमा भिरेको तरवार झिके र वूढा थापालाई भने, 'तिम्री भगवतीको शक्ति-परीक्षण गरौं । म तरवार ठाडो राख्छु, यसको टुप्पोमा तिमी आफ्नो पेट राखी फन्फनी पाँच चोटि घुम ।' यो कुरा सुनेपछि वूढा थापाका आँखा रसाए र आत्माले नै भगवतीलाई पुकारा गरी राजाले भनेअनुसार तरवारमा घुमे ।

यो चमत्कार देखेपछि राजा आफ्ना सेनासहित खाली हात दरवार फर्के । दरवार पुग्दा राजकुमार र रानी थर्थर कामिराखेका थिए । दरवारको यस्तो दृश्य देखेपछि राजा र सेनाले यो भगवतीको चमत्कार हो भन्ने वुझेर भगवतीसँग क्षमायाचनाका लागि पुन: कालापत्थर(हाल उग्रतारा भगवतीको मन्दिर भएको ठाउँ)मा गए । त्यहाँ राजाले क्षमायाचना गरी, सुन-चाँदी, देवदासी चढाउने वाचा गरे । यति मात्र नभएर नरवलि पनि दिने भाकल गरे । राजा नागी मल्लको पालादेखि देवदासी चढाउने परम्परा चलिरहयो । उनले आफ्नो पालासम्म कार्तिक शुक्ल चतुर्दशीका दिन पूजा गर्नुका साथै आफूले गरेको भाकलअनुसार नरवलि पनि दिँदै गरे ।

नागी मल्लपछि उनका छोरा रिपु मल्ल राजा भए । रिपु मल्लले नरवलि दिने चलन वन्द गरे । अन्य पूजाआजा गर्ने परम्परा कायम नै रहयो । वरु रिपु मल्लले नयाँ परम्पराको थालनी गरे, जसअनुसार गर्खा-गर्खावाट वाजागाजासहित जाँत ल्याउने र तिनका बीच प्रतिस्पर्द्धा गराउने गरियो । यसरी कार्तिक शुक्ल चतुर्दशीका दिन धनुष-वाण चलाउने कौशलको प्रतिस्पर्द्धाको प्रारम्भ भयो । यस्तो धनुष-वाण चलाउने प्रतिस्पर्द्धा पृथ्वीनाराण शाहको नेपाल एकीकरणसम्म चलिरहयो ।

नेपाल एकीकरणपश्चात् यहाँका राजाहरू भागेर भारतको सिंहाइ गए । राजाहरू भागेपछि पुजारी वूढा थापाका सन्तानहरूले पनि धनको लोभमा परेर मन्दिरको धनमा आँखा गाडे । फलस्वरूप वूढा थापाको वंशको पनि अन्त्य भयो । त्यसपछि क्षत्रिवंशीय मङ्गल शाकी पुजारीका रूपमा स्थापित भए र ब्राह्मणहरूले हवन गर्न थाले । शाकी वंशमा सवभन्दा पहिले रिउले शाकी पुजारी भए । हालसम्म पनि यही शाकी-वंशीय क्षेत्री पुजारी छन् । हवन गर्नेमा चार थरी ब्राह्मण छन्– पन्त, पल्याल, गढकल्याल र हन्तर कल्याल । हालसम्म पनि उक्त चार वंशकै ब्राह्मणहरूद्वारा हवन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

वर्तमान समयमा उग्रतारा भगवतीको महिमा निकै बढेको छ । कार्तिक शुक्ल चतुर्दशीका दिन यहाँ निकै ठूलो मेला लाग्दछ । टाढा-टाढाबाट मानिसहरू आफ्नो अभिलाषा पूरा भएअनुरूप गच्छेअनुसार उपहार चढाउन आउँछन् । यहाँका स्थानीय वासिन्दाहरू त सानो-ठूलो जस्तोसुकै कठिनाइ परे पनि पहिले भगवतीका सामुन्ने टाउको निहुराउन पुग्दछन् । सन्तानप्राप्तिदेखि लिएर अतिवृष्टि, अनावृष्टि, रोग, शोक, भय-डरबाट पनि भगवतीले रक्षा गर्दछिन् भन्ने जनधारणा छ । प्रत्येक पर्वमा भगवतीको आराधना गर्ने, नयाँ अन्न, फलफूल भगवतीलाई चढाउने, उपवास (व्रत) बस्ने, लाखबत्ती बाल्ने प्राय: सबैले गर्दछन् । यसरी मनोवाञ्छित फल पाइएका पनि कैयन् उदाहरण जनश्रुतिमा छन् ।

यस मन्दिरको २०३८ सालपछि पहिलो पटक २०५४ सालबाट पुनर्निर्माण कार्य भइरहेको छ जुन हालसम्म हुँदै छ । वर्तमान समयमा यसको हाता निकै फाराकिलो छ । मन्दिरको प्रवेशद्वार आकर्षक ढङ्गबाट निर्माण गरिएको छ । प्रवेशद्वारको दायाँ-बायाँ हात्ती र देवी-देवताका मूर्तिहरू बनाइएका छन् । खानेपानी, बिजुली बत्ती, भोजनगृह र भजनमण्डपका समेत राम्रो व्यवस्था छ । मन्दिरको चारैतिर निकै रमाइलो वातावरण छ । चैत्राष्टमीमा पनि यहाँ भक्तजनहरू भगवतीको आराधनका लागि आउने गर्दछन् । (यसको पुनर्निर्माणकार्यमा समाजसेवी डा. आरजू देउवाबाट एक लाख रुपियाँ, पूर्वप्रधानमन्त्री एवं डडेल्धुरा जिल्लाका सांसद् शेरबहादुर देउवाको सांसदकोषबाट एक लाख रुपियाँ र सेती-महाकाली बस व्यवसायी समितिबाट चालीस हजार रुपियाँ सहयोगस्वरूप प्राप्त छ भन्ने कुरा पुनर्निर्माण समितिका अध्यक्ष पद्मराज भट्टबाट जानकारी पाइएको छ ।)

सुदूर पश्चिममा यसरी थुप्रै देवी-देवताका स्थलहरू छन् जसको जगेर्ना र पुनर्निर्माणका लागि खास ध्यान कुनै क्षेत्रको पुग्न सकेको छैन । जसरी उग्रतारा भगवती डडेल्धुरा, शैलेश्वरी भगवती डोटी, त्रिपुरासुन्दरी बैतडी, मालिकार्जुन दार्चुला प्रसिद्ध छन् त्यस्तै निङ्गलासैनी, पोटलासैनी, कप्लासैनी, रणासैनी, बोदलासैनी भगवतीको महिमा पनि कम छैन । यी सबै देवदेवीहरू शिलाका रूपमा पुजिन्छन् ।

सुदूर पश्चिमक्षेत्रका सम्पूर्ण देवीदेउताको खोज-अनुसन्धान भएको खण्डमा यहाँको सांस्कृतिक र प्राकृतिक सम्पत्तिको जगेर्ना सजिलै हुनेछ । यस क्षेत्रका धेरै अनुसन्धानयोग्य कुराहरू ओझेलमा परेका छन् । यहाँ परम्परा, संस्कृतिसँगै फाग, माङ्गलगायन, सगुन आदि पनि देवीदेउतासँग सम्बन्धित छन् । भण्डारे, धामी, पण्डा, पुजारीहरूका अलिखित अनुभवका भण्डारहरू उनै व्यक्तिसँगै लोप भएर यहाँको परम्परा, संस्कृति दिन-प्रतिदिन संरक्षणको अभावमा घट्दो क्रममा छ । कतिपय जीवनोपयोगी नियमहरू बसाइ सराइको कारणबाट पनि लोप भएर गइरहेछन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुन त पर्वअनुसार आपनो कुलदेवताको पूजा-आराधना गर्न स्वदेश तथा विदेशबाट पनि यस भेकका बासिन्दा आआफ्ना पुर्ख्यौली थलोतिर आउने गर्दछन् तर त्यस्तो क्षणिक पुनरागमनले यहाँको परम्परा र संस्कृतिको चिरस्थायित्व कायम राख्न गाह्रो परिरहेछ । समय-समयमा सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरूको ध्यान यस किसिमका देवस्थलहरूतिर पुग्न सकेको खण्डमा धार्मिक सम्पदाको जगेर्नामा मद्दत पुग्नेछ। संरक्षणको अभावमा धर्म, संस्कृति तथा वनसम्पदा लगायत बहुमूल्य वनौषधि समेत लोप हुँदै गइरहेछन्। यस्ता पवित्र देवस्थल र भूभागको संरक्षणमा सबै पक्षको ध्यान जानु नितान्त आवश्यक छ।

स्रोत : १. पद्मराज भट्ट, अध्यक्ष, उग्रतारा भगवती भवन–निर्माणसमिति,
२. डा. देवीप्रसाद ओझा– डोटीक्षेत्रको इतिहास तथा संस्कृति ।

□

प्रत्येक राष्ट्रको इतिहासमा एउटा यस्तो समय पनि आउँछ जब यसका वासिन्दाले आफ्नो ज्यान समेत खतरामा हालेर यसको अस्तित्वको रक्षा गर्नुपर्छ ।

–विश्वेश्वरप्रसाद कोइराला

❖

समय सबभन्दा महान् छ- परमात्माभन्दा पनि । भक्ति आदि साधनहरूबाट परमात्मालाई त बोलाउन सकिन्छ तर कोटि उपाय गर्दा पनि बितेको समयलाई बोलाउन सकिन्न ।

–अज्ञात

❖

मैले समयलाई नष्ट गरें । अब समयले मलाई नष्ट गरिरहेछ ।

–शेक्सपियर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

कञ्चनपुरका ऐतिहासिक तालहरू

वीरेन्द्र कर्ण

ताल नै तालहरूले भरिएको कञ्चनपुर जिल्लामा धार्मिक तथा पर्यटकीय दृष्टिकोणले आफ्नै महत्त्व र विशेषता राख्ने तालहरू रहेका छन् भने सौन्दर्यको हकमा यी ऐतिहासिक तालहरू पर्यटकहरूलाई लोभ्याउने सामर्थ्यले परिपूर्ण देखिन्छन्। महात्म्य र पुराणहरूमा यहाँको धार्मिक तालहरूको विशिष्ट स्थान रहेको छ। धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले अति महत्त्वपूर्ण र यस क्षेत्रका समस्त हिन्दूहरूको आस्थाको केन्द्रविन्दुको रूपमा प्रसिद्धि पाएको झिलमिला तालको संरक्षण गरी यसको पर्यटकीय विकासमा जोड दिनु आवश्यकता रही आएको छ।

कञ्चनपुरको जिल्लाको सदरमुकाम महेन्द्रनगरदेखि करीव २० किलोमिटर उत्तर दिशातर्फ चुरे पहाडको शिरमा अवस्थित रहेको झिलमिला तालको सुन्दरताले प्रत्येक आगन्तुकलाई आफूतिर आकर्षित गर्दछ।

समुद्री सतहदेखि ८ सय ७५ मिटर अग्लो स्थानमा कञ्चनपुर तथा डडेल्धुरा जिल्लाहरूको सीमाक्षेत्रमा पर्ने मलास भन्ने ठाउँमा चुरे पहाडको अत्यन्त रमणीय डाँडामा रहेको यो तालको चारैतिर सुन्दर एवं हरियालीयुक्त फाँटहरू रहेका छन्। चार सय अस्सी मिटर लम्बाइ, पन्चानब्वे मिटर चौडाइ तथा सत्ताइस मिटर गहिरो यो तालको वरिपरि प्रकृतिप्रदत्त विभिन्न सुन्दर वन-उपवन तथा रूख-वृक्षहरूको नयनाभिराम उपस्थितिले तालको सौन्दर्यलाई झन् वढाएको छ।

स्वच्छ, सुन्दर निर्मल पानी भएको यस तालमा लगभग दुई सय ग्राम तौल भएका एकैनासका रङ्ग-विरङ्गी माछाहरू देखिनुले जिल्लाभरिका तालहरूमा यो तालको आफ्नै विशेषता मानिन्छ। धर्मपरायण लोकको विश्वासअनुसार कसैले यस तालका माछा मारेर खान लाग्यो भने त्यो सर्पमा परिवर्तित भएर आउँछ। यस धर्मप्रेरित लोकविश्वासले गर्दा यस तालका माछा मार्ने गरिँदैन। यस कारण तालमा रहेका माछाहरू नष्ट हुनवाट जोगिएका छन्। प्राकृतिक सौन्दर्यले परिपूर्ण देखिएको यस

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

तालको पानी दिनभरिमा कहिले कालो, कहिले नीलो, कहिले हरियो, कहिले पहैंलो र कहिले माटो रङको भएर बदलिरहनु यस तालको मुख्य आकर्षण हो ।

भनिन्छ– पौराणिक कालमा भगवान् शिव कैलास पर्वतबाट विहार गर्न भनी एक दिन पृथ्वीतिर आउँदा यो तालको सुन्दरता र यसको निर्मल पानी देखी मुग्ध भई यसैमा स्नान-विहार गर्नका लागि सिद्धेश्वर महादेवको लिङ्गको रूप लिई यस तालभित्र पसेर आनन्दका साथ जलक्रीडा गर्नुभयो । सिद्धेश्वर महालिङ्गको रूपमा विहार गरेपछि मत्स्य रूप लिई यस तालको निर्मल जलको अखण्ड आनन्द लिन भगवान् शिवलाई इच्छा भएकोले त्यसैअनुसार मत्स्यको रूप धारण गरी जलविहार गरेको भन्ने विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । कञ्चनपुर जिल्लाको पहिलेको पुरानो बजार ब्रह्मदेवमण्डी, जुन टनकपुरका कारण चर्चित पनि रहेको छ, त्यहाँबाट करीब दुई किलोमिटर उत्तरतिर चुरे पहाडमा रहेको सिद्धेश्वर महादेवको लिङ्गलाई अहिले पनि भक्तजनहरू श्रद्धापूर्वक पुज्ने गर्दछन् ।

एक अर्को किंवदन्तीका अनुसार द्वापरयुगमा उत्तराखण्ड सरोवरमा भगवान् शिव विहार गर्न जानुभयो तर फर्किएर पुन: कैलास पर्वत नआएपछि भगवान् विष्णु र देवी पार्वतीले भगवान् शिवलाई खोज्दै जाँदा आराध्यदेव भगवान् शिव यही झिलमिला तालमा मत्स्यका रूपमा देखा पर्नु भएको थियो । यस्ता अनेक धार्मिक किंवदन्तीका कारण यस तालको महत्त्व अझ बढ्न गएको पाइन्छ ।

मौसमअनुसारका रङ्गविरङ्गी फूलहरू, सदाबहार वृक्षहरू, चराचुरुङ्गीहरूको सङ्गीतमय स्वरबीच शान्त र स्थिर रहेको यो तालमा साउन र भदौको महिनामा हुस्सु र कुहिरोले ढाकेपछि झन्-झनै मनै लोभ्याउने दृश्यहरू हेर्न पाइन्छ । धार्मिक रूपमा प्रसिद्ध रहेको यो सुन्दर तालमा पूजापाठ गर्न राति-राति अहिले पनि देवी-देउता तथा अप्सराहरू आउने तथा धूप बाल्ने गर्छन् भन्ने लोकविश्वास रहेको छ । यदि कसैले एकचित्त भएर पूजापाठ गऱ्यो भने मनमा चिताएको फल प्राप्त हुने विश्वासले गर्दा श्रद्धालु भक्तजनहरू यस धार्मिक तालमा पूजापाठ लगायत अन्य धार्मिक कार्यहरू पनि गर्दछन् ।

धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले अति महत्त्वपूर्ण रहेको हिन्दूहरूको पवित्र धरोहर झिलमिला ताल हेर्न नेपाल लगायत भारतका असङ्ख्य श्रद्धालु भक्तजनहरू पूजन-दर्शनको लागि आउने भएकाले झिलमिला तालको प्रचार-प्रसार तथा पर्यटकीय सुविधाका लागि जिल्ला विकास समिति कञ्चनपुरले कामको लागि खाद्यान्न कार्यक्रमअन्तर्गत झिलमिला तालको वरिपरि परिक्रमा-मार्गको निर्माण गरिरहेको छ भने यसको संरक्षणको लागि तालको एक किलोमिटर परसम्म चारैतिर तारबार लगाउने सोच लिएको छ । यस तालमा रहेका दुर्लभ माछाको वंशपरम्परालाई अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

वढाउन तथा जैविक संरक्षणका लागि विशेष ध्यान दिएको छ ।

यो तालसम्म पुग्नका लागि यातायातको व्यवस्थासमेतलाई ध्यानमा राखी जि.वि.स. कञ्चनपुरले महेन्द्रनगर नगरपालिका वडा नं.९ को मटैनादेखि तारापुर डाँडासम्म मोटरबाटोको निर्माण गरिसकेको छ । तारापुरदेखि झिलमिला तालसम्म करीव एक किलोमिटर पैदल वाटो हिंडेपछि तालसम्म पुग्न सकिन्छ । यो तालको पर्यटकीय विकासको लागि थप प्रचार-प्रसारको खाँचो टड्कारो रूपमा देखा परेको छ ।

झिलमिला ताल बाहेक कञ्चनपुर जिल्लामा आकर्षक एवं सुन्दर तालहरू मनि रहेका छन् जसलाई सरकारी स्तरवाट संरक्षण गरी पर्यटनको विकासतर्फ उन्मुख गर्नुपर्ने आवश्यकता यहाँ अनुभव गरिएको छ । कञ्चनपुर जिल्लाको दैजी गाउँ विकास समिति वडा नं. ६ मा चुरे शृङ्खलासँगै ८ सय मिटरको चौडाइ तथा ३६५ मिटर लम्वाइ भएको वेतकोट तालमा पानीको स्रोत तथा ससाना पहाडी खोल्साहरू आउने पानी जम्मा हुने गर्दछ । अहिले यो ताल पर्यटकीय दृष्टिकोणले अति महत्त्वपूर्ण मानिएकोले यसको संरक्षण गरी प्रचार-प्रसार गरिनुपर्ने आवश्यकता रहिआएको छ ।

यसै गरी कञ्चनपुर जिल्लाको वेल्डाँडी गाउँ विकास समितिअन्तर्गत रहेको कालीकिची ताल शाही शुक्लाफाँटा वन्य जन्तु आरक्षक्षेत्रभित्र अवस्थित छ । ५७६ हेक्टर क्षेत्रफल ओगटेको यो तालमा महाकाली नदीवाट निस्कने नहरको पानी जानाले भरिभराउ देखिन्छ । यो तालमा गोही, कछुवा लगायतका जलचर प्राणीहरू आमोद-प्रमोद गरिरहेको देख्न सकिन्छ । यसै कारण पनि दुर्लभ जलचर प्राणीहरू बसोबास गर्ने यस महत्त्वपूर्ण तालको विकास गरी संरक्षणको कार्यक्रम अगाडि बढाउनु पर्यावरणीय दृष्टिले समेत उपयुक्त छ ।

यसै गरी कञ्चनपुर जिल्लाको लक्ष्मीपुर, त्रिभुवन बस्ती र कालिका गाउँ विकास समितिलाई जोड्ने बन्दा ताल अहिले पुरिँदै गएर आफ्नो अस्तित्व गुमाउँदै छ । २७ बिगाहा क्षेत्रफलमा फैलिएको यो तालको संरक्षण भएमा कञ्चनपुरमा पर्यटन-उद्योगको प्रशस्त विकास हुने सम्भावना देखिन्छ । श्रीपुर गाउँ विकास समिति वडा नं. ६ मा पनि बन्दा ताल जस्तै ५ बिगाहा क्षेत्रफलमा फैलिएको बन्तरिया ताल अवस्थित छ । यस तालमा निरन्तर पानी रहिरहने हुँदा माछा-पालनको साथसाथै यसको संरक्षण र विकास गरी यसमा बोटिङको व्यवस्था गर्न सकेमा यसले विदेशी मुद्रा आर्जन गरी केही हदसम्म भए पनि बेरोजगारी हटाउनेछ ।

यसै गरी श्रीपुर गाउँ विकास समितिअन्तर्गत आरक्षक्षेत्रभित्र रहेको 'लामो ताल' को लम्बाइ ९ सय मिटर छ । यस तालको संरक्षण गरी यसको विकास गर्नु

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जरूरी देखिन्छ । यस्तै शाही शुक्लाफाँटा वन्य जन्तु आरक्षभित्रै पाँच विगाहा क्षेत्रफलमा रहेको रानीतालमा विभिन्न किसिमका दुर्लभ जीव-जन्तुहरू रहेका छन् । यी दुवै तालको विकास गर्न सके आरक्ष घुम्न आउने पर्यटकहरूले थप आनन्द लिने थिए ।

यस जिल्लामा रहेका ताल-तलैयाहरूलाई उद्धार गरी विकसित गर्दै लैजाने हो भने यहाँको पर्यटन-व्यवसायमा थप योगदान पुग्न गई विदेशी मुद्रा आर्जनका साथै वेरोजगारीको समस्या-समाधानमा केही सहयोग हुने विश्वास स्थानीय बुद्धिजीवीहरूले लिएका छन् । धार्मिक तथा ऐतिहासिक रूपमा प्रसिद्ध रहेका यस्ता पुरातात्त्विक महत्त्वका तालहरूको संरक्षण गरी यसको प्रचार-प्रसार गर्नुपर्ने टड्कारो खाँचो जनमानसमा अनुभव गरिएको छ ।

□

त्यही मान्छे धार्मिक हुन्छ, जसले अर्काको लागि त्याग गर्न सक्छ ।

–गौतम बुद्ध

※

सज्जनसँग गरिएको निष्फल याचना वरु राम्रो हो तर दुर्जनसँग गरिएको सफल याचना पनि नराम्रो हो ।

–महाकवि कालिदास

※

चरम सुख भोग्दा व्रह्मको क्षणिक दर्शन मिल्दछ भने परम दु:ख, मृत्युमा पनि त व्रह्मसित तल्लय हुन पाइन्छ, तसर्थ दु:खमा सुख र सुखमा दु:ख घोलिएको देखेर स्पष्टसित भन्न अनकनाए पनि म यसो भन्न प्रयत्न गरिरहेछु- दु:ख-सुख समान हुन् ।

–बालकृष्ण सम

※

प्रेम जीवनको वाटो हो र उत्सर्गको अन्तिम लक्ष्य, त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति ।

–भवानी भिक्षु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

सिद्धनाथ र बैजनाथ क्षेत्र

बलराम चटौत

पुष्पदत्तरचित शिवमहिम्न-स्तोत्रमा लेखिएको छ–

'असितगिरिसमंस्यात् कज्जलं सिन्धुपात्रे
सुरतरुवरशाखा लेखनी पत्रमुर्वी
लिखत यदिगृहीत्वा शारदा सर्वकालं
तदपितव गुणानामीशपारं नयाति

प्रस्तुत श्लोकमा भनेझैं भगवान् शिवको पार कसले पाउने ? वहाँ अनन्त हुनुहुन्छ । त्यस्तै सिद्धनाथ बाबाको महिमा पनि अनन्त नै छ । सिद्धनाथ मन्दिरको स्थापना हुनुका विषयमा कसैले भन्छन् कुनै सिद्ध महात्मा (महापुरुष)ले तपस्याद्वारा देवी भगवती जगज्जननी श्री पूर्णागिरीलाई प्रसन्न गर्न महाकालीपारि पर्ने भारतीय भूमिमा स्थित माता पूर्णगिरीको स्थानको ठीक अगाडि वारिपट्टि नेपालकै पवित्र भूमि चुरे पहाड 'कौवानी' भन्ने डाँडाको टुप्पामा जहाँ सिद्धनाथ बाबाको गुफा छ त्यस मुख्य स्थानमा तपस्या गरेका तिनै सिद्धनाथ बाबाको नाममा मन्दिर स्थापना भएको हो । बाबा सिद्धनाथले तपस्या गरेको सोही दुवै डाँडा (पूर्णगिरी र कौवानी)को बीचमा अगाध जल-राशि भएकी महाकालीले पनि तीन-चार माइलको क्षेत्रमा आफ्नो वेग मन्द गरी तपस्याकालमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी बगिरहेकी जोसुकैले पनि आश्चर्यपूर्वक अद्यापि हेरे-देखेकै छन् । यसरी प्रकृतिले पनि साथ दिएको र अति कठोर तपस्याबाट प्रभावित भई जगज्जननी माता पूर्णगिरीले ती सिद्ध महात्मा (महापुरुष)लाई,'मेरो दर्शन गर्नेले तिम्रो पनि दर्शन गर्नु अनिवार्य हुनेछ । मेरो दर्शनपछि तिम्रो दर्शन गरेमा मात्र पुण्यप्राप्ति हुनेछ, अन्यथा त्यो तीर्थयात्रा निष्फल र अधूरो मानिनेछ,' भन्ने वरदान दिनुभएकाले यस स्थानमा उक्त महात्मा सिद्ध पुरुषको मन्दिर स्थापना भएको हो भन्ने यस क्षेत्रका पुजारीहरूबाट सुन्न पाइन्छ । यो किंवदन्ती बाहेक श्री दुर्गा सप्तशतीको प्रथम देव्याकवचको अन्त्यमा देवीबाट यस प्रकार आज्ञा भएको पनि पाइन्छ–

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्राप्नोति पुरुषो नित्यं महामाया प्रसादतः
लभते परमं रूपं शिवेन सह मोदते ॥

यही धार्मिक मान्यताअनुसार प्रतिवर्ष नेपाल एवं भारतका टाढा-टाढाबाट हजारौँ-लाखौका सङ्ख्यामा श्रद्धालु दर्शनार्थीहरू माता पूर्णागिरीको दर्शनपछि तीर्थयात्राको पूर्णताका लागि महेन्दनगर नेपालस्थित सिद्धबाबा मन्दिरको दर्शन गर्न आउने गर्दछन् । यो क्रम बढ्दो छ । यद्यपि तीर्थालुहरूका लागि नेपालतिर धर्मशाला, सुलभ शौचालय आदि सुविधाको कमी छ तापनि ईश्वरीय भक्ति र आध्यात्मिक चिन्तनका अगाडि भौतिक सुख-सुविधाको वास्ता नगरी प्रतिवर्ष तीर्थालु भक्तजनहरूको सङ्ख्या बढेकै पाइन्छ र तिनले सिद्धनाथको मन्दिरमा छत्र-चमर, ध्वजा-त्रिशूल एवं आभूषण र दक्षिणा आदि सामग्री ठूलो मात्रामा चढाउनुले सिद्धबाबाले दर्शनार्थीलाई उसको अभीष्ट फल प्रदान गरेकै छन् भन्ने अनुमान गरिन्छ ।

परापूर्वकालदेखि नै यो भूमिले श्री सिद्धनाथ-बैजनाथ देवताका महिमाका कारण प्रसिद्धि पाएको छ । यहाँ कुनै पनि शुभ कार्य गर्दा यी देवताको ध्यान-स्मरण-मात्रले पनि कार्यसिद्धि हुने अखण्ड विश्वास रहिआएको पाइन्छ । परापूर्व कालदेखि नै श्री सिद्धबाबाको पूजापाठ उप्रेती ब्राह्मणहरूले र यसै क्षेत्रका अर्का प्रसिद्ध देवता श्री बैजनाथको पूजापाठ चटौत थरका ब्राह्मणहरूले गर्दै आएको परम्परा स्थापित छ ।

कञ्चनपुर जिल्लाको महाकाली नदीपूर्व, स्याली नदीदेखि पश्चिम झिलमिला इमलियादेखि उत्तर यति सीमाभित्र पर्ने मधेश थलोको चुरे पहाडको काखमा अवस्थित मनोरम झिलमिला ताल र त्यसदेखि दक्षिणका भूभाग सिद्धनाथ र बैजनाथको भूमि भनी प्रसिद्ध छ । यस भूखण्डभित्र अनेक देवी-देवताका अति प्राचीन मन्दिरहरू छन् जसमध्ये हालसालै वनदेवी-बैजनाथको धेरै प्राचीन स्थानको पत्तो लागेको छ । यो स्थान महेन्द्रनगर नगरपालिका क्षेत्रमा स्थित सिद्धबाबाको स्थानदेखि उत्तरमा पर्दछ । सो स्थानमा जान सिद्धनाथ मन्दिरदेखि केवल ५-७ मिनेट लाग्दछ । यहाँ बैजनाथ बाबाको धेरै पुरानो स्थापना रहेको स्थल पाइएको छ । यो स्थल एउटा विशाल रूखको फेदीमा छ र यहाँ सयौं वर्ष पुराना सयौं त्रिशूल, घण्ट, ध्वजा, छत्रहरू चढाइएको फेला पारिएको छ । लोककथनअनुसार यो वृक्षवरिपरि दुई वटा नाग-नागिनीको कहिलेकाहिँ दर्शन पाइन्छ । भक्तहरूको भनाइअनुसार राति तीन-चार बजेतिर कहिलेकाहिँ बत्ती बलेको देखिन्छ । हेर्न जाँदा प्रायः लुप्त भइजान्छ । यसबाट सो बत्ती नागदेवताको मणिद्वारा प्रकाशित हुने र मानिस आएको चाल पाई अदृश्य हुने गर्दछ भन्ने लोकको अनुमान छ ।

यस स्थानको सुरक्षा एवं विकास गर्नका लागि महेन्द्रनगर नगरविकास समितिले ५कट्ठा जमीन निशुल्क उपलब्ध गराएको छ । यो ५ कट्ठा जमीनभित्र आफै उम्रेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding

वेल वृक्षहरू वाहेक अरू कुनै वृक्ष उम्रेका छैनन् । हाल स्थानीय भक्तजनहरूले एक-दुई वटा रुद्राक्षका वोटहरू रोपेका छन् ।

यस्तै अर्को प्राचीन मन्दिर भन्न सकिने महेन्द्रनगर बजारको दक्षिण दिशातर्फ सिंहपुरमा यस क्षेत्रका राजा सिंहपाल नागीमल्लको समयमा बनेको तलाउभित्र वामनीदेवी भगवतीको मन्दिर छ । सो मन्दिरको दुर्लभ दर्शन वैशाख-जेष्ठको सुख्खा याममा तलाउको पानी घटेको अवसर पारी हुने गर्दछ । सिंहपुरको नाउँवाट सिंहपुर र निजको छोरा कञ्चनपालको नाउँवाट कञ्चनपुर जिल्लाको नाउँ रहेको कुरा यस क्षेत्रमा प्रचलित छ । हाल ती दुवै ठाउँ शाही शुक्लाफाँटा आरक्ष-क्षेत्रभित्र पर्दछन् ।

यसै गरी उत्तर दिशातर्फ चुरे पहाडमा जहाँ सिद्धवावाको तपस्या-स्थल छ त्यहाँ विशाल र विचित्रको एउटा तलाउ पनि छ, जसलाई झिलमिला ताल भन्दछन् । त्यो तालमा वार्है महिना एकनासले अगाध जल-भण्डार रहन्छ । त्यस तालको विचित्र भन्न मिल्ने अर्को कुरा के छ भने, तालको छेउछाउवाट हावाले उडाएर तालमा खस्न आएका पात-पतिङ्गरलाई तालवरिपरि वस्ने चराहरूले चुच्चोमा च्यापी तलाउबाहिर फालिदिने गर्दछन् र तलाउको स्वच्छता कायम राखेका हुन्छन् । त्यो विशाल तलाउको रङ्ग पनि तीन प्रहर तीन प्रकारका छटा छोड्ने हुँदा सदा झिलमिलाकार देखिने गर्दछ । यसै स्वभावका आधारमा यस तालको नाउँ झिलमिला ताल रहन गएको हो भन्ने लोक-धारणा छ । यसै प्रकार यस जिल्लाको पूर्वोत्तरमा वेदकोट ताल छ । यसको पनि ठूलो महिमा छ । यस जिल्लाको चुरेको मलास डाँडा-क्षेत्रमा तालहरू प्रशस्त छन् । यसैले यो सिद्धनाथ-वैजनाथको तपोभूमि मानिन्छ । यसै क्षेत्रमा वि.सं. २०४८ मा भगवान् लक्ष्मीनारायणको शेषशय्याशायी मूर्ति प्राप्त भएपछि जनसहयोगबाट विष्णु मन्दिरको स्थापना गरिएको र गत वर्ष सोही ठाउँमा योगी श्री नरहरिनाथ वावाद्वारा कोटिहोम लगाई साकेतधाम घोषित भएको छ ।

यस बाहेक यहाँ महाकाली मन्दिर, श्री घटालयान, सरस्वती मन्दिर, राधाकृष्ण-मुक्तिनारायण मन्दिर, श्री राम-जानकी मन्दिर एवं विभिन्न ठाउँमा शिवालय देवालयहरू पाइन्छन । कञ्चनपुरको छिमेकी पहाडी जिल्ला डडेल्धुरा, बैतडी, दार्चुलामा श्रीभागेश्वर, घण्टेश्वर, डागेश्वर, रौलेश्वर, उदयदेव, कमल-केदार, पासा, कैलपाल, नीलपाल भूमिराज देवता तथा उग्रतारा, शैलेश्वरी, भुवनेश्वरी, डागेश्वरी, निंगलासैनी भगवती आदि हज्जारौं देवी-देवतालाई यस क्षेत्रका मानिसहरू इष्टदेव-कुलदेवका रूपमा भाव-भावित भएर पुज्दछन् । देवी-देवताको वन्दना आजापूजा गरि राख्नु हाम्रो सनातन हिन्दूधर्मानुकूल आचरण मानिन्छ ।

देवान्भावयतानेन ते देवा भावयन्तु वः
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥ (गीता अ.३, श्लोक ११), अस्तु ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

0. In Public Domain. Digitization by eGangotri.Funding: M

लेखक-परिचय

डा. देवीप्रसाद ओझा

जन्ममिति : १९९६ श्रावण १० । शिक्षा : विद्यावारिधि (राजनीतिशास्त्र), व्यवसाय : स्वतन्त्र पत्रकार, पद : सदस्य, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान प्रज्ञा-सभा । कृति : कोतपर्व (खण्डकाव्य), समसामयिक चिन्तन, डोटी क्षेत्रको इतिहास तथा संस्कृति, अमर शहीद दशरथ चन्दको संक्षिप्त जीवनी, कैलाश मानसरोवरको तीर्थयात्रा । ठेगाना : महेन्द्रनगर नगरपालिका-६, ऐँठपुर, कञ्चनपुर, म.अ., फोन : ०९९-२१३०२ ।

भाउपन्थी

जन्ममिति : २००१ जेष्ठ १४ गते । शिक्षा : स्नातक, व्यवसाय : स्वतन्त्र लेखन, पद : सदस्य, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, प्रज्ञा-सभा, कृति : पलाँस, उब्रेको मान्छे, आदिपुरुष (उपन्यास), एउटा आकारको बारेमा, सम्बन्ध, सत्ताच्युत र अरू कथाहरू, अद्यापि र अरू कथाहरू (कथासङ्ग्रह), चोर ! चोर !!(व्यङ्ग्य-सङ्ग्रह) आदि, ठेगाना : महेन्द्रनगर नगरपालिका-१८, कटान, कञ्चनपुर (म.अ), फोन : ०९९-२१४८१ ।

श्रीधर पन्त

जन्ममिति : २ जून सन् १९४३ । शिक्षा : साहित्याचार्य, एम्.ए.(संस्कृत), व्यवसाय : प्राध्यापन, पद : प्राध्यापक एवं विभागाध्यक्ष, शारदा विद्यापीठ, महेन्द्रनगर, कृति : विभिन्न पत्रपत्रिकामा लेख-रचनाहरूको फुटकर प्रकाशन, ठेगाना : देवल दिव्यपुर गा.वि.स. डडेल्धुरा (म.अ.), फोन : ०९९-२३०९४

रुद्र गुरुङ

जन्ममिति : २०१२ भदौ ६ गते । शिक्षा : आई.ए., व्यवसाय : जनस्वास्थ्य कार्यालय कन्चनपुरमा कार्यरत, कृति : विभिन्न पत्रपत्रिकामा लेख-रचनाहरूको फुटकर प्रकाशन, ठेगाना : महेन्द्रनगर नगरपालिका-३, भाँसी (म.अ), फोन : ०९९-२१३९७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: M

श्यामसुन्दर ढकाल

जन्ममिति : २०२८ असार २५ गते । शिक्षा : एम्.ए.(नेपाली), व्यवसाय : प्राध्यापन, पद ; उप-प्राध्यापक, शारदा विद्यापीठ, महेन्द्रनगर, कृति : विभिन्न पत्रपत्रिकाको सम्पादन एवं लेख, कविता, लघुकथा आदिको फुटकर प्रकाशन । ठेगाना : महेन्द्रनगर नगरपालिका-६ ऐँठपुर, कन्चनपुर (म.अ), फोन : ०९९-२२३१६ र ०९९-२१४१४ ।

बद्रीप्रसाद शर्मा 'विनाडी'

जन्ममिति : २०१५ माघ । शिक्षा : एम्.ए. (नेपाली), व्यवसाय : प्राध्यापन, पद : उप-प्राध्यापक, सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर, कृति : डोटेली भाषिकाको शब्दकोश र विभिन्न पत्रपत्रिकाको सम्पादन एवं लेख, कविता, लघुकथा, आदिको फुटकर प्रकाशन, ठेगाना : सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर, कञ्चनपुर (म.अं), फोन : ०९९-२१२२० ।

मोतीराम पनेरू

जन्ममिति : २०१५ चैत्र १ गते । शिक्षा : व्याकरणाचार्य, एम्.ए.(नेपाली), व्यवसाय : प्राध्यापन, पद : उप-प्राध्यापक, शारदा विद्यापीठ, महेन्द्रनगर, कृति : विभिन्न पत्रपत्रिकामा फुटकर लेख-रचना प्रकाशित, ठेगाना : श्रीकैलपालमाडौँ गा.वि.स.-५, जैसेरा, डडेल्धुरा, फोन : ०९९-२१०६१ ।

नारा जोशी

जन्ममिति : २०१३ जेठ २ गते । शिक्षा : स्नातक, व्यवसाय : अध्यापन, पद : शिक्षिका, बैजनाथ उ.मा.वि. महेन्द्रनगर, कृति : विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचनाको प्रकाशन, ठेगाना : महेन्द्रनगर नगरपालिका-१८, कञ्चनपुर (म.अ.), फोन : ०९९-२१४७० ।

वीरेन्द्र कर्ण

जन्ममिति : २०२७ भाद्र । शिक्षा : एम्.ए.(मैथिली), व्यवसाय : पत्रकारिता, पद : कार्यालय-प्रमुख, रा. स. स. महाकाली अञ्चल, महेन्द्रनगर, कृति : विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचनाको प्रकाशन, ठेगाना : कञ्चनपुर गाउँ विकास समिति, वडा नं. ७, जिल्ला सप्तरी, फोन : ०९९-२१२२८ ।

बलराम चटौत

जन्ममिति : २००२ चैत्र १२ गते । शिक्षा : पूर्व-मध्यमा । व्यवसाय : व्यापार, कृति : विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचनाको प्रकाशन, ठेगाना : महेन्द्रनगर नगरपालिका-४, कञ्चनपुर(म.अं), फोन : ०९९-२१६३७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: ...

सुदूरपश्चिमाञ्चल शास्त्रानुसन्धान-परिषद्परिवार

अध्यक्ष : श्री पद्मप्रसाद भट्टराई
सदस्य : डा. देवीप्रसाद ओभा
सदस्य : श्री भाउपन्थी
सदस्य : श्री कविराज देवराजाचार्य
सदस्य : श्री श्रीधर पन्त
सदस्य : श्री मोतीराम पनेरू
सदस्य : श्री मुरारी सिंह
सदस्य : श्री श्यामसुन्दर ढकाल
सदस्य : श्रीमती नारा जोशी
सदस्य : श्री बलराम चटौत
सदस्य : श्री रुद्र गुरुङ

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding:
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding:



Nepal Sanskrit University, Balmeeki Campus, Kathmand